# इलाम नगरपालिका

# स्थानीय जलवायु अनुकूलन कार्य योजना

(आ.व. २०८१/८२ - आ.व. २०८५/८६)

**आर्थिक सहयोग**

**सहजीकरण**

इलाम नगरपालिका

प्रकृति रिसोर्सेज सेन्टर

सहयात्रा नेपाल

# इलाम नगरपालिका
# स्थानीय जलवायु अनुकूलन कार्य योजना
## (आ.व. २०८१/८२ - आ.व. २०८५/८६)

२०८१

**आर्थिक सहयोग**

इलाम नगरपालिका

प्रकृति रिसोर्सेज सेन्टर

Prakriti Resources Centre

**सहजीकरण**

सहयात्रा नेपाल

# नगरपालिकाको तर्फबाट सन्देश (नगर प्रमुख)

समुन्नत इलाम,सम्पन्न इलामेली
**इलाम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

भानुपथ,इलाम
कोशी प्रदेश, नेपाल

प.सं.२०८०/०८१(सामान्य प्रशासन)
च.नं.

मिति: २०८१/०३/१८

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय इलाम जिल्ला, कोशी प्रदेश, नेपाल २०७३

जैविक विविधताको धनी, विविध भौगोलिक बनावट भएको नेपाल जलवायु परिवर्तनको प्रभावले निम्त्याउने जोखिमको संवेदनशील अवस्थामा रहेको छ । नेपालले आफ्नो विशिष्ट भौगोलिक अवस्था, सामाजिक आर्थिक अवस्था र प्राकृतिक स्रोतहरूमा निर्भरताका कारण असंख्य चुनौतीहरूको सामना गरिरहेको छ। जलवायु परिवर्तनको प्रभाव बाट इलाम नगरपालिकापनि प्रभावित रहेको छ । १२ वटा वडा रहेको यस नगरपालिकाका धेरै क्षेत्र ग्रामिण भूभाग रहेको र कृषि मा आश्रित जनसंख्या बढी भएको हुँदा जलवायु परिवर्तनको कारण विभिन्न जोखिमहरुको सामना गर्नु परिरहेको अवस्था छ । पारिस्थितिक प्रणालीको गतिशीलतामा आएको परिवर्तनले प्रकृतिको सन्तुलन बिगारिरहेको छ । बदलिँदो तापक्रम र आर्द्रताको कारण कीरा र रोगहरूको लागि अनुकूल परिस्थितिहरू सिर्जना हुने भएकोले कृषि उत्पादन र खाद्य सुरक्षालाई थप खतरामा पारेको छ। पानीका स्रोतहरु सुक्दै जाँदा पानीको चरम अभावको अवस्था सृजना नहोला भन्न सकिन्न । प्रकृतिमा मात्र नभएर मानव स्वास्थ्यमा पनि भेक्टरजन्य रोगहरुले गर्दा चुनौती थपिइरहेको छ जसका कारण सामाजिक आर्थिक प्रभाव र अस्थीरता बढ्ने खतरा उत्तिकै रहेको छ ।

यिनै सवालहरुलाई ध्यानमा राख्दै इलाम नगरपालिकाको ११औं नगरसभाले स्थानीय जलवायु अनुकूलन योजना बनाउने नीति पारित गरेको थियो । आर्थिक वर्ष २०७९।०८०मा प्रकृति रिसोर्सेस सेन्टर, नेपाल र सहयात्रा नेपालले इलाम नगरपालिकाको जलवायुजन्य जोखिम विश्लेषण कार्य सम्पन्न गरेको र सो जोखिम विश्लेषणको आधारमा यस आर्थिक वर्षको वार्षिक कार्यक्रम अन्तर्गत प्रकृति रिसोर्सेस सेन्टर, नेपाल र सहयात्रा नेपालसँगको सहकार्यमा जलवायु अनुकूलन योजना तयार भएको छ । यस योजनाले वातावरण संरक्षणका नीतिहरु, आर्थिक, प्रशासनिक, सामाजिक, सार्वजनिक सहभागिता लगायत थुप्रै विषयवस्तुहरुमा रणनीतिक सिफारिस गरेको छ ।

जलवायु परिवर्तनका असरहरुसँग अनुकूलित हुँदै दिगो र समावेशी विकास हासिल गर्न शासन, पूर्वाधार, आर्थिक विकास, वातावरण संरक्षण र जनसहभागिताको अन्तरसम्बन्धलाई यो योजनाले जोड दिएको छ । यो योजना तर्जुमाका लागि वडा तथा नगरस्तरीय भेला गरी समुदायको अवस्था तथा तथ्यांक अध्यावधिक गर्ने र लेखन कार्यमा खटिनुहुने प्रकृति रिसोर्सेस सेन्टर, नेपाल र सहयात्रा नेपाल, विज्ञ टोली र इलाम नगरपालिकाको तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गर्ने वातावरण तथा विपद व्यवस्थापन शाखालाई हार्दिक धन्यवाद दिन चाहन्छु । सबै वडाका जनप्रतिनिधिहरु, सरोकारवाला समुदाय तथा निकायहरु, विषयगत समितिहरु सबैलाई सक्रिय सहभागिताका लागि धन्यवाद ज्ञापन गर्न चाहन्छु ।
अन्त्यमा यहाँहरु सबैको साथ र सहयोगले इलाम नगरपालिकाको जलवायु अनुकूलन योजना कार्यान्वयनमा सहज हुने अपेक्षा गर्दछु ।

धन्यवाद।
२०८१ असार

केदार थापा
नगर प्रमुख

# नगरपालिकाको तर्फबाट सन्देश (प्रमुख प्रशासकीय अधिकृत)

समुन्नत इलाम,सम्पन्न इलामेली
**इलाम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

भानुपथ,इलाम
कोशी प्रदेश, नेपाल
मिति: २०८१/०३/१८

प.सं.२०८०/०८१(सामान्य प्रशासन)
च.नं.

जलवायु परिवर्तनको असरबाट समग्र नेपाल नै प्रभावित भइरहेको परिवेशमा यसबाट इलाम नगरपालिका पनि अछुतो छैन । पहिरो, बाढी, खडेरी, अनियमित वर्षा, असिना, हावाहुरी, बालीमा रोगकिराको आक्रमण जस्ता प्रकोपहरु यहाँका बासिन्दाहरुले भोगिरहेका छन् । बहुप्रकोप जन्य जोखिमका कारण सिमान्तकृत तथा विपन्न वर्गहरुको जीविकोपर्जनमा प्रत्यक्ष असर पारिरहेको अवस्था छ । जलवायु परिवर्तन र विपदका यिनै विविध समस्याहरु न्यूनीकरण गर्ने उद्देश्यले इलाम नगरपालिकाले नीतिगत निर्णय कार्यान्वयन गर्ने क्रममा जलवायु उत्थानशील नगरको परिकल्पना सहित जलवायु अनुकूलन योजना तयार गरेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय जलवायु अनुकूलन कार्यक्रम २०६७, जलवायु परिवर्तन नीति२०७६, स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०७६, जलवायु परिवर्तन सम्बन्धी अन्तरराष्ट्रिय सन्धी तथा सम्झौताहरु समेतलाई आधार मानेर स्थानीय सरोकारवालाहरु र समुदायहरुसँग प्रत्यक्ष छलफल तथा अन्तरक्रिया एवम् विज्ञहरुको परामर्श तथा अनुसन्धानात्मक तथ्यांक समावेश गरी यो योजना तर्जुमा गरिएको छ ।

जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न नगरपालिकाका आवधिक तथा वार्षिक योजनाहरुमा जलवायु अनुकूलनका रणनीति र योजनाहरुलाई एकीकृत गर्न, समुदायको संलग्नतालाई सुनिश्चित गर्न, जैविक विविधता र प्राकृतिक स्रोतहरूको संरक्षण गर्न, खाद्य सुरक्षा अभिवृद्धिका लागि दिगो कृषि अभ्यासलाई बढावा दिन, विपद् जोखिम न्यूनीकरणलाई नगरपालिका योजना र विकासका सबै पक्षहरूमा एकीकृत गरिएको सुनिश्चित गर्न यस योजनाको महत्वपूर्ण भूमिका रहन्छ । योजनामा समावेश भएका कार्यक्रमहरु प्राथमिकताको आधारमा हरेक आर्थिक वर्षका वार्षिक बजेट तथा कार्यक्रमहरुमा समावेश गर्दै लैजानु नगरपालिका तथा वडाहरुको अनिवार्य दायित्व हो । यस योजनामा समावेश भएका क्रियाकलापहरु कार्यान्वयन गर्न इलाम नगरपालिका तत्पर रहेको छ । जलवायु परिवर्तनको प्रभावसँग जुध्न, दिगो विकास सुनिश्चित गर्न र स्थानीय समुदायको उत्थानशीलता बढाउन यो योजना अत्यन्त महत्वपूर्ण रहेको छ ।

योजना निर्माणका क्रममा अहोरात्र खट्नुहुने प्रकृति रिसोर्सेस सेन्टर, नेपाल , सहयात्रा नेपाल, विज्ञ टोली र इलाम नगरपालिकाका वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख प्रति हार्दिक आभार प्रकट गर्दछु । योजना निर्माणका क्रममा सक्रिय सहभागिता जनाउनुहुने इलाम नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, वडाध्यक्षहरु लगायत सम्पूर्ण जनप्रतिनिधिहरु, सरोकारवालाहरु र समुदायहरुलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । यो योजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवाला तथा सम्बन्धित निकायहरुसँगको सहकार्य र समन्वय महत्वपूर्ण हुने भएकाले यहाँहरुको निरन्तर सहयोग र सहकार्यको समेत अपेक्षा राख्दछु ।

धन्यवाद
२०८१ असार

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

# सारसंक्षेप

इलाम नगरपालिका देशका पुराना नगरपालिका मध्ये एक हो। इलाम नगरपालिका १७३.३२ वर्ग कि.मि. क्षेत्रमा फैलिएको छ। यस नगरपालिकाको पूर्वी सिमाना माईजोगमाई गाउँपालिका तथा सूर्योदय नगरपालिका सँग जोडिन पुगेको छ भने उत्तरमा सन्दकपुर गाउँपालिका र पाँचथर जिल्ला, पश्चिममा देउमाई नगरपाकिला र दक्षिणमा माई र सूर्योदय नगरपालिका पर्दछन् । दुई सय बर्षदेखि जिल्ला सदरमुकाम रहेको इलाम नगरपालिकाले जिल्लासंग नाम मिल्नाले अन्यत्रका मानिसका लागि जिल्लाकै प्रतिनिधित्व गर्दै आएको छ। भौगोलिक विविधता, जातय तथा सामाजिक सद्भाव कायम रहेको यस नगरपालिकामा ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरु उल्लेख्य रुपमा छन् । जिल्लाको शिक्षा, स्वाथ्य, खेलकूद, उद्योग, व्यापार वाणिज्य, पर्यटन समेतको केन्द्रको रुपमा रहेको यस नगरपालिकाको कूल जनसंख्या ५०,०८५ रहेको छ । यो नगरपालिकाको जनघनत्व २८० प्रति वर्ग कि.मि. छ। जिल्लाका ठूला खोलाहरु माई, जोगमाई, पुवामाईका वेसीँहरु पर्ने भएकाले अन्नवाली उत्पादनका अब्बल क्षेत्रहरु यस नगरपालिकामा पर्दछन् । राइ, लिम्बु, ब्राह्मण, क्षेत्री, तामाङ, मगर, नेवार आदि जातिहरुको बसोवास रहेको छ। अनाथालय, बृद्धाआश्रम, फरक क्षमता भएका बालबालिकाका लागि विद्यालय, प्राविधिक शिक्षालय आदिले यो नगरपालिकाको विशिष्टलाई चिनाउने कार्य गरेको छ।

नेपालको कोशी प्रदेश, इलाम जिल्ला, पहाडी भेगमा स्थापित इलाम नगरपालिका बि.सं. १८७५ मा सदरमुकाम तथा गौडा हुँदै बि.सं. २०१५ नगरपालिका, बि.सं. २०१९ नगर पंचायत र वि.सं. २०४७ मा पुनः नगरपालिका भएको हो । इलाम नगरपालिकाको वडा विभाजन १ देखि १२ सम्म छ । इलाम नगरपालिका एउटा पर्यटकीय नगरको रूपमा विकसित भएर गइरहेको नगर हो। यस क्षेत्रमा पर्यटकीय पूर्वाधारका लागि विमानस्थल, जैविक विविधताले युक्त विभिन्न पर्यटकीय स्थल, सभागृह र शैक्षिक संस्थाहरूको व्यवस्थापन कार्य भइरहेको छ। इलाम नगरपालिका समग्ररुपमा एउटा गौरवशाली इतिहास बोकेको सुन्दर नगरपालिका मात्र नभएर भौगोलिक तथा वातावरणीय रुपमा विविधता र संभावना भएको क्षेत्र समेत हो । यहाँको प्राकृतिक स्रोतहरुलाई वातावरणमैत्री तरिकाले परिचालन गर्न सकेमा राम्रो अर्थ आर्जन र दिगो तथा वातावरणमैत्री विकास हासिल गर्न सकिन्छ।

## इलाम नगरपालिकामा जलवायुको परिवर्तनका असर तथा प्रभावहरु

### जलवायु संवेदनशिलता

- ✓ पहिरो, भलबाढी र खडेरी जस्ता जलवायुजन्य प्रकोपबाट जनधनको क्षति, र कृषि उत्पादनमा कमी आएको
- ✓ कृषिबाली, पशुपंक्षी तथा जैविक विविधता प्रभावित भई अन्ततोगत्वा मानव समुदायको बहुपक्षीय जोखिम बढेर गएको
- ✓ नयाँ मिचाहा प्रजातिहरु देखिएको, स्थानीय रैथाने गैर काष्ठ वनपैदावर उत्पादन घटेको
- ✓ खानेपानीको उपलब्धतामा कमि आउनुका साथै पानी मुहानहरु सुकेको

### जलवायु सम्मुखता

- ✓ लेकाली क्षेत्रमा गुराँसको फूल एक महिना अगाडि नै फूल्न थालेको
- ✓ हिउँदे वर्षा पुर्णतया बन्द भएको
- ✓ मनसुन समाप्त भएपछिको बेमौसमी बाढी तथा पहिरोको प्रकोपहरु बढेको

- ✓ पहाडि क्षेत्रमा धान लगाउने समयमा अगाडि र बेंशी क्षेत्रमा पछाडि गएको साथै दुवै क्षेत्रमा समय यकिन गर्न गाह्रो भएको
- ✓ पानीका मूलहरु फुट्ने समय लम्बिएको र धेरै मुलहरु समेत सक्रिय हुन नसकेको
- ✓ मनसुनी वर्षाको सुरुवात र अन्त्यमा अनियमितता देखिन थालेको, सामान्य भन्दा छिटो सुरु हुने र ढिलो अन्त्य हुने क्रम बढेको
- ✓ जाडो यामको अवधि घटेको
- ✓ पहिले तुषारो पर्ने स्थानहरुमा तुषारो पर्न छाडेको
- ✓ कुहिरोको घनापन घटेको तर अवधि बढेर गएको
- ✓ वनको पारिस्थितिक प्रणालीमा परिवर्तन देखिएको र बालीनालीमा वन्यजन्तुको प्रकोप बढेको

## प्रकोप तथा संकटासन्नताको अवस्था

| मुख्य प्रकोप | संकटासन्न वर्ग | वडा संकटासन्नता स्तर विश्लेषण |
|---|---|---|
| क्रमशः पहिरो, भलबाढी, खडेरी, कृषिबालीको रोगकीरा, कृषिबालीमा वन्यजन्तुको प्रकोप, आगलागी, असिना, हावाहुरी, महामारी, चट्याङ्ग | बालबालिका, महिला, बृद्ध, आर्थिक विपन्न परिवार, अपांगता भएको समुह, दलित समुदाय, एकल महिला | अति उच्च संकटासन्न वडा नं ९, १०, १२ उच्च संकटासन्न वडा न १, २, ३, ४, ५ ८, ११ मध्यम संकटासन्न वडा नं ६, ७, |

### स्थानीय अनुकूलन कार्ययोजना समायोजन, मुलप्रवाहीकरण तथा अनुगमन तथा मुल्यांकन

स्थानीय अनुकूलन कार्ययोजनालाई नेपाल सरकारको स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियाका ७ चरणहरु अन्तर्गत वडास्तरीय योजना प्राथमिकीकरण बैठक, बजेट तथा कार्यक्रम तर्जुमा समिति, एकिकृत योजना तर्जुमा प्रणालीबाट नगर कार्यपालिकाको बैठक हुँदै नगर सभाको बैठकबाट अनुमोदन गरिनेछ । त्यसैगरी सम्बद्ध सरकारी तथा गैह्र सरकारी निकायहरुको वार्षिक तथा आवधिक योजनाहरुमा यस कार्ययोजना कार्यान्वयनको लागि समायोजन गरी मुलप्रवाहीकरण गरिनेछ । क्रियाकलाप छनौट, कार्यान्वयन प्रक्रिया, प्रगति, नतिजा तथा उपलब्धीहरुको विभिन्न तहमा समिक्षा तथा फिल्ड अनुगमन तथा मूल्यांकनको सुनिश्चितता गरिएको छ ।

## कार्ययोजना कार्यान्वयनको लागि अनुमानित बजेट

यस कार्ययोजनाको कार्यान्वयनबाट इलाम नगरपालिकाको सम्पूर्ण वडाको बासिन्दा खासगरी लक्षित विपन्न, महिला तथा दलित वर्गहरुको अनुकूलन क्षमता अभिवृद्धि गरी उक्त परिकल्पनाहरु पूरा गर्नको लागि जम्मा रु.४७,१०,००,०००.०० बराबरका वडास्तरीय विस्तृत स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।

| विषयगत क्षेत्र | आर्थिक बर्ष (बजेट रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | कुल जम्मा |
| जलस्रोत तथा उर्जा | ७९५०० | ४७३५० | ३७८०० | २६५५० | २०८५० | २१२०५० |
| वन तथा जैविक विविधता | ७१०० | ८७५० | ११६५० | ५९०० | १४०० | ३४८५० |
| कृषि तथा खाद्य सुरक्षा | ६५०० | ७२०० | १२२०० | १९३०० | ८३०० | ५३५०० |
| बसोबास र भौतिक पुर्वाधार | ८२०० | ९४०० | ६५९०० | ७३०० | ७३०० | ९८१०० |
| स्वास्थ्य र सरसफाई | २००० | २००० | २५०० | २५०० | २५०० | ११५०० |
| क्षमता विकास | १४५० | २२५० | १२०० | ९०० | १४०० | ७२०० |
| अन्य (आर्थिक, सामाजिक, विपद आदि) | ४५०० | ४७०० | ११९५० | १५४५० | १७२०० | ५३८०० |
| **जम्मा** | **१०९२५०** | **८१६५०** | **१४३२००** | **७७९००** | **५८९५०** | **४७१०००** |

## नगर स्तरका मुख्य अनुकूलनका क्रियाकलापहरु

- जलवायु मैत्री गाउँ, जलवायु मैत्री कृषि प्रविधि विकास र प्रसार, पानी मुहान संरक्षण, रिचार्ज पोखरी निर्माण, कृषक र वन्यजन्तु बीचको द्वन्द्ध निवारण, बालीको रोगकीरा व्यवस्थापन अभियान
- भूक्षय र पहिरो नियन्त्रण तथा नदी कटान नियन्त्रणको लागि नदी व्यवस्थापन तालिम, वृक्षारोपण, तथा जैविक आभियान्त्रिकी (बायोइन्जिनियरिङ), गरा सुधार, कृषि वन प्रवर्द्धन
- खडेरी, बढी वर्षा सहने तथा रोग किरा प्रतिरोधक बाली प्रजातिहरुको प्रवर्द्धन, बाली उपचार शिविर, माटो परिक्षण शिविर, दिगो माटो व्यवस्थापन, खोलाको पानी लिफ्टिङ सिंचाई
- वन व्यवस्थापन, जैविक विविधता संरक्षण, वृक्षारोपण तथा अग्नि नियन्त्रण तालिम तथा उपकरण प्रदान
- आकस्मिक प्रकोपमा उद्धार र राहत, पूर्व सूचना प्रणालीको स्थापना, आकस्मिक स्वास्थ्य सेवा
- फोहोरमैला व्यवस्थापन, ढल व्यवस्थापन,
- जीविकोपार्जन तथा महिला लक्षित सीप विकास, वैकल्पिक जिविकोपार्जन, पर्यटन विकास
- जलवायु कोष, जलवायु सचेतना केन्द्र स्थापना

# विषयसूची


नगरपालिकाको तर्फबाट सन्देश (नगर प्रमुख) क

नगरपालिकाको तर्फबाट सन्देश (प्रमुख प्रशासकीय अधिकृत) ख

सारसंक्षेप ग

**परिच्छेद १** १

**स्थानीय अनुकूलन कार्ययोजनाको औचित्य तथा मान्यता**

१.१ स्थानीय अनुकूलन योजनाको औचित्य र मान्यता १

१.२ स्थानीय अनूकुलन कार्य योजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरु २

१.२.१ स्थानीय अनुकूलन योजनाको लक्ष्य तथा मान्यता २

१.३ स्थानीय अनुकूलन कार्ययोजनाको लक्ष्य ३

१.४ स्थानीय अनुकूलन कार्ययोजनाको उद्देश्य ३

१.५ मान्यता ४

१.६ स्थानीय अनुकूलन योजना र विपद् जोखिम व्यवस्थापन/उत्थानशील योजना बीच अन्तरसम्बन्ध ४

**परिच्छेद २** ५

**इलाम नगरपालिकाको वस्तुस्थिति**

२.१ भौगोलिक अवस्था, राजनैतिक र प्रशासनिक संरचना ५

२.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा ६

२.३ जनसांख्यिक अवस्था ६

२.४ आर्थिक विकास अवस्था ६

२.५ सामाजिक विकासको अवस्था ६

२.६ पूर्वाधार तथा शहरी विकासको अवस्था ७

२.७ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ७

२.८ सुशासन तथा संस्थागत व्यवस्था ८

**परिच्छेद ३** १०

**अनूकुलन कार्ययोजनाको विधि र प्रक्रिया**

३.१ अनकूलन कार्ययोजनाको तर्जुमा तर्जुमाका चरणहरु १०

३.१.१ जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि १०

३.१.२ संकटासन्नता, जोखिम विश्लेषण तथा वस्तुगत विवरणको तयारी १०

३.१.३ जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिहरुको पहिचान ११

३.१.४ जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण ११

३.१.५ जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका रणनीतिहरूलाई स्थानीय तहको वार्षिक योजना बजेट तर्जुमा र अनुगमन तथा मूल्यांकन प्रक्रियामा मूलप्रवाहीकरण ११

३.१.६ घरधुरी, स्थानीय समुदाय र उपभोक्ता समूह स्तरमा अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यहरूको तर्जुमा र कार्यान्वयन ११

३.२ स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रकियामा लापा समायोजन ११

**परिच्छेद ४** १४

**इलाम नगरपालिकाको संकटासन्नता तथा जोखिम विश्लेषण**

४.१ इलाम नगरपालिकाको भू उपयोग १४

४.२ इलाम नगरपालिकाको जलवायुको अवस्था र प्रवृत्ति १६

४.३ संकटासन्नता तथा जोखिम विश्लेषणको आधारमा इलाम नगरपालिकाको अवस्था १७

४.४ जलवायुजन्य जोखिमको अवस्थाको विश्लेषण १७
४.४.१ प्रकोपको ऐतिहासिक समय रेखा १७
४.४.२ प्रकोप, मौसम र बाली पात्रो २७
४.४.३ जलवायु परिवर्तनले विषयगत क्षेत्रमा पारेको प्रभाव २८
४.४.४ प्रकोप स्तरीकरण ३४
४.५ प्रकोप तथा जोखिम विश्लेषण ३५
४.६ जोखिमको अवस्था तथा अनुकूलनका प्रयास विश्लेषण ३६
४.७ पारिस्थितिक प्रणालीको संकटासन्नता चित्रण तथा विश्लेषण ३८
४.७.१ वन पारिस्थितिक प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ३९
४.७.२ कृषि पारिस्थितिक प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ३९
४.७.३ जल (सिमसार, खोला, पोखरी, पानीमुहान) पारिस्थितिक प्रणालीमा परेको जोखिमहरुको विश्लेषणा ४०
४.७.४ पारिस्थितिक प्रणालीको तुलनात्मक रुपमा जोखिम विश्लेषण ३९
**परिच्छेद** ४२
**जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिहरुको पहिचान**
५.१ अनूकुलन तथा विपद् जोखिम व्यवस्थापन योजना ४२
५.२ अनूकुलन तथा विपद् जोखिम न्युनीकरणका कार्यहरूको प्राथमिकीकरण ४४
५.३ अनुकूलन कार्ययोजनाको सिमा ४६
५.४ जलवायु अनुकुलन रणनीतिहरु ४७
५.५ जलवायु अनुकुलनको लागि नगरस्तरीय कार्यक्रम ४९
५.६ वडागत जानकारी तथा जलवायु परिवर्तन प्रभाव ५१
५.७ वडाबाट सहभागितात्मक पद्दतिबाट तर्जुमा भएका वडास्तरीय जलवायु अनुकुलन कार्यक्रमहरु (वडागत रुपमा प्रस्तुत गरिएको) ५५
**परिच्छेद ६** ६५
**जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण**
६.१ आवधिक योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहीकरण ६६
६.२ स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा र अनुगमन तथा मूल्यांकन प्रक्रियामा मूलप्रवाहीकरण ६६
**परिच्छेद ७** ६८
**अनूगमन तथा मुल्याङ्कन योजना** ६८
**परिच्छेद ८** ६९
**अनुकूलन तथा विपद् जोखिम व्यवस्थापनका कार्यहरुको तर्जुमा र कार्यान्वयन**
अनुसूची १ : सहभागितात्मक प्रकोप तथा जोखिम नसांकन ७०
अनुसूची २ : प्रकोप पात्रो ७१
अनुसूची ३ : मौसम पात्रो ७२
अनुसूची ४ : बाली पात्रो ७३
अनुसुची ५ : वडाबाट सहभागितात्मक पद्दतिबाट तर्जुमा भएका वडास्तरीय जलवायु अनुकुलन कार्यक्रमहरु (क्षेत्रगत रुपमा नगरस्तरको लागि समायोजन गरिएको) ७४
अनुसूची ६ : फोटोहरु ८२
अनुसूची ७ : लापा तयारीको लागि आयोजित कार्यक्रमहरुमा सहभागिता ८७

परिच्छेद १

# स्थानीय अनुकूलन कार्ययोजनाको औचित्य तथा मान्यता

## १.१ स्थानीय अनुकूलन योजनाको औचित्य र मान्यता

जलवायु परिवर्तन र यसले श्रृजना गरेका प्रभावहरु विश्वव्यापी चुनौती बनेका छन् । जलवायु परिवर्तनको असर मानव जाति मात्र सिमित छैन, यसले कृषि, बन, पानी, उर्जा, भूउपयोग जस्ता क्षेत्रमा असर गरिरहेको छ। जलवायु परिवर्तनको मुख्य कारक तत्व रहेको हरित गृह ग्यास उत्सर्जनको ठुलो हिस्सा विकशित देशहरुले उत्सर्जन गर्ने भएपनि यसको असर तथा प्रभाव नेपाल जस्तो अल्प विकसित र विकासोन्मुख देशहरुमा बढी पर्ने गरेको छ। सन् १७५० मा वायुमण्डलमा २७८ पि पि एम रहेको कार्वन डाईआक्साईड सन २०२२ को अप्रिल महिनामा ४१८ पि पि एम पुगेको छ भने मिथेन, नाइट्रस अक्साइड जस्ता अन्य हरित गृह ग्यासहरुको मात्रामा समेत उल्लेखनीय वृद्धि भएको छ । त्यस्तै सन १८५० देखि १९०० र २००३ देखि २०१२ सम्म पृथ्विको ओषत तापक्रम ०.७८ डिग्री सेल्सियसले बढेको छ । जलवायु परिवर्तनको असर नेपालमा पनि तीव्र रुपमा देखिन थालेको छ। जलवायु परिवर्तनले नेपाल जस्ता हिमाली र भूपरिवेष्ठित राष्ट्रहरु अझ बढी जोखिममा रहेका छन् । कमजोर भौगोलिक वनावट, संवेदनशील पारिस्थितकीय प्रणालीहरु, धरातलीय विविधता, उचाइ र मोहडाहरू, विविध प्रकारको जलवायु तथा शुक्ष्म जलवायु क्षेत्रहरूका कारण नेपाल जलवायु परिवर्तनको असरप्रति अति संवेदनशील छ। बाढी, पहिरो, खडेरी जस्ता मौसम तथा जलवायुजन्य प्रकोपहरूमा तीव्रता आएको कारणबाट नेपालमा अत्यधिक मात्रामा धनजनको क्षति हुनुको साथै जिविकोपार्जनमा प्रतिकूल असर परेको देखिन्छ। जलवायु परिवर्तनको कारण कृषि तथा खाद्यान्न, जलस्रोत, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन, उर्जा, जल, सिंचाई, बसोवास तथा पूर्वाधार विकासका क्षेत्रहरूमा प्रतिकूल प्रभाव पर्न थालेको छ। सन २०१६ को जल तथा मौसम विज्ञान विभागको प्रतिवेदन अनुसार नेपालको प्रति वर्ष अधिकतम औषत तापक्रम ०.०५६ डिग्री सेल्सियसले बढेको छ भने न्युनतम तापक्रम ०.००२ बढेको छ। सोही प्रतिवेदन अनुसार सन १९७१ देखि २०१४ सम्ममा नेपालको औषत बर्षा १.३३ मि.मि घटेको देखिन्छ। जर्मनवाच द्वारा प्रकाशित 'ग्लोकल क्लाइमेट रिस्क इन्डेक्स-२०२१ को १६ औं संस्करणका अनुसार, सन् २०००-२०१९ को अवधीमा जलवायु परिवर्तनबाट प्रभावित प्रमुख देशहरुको सूचीमा नेपाल दशौं नम्बरमा परेको छ।

जलवायु परिवर्तनले गर्दा तापक्रममा वृद्धि हुने, वर्षामा परिवर्तन हुने र समग्र पृथ्वीको प्राकृतिक सन्तुलनमा फरक पर्न थालेको महशुस हुन थालेको छ । हिमालका हिँउ तिव्र रुपमा पग्लने (हिमगलन), हिमतालहरू फुट्ने, अनियमित तथा अधिक वर्षा हुने, समुन्द्री सतह बढ्ने, बाढी, पहिरोको जोखिम तथा आवृत्ति बढ्ने, खडेरी लम्बिने तथा कृषि उत्पादनमा ह्रास आउने जस्ता समस्याहरू विकाराल रुपमा देखिदैं आएका छन्। जिविकोपार्जनका लागि प्राकितक स्रोतहरु र वर्षे पानीमा अधिक निर्भर रहने हाम्रो देशमा यसको असर र पार्न सक्ने प्रभावहरु आउने दिनमा अझै बढोत्तर हुने देखिन्छ । विश्वका १९८ मलुक मध्ये नेपाल भू-कम्पीय जोखिमको हिसाबले ११ औं (यु.एन वि.सि.पि.आर २००४), पानीजन्य प्रकोपबाट हुने क्षतिका हिसाबले ३० औं (मानव विकास प्रतिवेदन २०० ९), बहुप्रकोपको हिसावले २० औं स्थानमा रहेको छ। जलवायु परिवर्तनका कारण जीविकोपार्जन, प्राकृतिक स्रोत, कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, ग्रामीण बसोवास तथा भौतिक पूर्वाधारमा धेरै नकारात्मक असर परेको विवरण राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) २०६७ ले जनाएको छ। जलवायु परिवर्तनका कारण सामाजिक, आर्थिक, पर्यावरणीय र विकासका संरचनाहरूमा नकारात्मक असर पुगिरहेको र यसको असरबाट गरिब, विपन्न, महिला, बालवालिका, वृद्धवृद्धाहरु, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रित समुदायहरु बढी प्रभावित भइरहेका छन्।

यसै सन्दर्भमा जलवायु परिवर्तनको कारणबाट श्रृजित समस्याहरुको सामना गर्न नेपाल सरकारले नीतिगत रुपमा राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) २०६७, जलवायु परिवर्तन नीति २०७६ र स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना (National Framework on LAPA) २०७६ तर्जुमा गर्नुका साथै स्थानीय अनुकूलन कार्ययोजनाहरु (LAPA) तयार गरी सफलतापूर्वक कार्यान्वयन गरिंदै आएका छन् । जलवायु

परिवर्तन अनुकूलन सम्बन्धी आवश्यकताहरू पहिचान तथा प्राथमिकीकरण गर्ने र सोही आधारमा मध्यकालीन (सन् २०३० सम्म) र दिर्घकालीन (सन् २०५० सम्म) समयका लागि बन तथा वातावरण मन्त्रालयको समन्वयमा राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan-NAP) तयार गरिएको छ । विगतका अनुभव, अन्तराष्ट्रिय सन्दर्भ र नेपालमा भएको राज्य पूर्नसंरचना अनुकूल हुने गरी नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६ र जलवायु नीति २०७६ जारी गरेको छ । स्थानीय स्तरमा विकास निर्माणको समग्र प्रक्रियामा जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नुपर्दछ भन्ने सैद्धान्तिक अवधारणामा आधारित रही परिमार्जित स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना (Revised LAPA Framework) २०७६ पारित भइ कार्यान्वयनको चरणमा रहेको छ । परिमार्जित खाकाले स्थानीय सरकार हरूलाई स्थानीय स्तरमा जलवायु परिवर्तनका असरहरु व्यवस्थापन गर्न र दीर्घकालिन जलवायुमैत्री विकासका योजनाहरु पहिचान तथा कार्यान्वयन गर्न सहयोग गर्नेछ । यसले स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरुबीच नियमित सहकार्य तथा सम्वाद मार्फत् स्थानीय क्रियाकलापहरूको कार्यान्वयनमा सहमति निर्माण गरी जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित अन्तरराष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन गर्न समेत मद्दत गर्नेछ ।

यसै सन्दर्भमा स्थानीय समुदायलाई जलवायु परिवर्तनले विभिन्न क्षेत्रमा पारेको असरहरुसंग सामना गर्न सक्ने क्षमताको अभिवृद्धि गर्न स्थानीय अनुकूलन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने उद्देश्यका साथ इलाम जिल्लाको इलाम नगरपालिकाको संकटासन्नता, सम्मुखता र अनुकूलन क्षमताको विश्लेषणको आधारमा जोखिम मुल्यांकन तयार पारिएको, संकटासन्न नक्शामा आधारित भई स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाले निर्दिष्ट गरेका विधि, प्रक्रिया र चरणहरुलाई अवलम्वन गरी बहुसरोकारवाला निकायहरु नगरपालिकाका जनप्रतिनिधि, विषयगत शाखा प्रमुख, स्थानीय गैरसरकारी संघसंस्थाहरुको प्रतिनिधि, जलवायु परिवर्तन क्षेत्रमा कार्यरत संघसंस्थाहरु, महिला तथा अन्य सरोकारवाला निकायहरुको सक्रिय सहभागितामा वडा स्तरवाट पहिचान भएको प्रकोप तथा अनुकूलनका प्रयासहरुलाई समेत समावेश गरी स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।

## १.२ स्थानीय अनूकुलन कार्य योजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरु

**१.२.१ स्थानीय अनुकूलन योजनाको लक्ष्य तथा मान्यता :** स्थानीय अनुकूलन कार्ययोजनाका निर्दिष्ट सिद्धान्तहरुलाई आधार विन्दु मानिने छ भने इलाम नगरपालिकामा स्थानीय अनुकूलन कार्ययोजना तयार गर्दा तपशिल अनुसारका विषयवस्तुहरुलाई समेत आधार मानि तयार गरिएको छ ।

**१.२.१.१ एकीकृत जोखिम ब्यवस्थापन :** इलाम नगरपालिका पहिरो, भलबाढी, खडेरी, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिनाको उच्च जोखिममा रहेको नगरपालिका हो । जलवायु परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट यस नगरपालिका संवेदनशील अवस्थामा रहेको छ । यस सन्दर्भमा स्थानीय स्तरमा हुने जोखिम न्युनिकरणका कार्य संचालन गर्दा एकीकृत रुपमा संचालन गर्ने मान्यता रहेको छ ।

**१.२.१.२ असमान संकटासन्नता तथा जोखिमको उचित पहिचान र सम्बोधन :** इलाम नगरपालिकाका विभिन्न क्षेत्र, जात/जाती, लिङ्ग तथा सामाजिक समूहहरुमा पर्ने जलवायु परिवर्तनको प्रभाव, संकटासन्नता र जोखिमको असमान अवस्थालाई पहिचान र आत्मसात् गर्दै यसलाई इलाम नगरपालिकाद्वारा जलवायु उत्थानशील विकासका कार्यहरुमा उचित सम्बोधन गर्ने अपेक्षा गरिएको छ ।

**१.२.१.३ जन सहभागिता :** जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरुलाई प्रभावकारी बनाउन स्थानीय स्तरमा सबै निर्णय प्रक्रियाहरुमा व्यापक जनसहभागिता सुनिश्चित गर्ने अपेक्षा गरिएको छ । प्रत्येक वडामा कम्तिमा १ जना जलवायु परिवर्तन श्रोत व्यक्ति विकास गरी योजना प्रकृयामा जलवायू परिवर्तन उत्थानशील योजनाहरु छनौट तथा प्राथमिकीकरण गर्न सहजीकरण गरिने छ ।

**१.२.१.४ लचकता :** अनुकूलन क्रियाकलाप प्रभावकारी ढंगले कार्यान्वयन गर्न लापा संरचनाले प्रशासनिक, वित्तीय, प्राविधिक, नीतिगत तथा संस्थागत चुस्तता सुनिस्चित गर्ने हुँदा यसलाई लचिलो भनिएको छ र लचकताले अनूकुलनको लागि अवसर प्रदान गर्दछ। जलवायु परिवर्तनको असरवाट सृजित समस्या समय तथा स्थान विशेषले फरक हुन्छ र त्यस अनुरुप प्रविधिको प्रयोग र स्थानीय साधन, श्रोत, ज्ञान र सीपको उच्चतम उपयोग गर्न लचकताको सिद्धान्त अवलम्बन गरिने छ।

**१.२.१.५ तत्परता :** जोखिममा परेका समुदाय वा परिवारले प्राप्त गर्ने अनुकूलन सेवा छिटो, चुस्त तथा प्रभावकारी गराउन स्थानीय सरकार सदा तत्पर हुनु पर्दछ र त्यसका लागि लापा संरचनाको उपयोग प्रभावकारी मानिएको छ। स्थानीय सरकारले न्यूनतम साधन स्रोतको अधिकतम र प्रभावकारी परिचालन मार्फत अति उत्तम नतिजा हासिल गर्ने, जनहित कायम गरी लापा क्रियाकलापहरु सञ्चालन गरिनेछ।

**१.२.१.६ सुशासन :** इलाम नगरपालिकाद्वारा नगर स्तरमा जलवायु परिवर्तन अनुकूलन र जोखिम न्यूनीकरण क्रियाकलापहरु तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्दा पारदर्शी, सहभागितामूलक, जबाफदेही र उत्तरदायी निर्णय प्रक्रिया अपनाइनेछ।

## १.३ स्थानीय अनुकूलन कार्ययोजनाको लक्ष्य

जलवायु उत्थानशील समाजको निर्माण गर्न इलाम नगरपालिकामा कार्यान्वयन गरिने विकास निर्माण र स्रोत व्यवस्थापनको समग्र प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने यस योजनाको लक्ष्य रहेको छ।

## १.४ स्थानीय अनुकूलन कार्ययोजनाको उद्देश्य

इलाम नगरपालिकामा विकास निर्माण र स्रोत व्यवस्थापनको समग्र प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्न नगरपालिका तथा अन्य सरोकारवालाहरूलाई दिशानिर्देश गर्नु यस योजनाको मुख्य उद्देश्य रहेको छ। इलाम नगरपालिकामा निर्मित स्थानीय अनुकूलन कार्ययोजनाले सम्पुर्ण वडा, वस्ती र टोलमा तथा समुदायको अनुकूलन क्षमता अभिवृद्दि भई जिविकोपार्जनमा सुधार ल्याएको हुनेछ। यसका विशिष्ट उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

- नगरपालिकामा जलवायु परिवर्तनबाट सृजित जोखिम र संकटासन्नताको पहिचान, अभिलेखीकरण र प्राथमिकीकरण गर्न सहयोग गर्ने
- जोखिममा रहेका तथा संकटासन्न व्यक्ति, घरधुरी, समूह र समुदायको अनुकूलन क्षमतामा बढोत्तरी गर्न र जलवायु उत्थानशील क्रियाकलापहरू पहिचान गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने
- नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको विषयलाई एकीकृत गर्दै जलवायु उत्थानशील योजनाहरूको कार्यान्वयनमा लगानी अभिवृद्धि गर्ने
- नगरपालिकामा निर्माण गरिने विकासका पूर्वाधारहरूका साथै शिक्षा, स्वास्थ्य, खानेपानी र स्थानीय प्रविधिलाई जलवायु उत्थानशील बनाउन सहयोग गर्ने।
- कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, र
- स्थानीय तथा राष्ट्रिय योजनालाई लागतको आधारमा अनुकूलनका प्रभावकारी विकल्प पहिचान गर्ने।

## १.५ मान्यता

- स्थानीय जलवायु अनुकूलन कार्ययोजना स्थान बिशेष अनुसार फरक फरक हुन्छ ।
- स्थानीय समुदाय तथा सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा लक्षित क्षेत्र, वर्ग तथा समुदायको पहिचान गरी जलवायु परिवर्तनको असर सामना गर्न अनुकूलनका उपायहरुको प्राथमिकीकरण गरी स्थानीय अनुकूलन योजना तयार गरिएको छ ।
- नगर स्तरीय अनुकूलन योजनाले लक्षित क्षेत्र, वर्ग तथा समुदायलाई समेटी जोखिम क्षेत्रको पहिचान गरी कार्यक्रमहरुको तय गरेको हुँदा यो कार्ययोजना प्रभावकारी रुपले सञ्चालन गर्न सकिन्छ ।
- स्थानीय निकायमा निर्बाचित जनप्रतिनिधि भएको हुँदा कार्यक्रम कार्यान्वयनका लागी अनुकूल वातावरणको श्रृजना हुनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्दा नगरपालिकामा रहेको सम्पुर्ण सरोकारवालाहरुलाई समावेश गरिएकाले योजनालाई प्राथमिकताका साथ कार्य गर्न उपयुक्त वातावरण श्रृजना हुनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाको निर्देशित सिद्धान्त एकीकृत जोखिम व्यवस्थापन, असमान संकटासन्नता तथा जोखिमको उचित पहिचान र सम्बोधन, जनसहभागिता, शुसासन, तत्परता र लचिलोमा आधारित भई स्थानीय अनुकूलन योजना तयार गरिएको छ ।
- राष्ट्रिय अनुकूलन योजनाले पहिचान गरेका क्षेत्रमा आधारित भई जलवायु परिवर्तनले असर गर्ने सबै बिषयगत क्षेत्र समेटि विभिन्न सरकोकारवाला निकायहरुको सहभागितामा योजना तयार गरिएको छ ।
- स्थानीय अनुकूलन योजना तयार गर्दा स्थानीय विपद व्यवस्थापनका पक्षहरुलाई पनि विशेष ध्यान दिईएको छ ।

## १.६ स्थानीय अनुकूलन योजना र विपद् जोखिम व्यवस्थापन/उत्थानशील योजना बीच अन्तरसम्बन्ध

स्थानीय अनुकूलन कार्ययोजना तयारीको लागि बन तथा वातावरण मन्त्रालयले स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना तयार गरी लागु गरेको छ भने स्थानीय विपद व्यवस्थापन योजना तयारीको लागि संघीय मामिला तथा स्थानीय विकास मंन्त्रालयवाट मार्गदर्शन तयार गरी लागु गरिएको छ । दुवै दस्तावेजको लागि छुट्टाछुट्टै मन्त्रालयवाट मार्गदर्शन लागु गरिएको भएता पनि यसको उद्देश्य, आसय, योजना तर्जुमा, प्रक्रिया र विधिमा खासै भिन्नता देखिदैंन । दुबै योजनाको मुख्य उद्देश्य नेपालले भोगिरहेको र दोहोरीरहने खडेरी, बाढी, पहिरो, माहामारी, आगलागी जस्ता विनासकारी समस्या तथा जोखिमहरुसँग जुध्न उत्थानसिल समुदायको निर्माण गर्नु रहेको छ । स्थानीय अनुकूलन योजनाले जलवायु परिवतर्नवाट सिर्जित जलवायुजन्य प्रकोपहरुमा केन्द्रित भई संकटासन्न समुदायको अनुकूलन क्षमतामा अभिवृद्धि गर्ने उद्देश्यका साथ योजना तयार गरेको र स्थानीय विपद व्यवस्थापन योजनाले जलवायुजन्यका साथसाथै अन्य प्रकोपहरुलाई समेटी विपद व्यवस्थापनका पक्षलाई केन्द्रित गर्ने तथा योजना तयार गरी कार्यान्वयन गर्ने भएकाले स्थानीय अनुकूलन योजना र स्थानीय विपद जोखिम व्यवस्थापन योजना समायोजन गर्नु पर्ने आवश्यक देखिएकोले विपद व्यवस्थापन योजनामा समावेश भए गरेका विपद व्यवस्थापन सम्वन्धी योजनाहरु पनि स्थानीय अनुकूलन योजनामा समावेश गरी कार्यान्वय गर्दा अझ बढी प्रभावकारी हुने देखिएकोले यस योजनामा दुवै योजनाका समान रहेका पक्षहरुलाई समावेश गर्ने प्रयास गरिएको छ ।

परिच्छेद २

# इलाम नगरपालिकाको वस्तुस्थिति

इलाम नगरपालिका देशका पुराना नगरपालिका मध्ये एक हो । इलाम नगरपालिका १७३.३२ वर्ग कि.मी क्षेत्रमा फैलिएको छ । यस नगरपालिको पूर्वी सिमाना माईजोगमाई गाउँपालिका तथा सूर्योदय नगरपाकिला सँग जोडिन पुगेको छ भनेउत्तरमा सन्दकपुर गाउँपालिका र पाँचथर जिल्ला, पश्चिममा देउमाई नगरपाकिला र दक्षिणमा माई र सूर्योदय नगरपालिका पर्दछन् । दुई सय बर्षदेखि जिल्ला सदरमुकाम रहेको इलाम नगरपालिकाले जिल्लासँग नाम मिल्नाले अन्यत्रका मानिसका लागि जिल्लाकै प्रतिनिधित्व गर्दै आएको छ ।

## २.१ भौगोलिक अवस्था, राजनैतिक र प्रशासनिक संरचना

भौगोलिक हिसाबले ८७° ५३' ३०'' देखि ८७° ५७' ४६'' पूर्वी देशान्तर र २६° ५१' ५८'' देखि २६° ५६' ४६'' उत्तरी अक्षांशमा अवस्थित इलाम नगरपालिकाको कुल क्षेत्रफल १७३.३५ वर्ग कि.मि. रहेको छ। यसको सिमानामा पूर्वमा माईजोगमाई नगरपालिका तथा सूर्योदय नगरपालिका, पश्चिममा देउमाई नगरपालिका, उत्तरमा सन्दकपुर गाउँपालिका र पाँचथर जिल्ला, दक्षिणमा माई र सूर्योदय नगरपालिका रहेको छ। जैविक विविधताले भरिपूर्ण यो नगरपालिका, समुन्द्र सतहबाट न्यूनतम २८३ मि. देखि ३,०१९ मि.सम्म फैलिएको छ ।

(प्रशासनिक विभाजन नक्सा)



## २.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

यस नगरपालिका क्षेत्रभित्र इलाम नगरपालिका वडा नं. ६ स्थित नारायणस्थान मन्दिर, बजारको केन्द्र भागमा रहेको भिमसेनथान मन्दिर, सेतीदवी मन्दिर, माइस्थान मन्दिर ,वडा नं. ८ स्थित सिंहवाहिनी आदि इलाम नगरपालिकाका प्रमुख धार्मिक स्थल हुन् भने वडा नं. ७ मा पर्ने इलाम चिया बगान, भ्यु टावर, वडा न. ६ मा रहेको भालुढुंगा, प्यारागलाइडिङका लागि वडा न. ८ तिल्केनी र वडा न.९ गोलाखर्क त्यसै गरी उच्च स्थानमा रहेको पाटेनागी क्षेत्र लगायत यहाँको हरियाली यहाँका सुन्दर प्राकृतिक एवं सांस्कृतिक स्थानहरु हुन् ।

## २.३ जनसांख्यिक अवस्था

इलाम नगरपालिकाको जनगणना, २०७८ को आधारमा जनसंख्या ५०,४५५ रहेको छ जसमध्ये पुरुष ४९.११ प्रतिशत (२४७८१ जना) र महिला ५०.८९ प्रतिशत (२५६७४ जना) रहेका छन् । सोही अनुसार तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरुमा पुरुषको जनसंख्या कम अर्थात् ९७ जना देखिन्छ । यस नगरपालिकामा लैङ्गिक हिसाबले सबै वडामा महिलाको भन्दा पुरुषको जनसंख्या कम देखिन्छ । यस नगरपालिकामा रहेको १२ वडाहरुमा ११,९४३ घरसंख्या र १३,३९५ घर परिवार संख्या रहेका छन् ।

## २.४ आर्थिक विकास अवस्था

कृषिजन्य उत्पादनको लागि उर्भर भूमि रहेको यस नगरपालिकाको करिब ४४.८ प्रतिशत खेतीयोग्य रहेको छ । समुन्द्र सतहबाट न्यूनतम २८३ मि. देखि ३,०१९ मि.सम्म फैलिएको भौगोलिक धरातलीय स्वरुप अनुसार स्थान विशेष विभिन्न प्रकृतिको माटो र उत्पादन रहेको छ । नगरपालिकाको रोजगारी र जीविकोपार्जनको मुख्य आधार नगदेबालीमा चिया, अलैची, आलु, अम्लिसो, अदुवा, च्याउका साथै खाद्यान्नबालीमा मकै, धान, गँहु, कोदो, जौ, फापर रहेको पाइन्छ । हालसम्म कृषक समुह संख्या २३ र कृषि सेवा केन्द्र नेपालटार र गोलवस्तीमा गरी ५ वटा रहेका छन् । नगरपालिका भित्र रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदा लगायत चियाबारी, भ्यू टावर, भालुढुंगा लगायतका पर्यटकीय स्थलहरुले आर्थिक गतिविधहरु बढाएका छन् । यस नगरपालिकाको मुख्य व्यापारिक केन्द्रहरु नेपालटार, पुवाखोला बजार, बिब्ल्याँटे, चुरेघाटी, गोलाखर्क, इलाम बजार आदि रहेका छन् । घरेलु तथा साना उद्योग कार्यालय, इलाम अनुसार यहाँ कूल १२०० उद्योग तथा व्यवसायहरु दर्ता भएका छन् । पाँच अ अर्थात आलु, अलैंची, अदुवा, अम्रिसो र ओलनबाट प्रसिद्ध यस स्थानको अर्को मुख्य उत्पादन चिया नै हो ।

नगदेबाली उत्पादनवाट यहाँका कृषकको आम्दानी सन्तोषजनक छ भने बजार क्षेत्रमा पर्यटन लक्षित व्यापार व्यावसाय रहेका छन् । वैदेशिक रोजगारीमा गएकाहरुको जनसंख्या ६.२ % रहेको भने ६ प्रतिशत जनसङ्ख्या बेरोजगार छन् । वैदेशिक रोजगारमा गएका व्यक्तिहरुले मासिक औषत १७ हजारका दरले मात्र घरपरिवारमा विप्रेषण पठाउँदा पनि करिब २९ करोड ४५ लाख २१ हजार रुपैया विप्रेषण यस स्थानीय तहमा भित्रिने देखिन्छ । यस नगरपालिकामा वित्तीय संस्थाहरूमा २२ वटा बैंक र १०४ वटा सहकारी संस्थाहरू रहेका छन् । दूध खरिद बिक्री, चिया उत्पादन तथा बिक्री, कृषि उत्पादन खरिद बिक्री, बचत तथा ऋण लगानी, सञ्चार सम्बन्धी, बिउ बिजन खरिद बिक्री र बहुउद्देश्यीय किसिमका सेवाहरुमा यी संस्थाहरूले बचत परिचालन तथा ऋण प्रवाह गरी आर्थिक विकासमा टेवा पुऱ्याएका छन् ।

## २.५ सामाजिक विकासको अवस्था

नगरपालिकामा हाल इलाम जिल्ला अस्पतालका साथै ७ वटा स्वास्थ्य चौकी, २ वटा शहरी स्वास्थ्य केन्द्र, २ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, २ वटा आधारभूत स्वास्थ्य सेवा उपकेन्द्र, १ वटा सामुदायिक स्वास्थ्य सेवा इकाई, १४ वटा निजि क्लिनिकहरु, ३८ वटा खोप केन्द्र र ३७ वटा गाउँघर क्लिनीक केन्द्र रहेका छन् । यस नगरपालिकामा १२५ जना स्वास्थ्य स्वयम् सेविका कार्यरत छन् । करीब ५० प्रतिशत घरधुरी ३० मिनेट भन्दा कम समयमा स्वास्थ्य संस्थामा पुग्न सक्छन् ।

नगरपालिकामा सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण हेर्दा पठनपाठनका लागि ४ वटा क्याम्पस, माध्यमिक विद्यालय ३४ वटा, आधारभूत विद्यालय ४५ वटा र बालविकास केन्द्र ७१ वटा गरी जम्मा १५४ वटा शिक्षण संस्थाहरू रहेका छन् । यहाँको ५ वर्ष वा त्यो भन्दा माथि उमेर समूहको साक्षरता दर ९८% रहेको छ ।

इलाम नगरपालिकाको कुल घरधुरीमध्ये औषतमा ९९ प्रतिशत घरधुरीमा खानेपानीको सुविधा पुगेको छ र यहाँ १ पिउने पानी प्रशोधनशाला समेत रहेको देखिन्छ । बजार क्षेत्रबाहेक त्यसै गरी स्थानीय सरकार तथा समुदाय दुबैको तर्फबाट फोहोर व्यवस्थापन प्रणालीलाई दीर्घकालीन रुपमा सम्बोधन गर्न प्रयासरत छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार इलाम नगरपालिकाको कुल जनसंख्यामध्ये महिला जनसंख्या ५०.९ प्रतिशत रहेको छ तथा दलित घरधुरी संख्या ७०१ रहेको छ । पार्श्वचित्र २०७५ अनुसार महिला स्वामित्वमा रहेको घर २५ प्रतिशत रहेको छ । विभिन्न शिर्षकमा सामाजिक सुरक्षा भत्ता सुविधा लिने जनसंख्या ३००९ रहेको छ । यस नगरपालिकामा महिला, युवा, किशोर- किशोरी, बालबालिका र ज्येष्ठ नागरिकको हितमा विभिन्न कार्यक्रमहरु हुने गरेको र उनीहरुलाई मनोवैज्ञानिक ढंगले व्यवहार गरेर उक्त वर्गको अधिकार र हित हुने खालका विभिन्न कार्यक्रमहरु समेत सञ्चालन हुने गरेको छ। नगरपालिकामा हाल खेलकुदको लागि एक ठूलो सैनिक टुँडीखेल, ८ वटा खेलमैदान र ३ वटा कवर्ड हल रहेको छ । दशै, तिहार, बुद्ध जयन्ती, उधौली, उभौली, माईवेनी मेला, माईपोखरी, रोपाईजात्रा, गाईजात्रा यहाँका मुख्य चाडपर्वहरु हुन् । पाटेनागी, इलाम चिया बगान, माईखोला जस्ता ऐतिहासिक स्थानहरुका साथै सुनुवार सङ्ग्रालय, अरनिको सङ्ग्रालय र लेप्चा सङ्ग्रालयहरु मार्फत कला, भाषा, संस्कृति र सम्पदाको जगेर्ना भइरहेको अवस्था छ । पछिल्लो समयमा विस्तारै होमस्टे संस्कारको विकासले पर्यटन क्षेत्रको प्रवर्द्धनमा थप टेवा पुऱ्याएको छ ।

## २.६ पूर्वाधार तथा शहरी विकासको अवस्था

जिल्ला सदरमुकाम समेत रहेकोले यहाँ संघ तथा प्रदेश सरकारका विभिन्न कार्यलयहरु रहेको इलाम बजार बाक्लो बस्ती भएको क्षेत्र हो । नगरपालिका र सबै वडा कार्यालयहरुमा गरी नगरपालिका मातहत जम्मा १३ वटा सार्वजनिक भवनहरु निर्माण भएको छन् । त्यसैगरी १५ वटा मनोरञ्जन पार्क, ७ वटा सार्वजनिक शौचालय र २ वटा बस पार्क सार्वजनिक जग्गामा निर्माण भएका छन् । यहाँ जिल्ला प्रहरी कार्यालय लगायत ७ वटा सुरक्षा एकाइहरु रहेका छन् । रणनैतिक सडकको रुपमा रहेको मेची राजमार्ग ५२.७३ कि.मि. र इलाम-माइपोखरी-सन्दकपुर सडकको इलाम खण्ड ९.२८ कि.मि सहित यस नगरपालिकामा कुल सडक करिब ७२७.४१ कि.मि रहेको छ । नगरपालिका अन्तर्गतको सडकमध्ये करिब ५९.०७ किलोमिटर मात्र कालोपत्रे छ भने बाँकी ग्रावेल र धुले सडक रहेको छ । यस नगरपालिकामा ७ वटा पक्की पुल, ५ वटा कल्भर्ट र २६ वटा झोलुङ्गे पुल रहेका छन् । यस नगरपालिकाको वडा नं ९ मा रहेको फाल्गुनन्द सुकिलुम्बा विमानस्थलले देशको राजधानी काठमाण्डौसँग समेत सोझो पहुँच विकास गरेको छ ।

विद्युतको राष्ट्रिय प्रसारण लाइन इलाम नगरपालिका क्षेत्रमा समावेश भए पछि यहाँ ९६% विद्युतीकरण भएको देखिन्छ । यस नगरपालिका भित्र केहि निर्माण सम्पन्न र केही निर्माणाधिन गरी १० वटा जलविद्युतका आयोजनाहरु रहेका छन् । यस नगरपालिकाले उर्जा नीति बनाइ हालसम्म करिब ५०० वटा सडक बत्ती जडान र ७०० वटा सुधारिएको चुलो वितरण गर्नुका साथै गोबर ग्याँस पनि प्रयोगमा ल्याएका छन् ।

सुचना प्रविधिको प्रयोगको सन्दर्भमा नगरपालिका सन्तोषजनक अवस्थामा रहेको र यहाँका अधिकांश विद्यालयहरुमा इन्टरनेटको पहुँच पुगेको छ । स्वास्थ्य चौकी, विद्यालयहरु, सार्वजनिक सेवा प्रदायकहरुमा सूचना प्रविधिको व्यवस्था गरिएको छ । रेडियो, टेलिभिजन, टेलिफोन तथा पत्रपत्रिका जस्ता सूचनाका माध्यमको पहुँचमा रहेका जनसंख्या ७० प्रतिशत रहेका छन् ।

## २.७ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

इलाम नगरपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा प्राकृतिक सम्पदाको हिसाबले ५५.६४ प्रतिशत वन क्षेत्रले, ३८.५३ प्रतिशत खेतीयोग्य जमिनले, र २.०४ प्रतिशत जलक्षेत्रले भू-भाग ओगटेको देखिन्छ । यहाँ प्राकृतिक रुपमा

चिराइतो, बुढो ओखती, सेतो बिख्मा, पाषणभेद, ओके आलु, सतुवा, घिउपात, पद्मचाल, टिमुर, मजिठो आदि जडिबुटीहरु साथै उपोष्ण देखि समशितोष्ण प्रजातिका विविध वनस्पतिहरु पाइन्छन् ।

यस नगरपालिकामा १ धार्मिक वन, ४ निजी वन र २७ सामुदायिक वन रहेका छन् । आर्थिक वर्ष २०७७/७८ मा नगरपालिका संघबाट वन, वातावरण र जलवायु क्षेत्रमा उत्कृष्ट नगरपालिकाको उपाधि समेत प्राप्त गरेको छ जसले गर्दा वन तथा वातावरण क्षेत्रमा विशेष प्राथमिकता राखेको पुष्टि हुन्छ । जलक्षेत्रले २.०४ प्रतिशत भू-भाग ओगटेको यस नगरपालिकामा वार्षिक औषत वर्षा करिब २५५० मि.मि. रहेको छ । यहाँका माई खोला, पुवामाई खोला, देउमाई खोला र जोगमाई खोला अत्यन्त महत्वपूर्ण जलश्रोतको रुपमा रहेका छन् । सार्वजनिक पोखरीहरु ९ वटा रहेको र व्यवसायिक माछापोखरीहरु ४६ वटा ले जमिनमा पानीको पुनर्भरणमा समेत योगदान पुऱ्याईरहेका छन् ।

हाल यो नगरपालिका United Nation Office for Disaster Risk Reduction (UNDRR) को MCR (Making Cities Resilient) 2030 अभियानको सदस्यका रुपमा रहेको छ । यस नगरपालिकामा विपद व्यवस्थापनलाई ध्यानमा राखेर दिगो र वातावरणमैत्री योजना अवलम्बन तथा जैविक विविधता र प्राकृतिक श्रोतको संरक्षण, संवर्द्धन र दिगो उपयोग गरी, जलवायु अनुकूलन तथा न्यूनीकरण पद्धतिको अवलम्बनका साथै वन, भू तथा जलाधार, विपद र फोहरमैला व्यवस्थापन गरी वातावरण मैत्री विकासको माध्यमबाट हरित र सफा नगर विकासमा नगरपालिकाले जोड दिएको छ । विपद व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पूरानै अवस्थामा पुनर्स्थापित तथा उत्थानशील हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्ने दिशामा यो नगरपालिका उन्मुख रहेको छ ।

## २.८ सुशासन तथा संस्थागत व्यवस्था

नगरपालिकाको आन्तरिक श्रोतको परिभाषा भित्र मालपोत, घर बहाल कर, व्यवसाय कर, सवारीकर, घर नक्शा पास कर, मनोरञ्जन कर, पर्यटक कर, विज्ञापन कर, स्थानीय सेवा शुल्क मुख्य रुपमा रहेका छन् । यी विषयगत शिर्षकहरुका साथै प्रशासन अनुदान, विकास अनुदान आदि समेत उल्लेखनीय आर्थिक श्रोतहरु हुन् । नगरपालिकाले आर्थिक श्रोतहरु आन्तरिक तथा वाह्य गरी दुई पक्षबाट ग्रहण गर्दछ । विकास कार्यलाई समानुपातिक रुपमा वितरण गरी आम मानिस प्रति अपनत्व प्रदान गर्न समेत हरेक विकास निर्माण कार्यहरुमा जनताको लागत सहभागिता अपरिहार्य र अनिवार्य विषय हुन्छ ।


स्रोत नक्सा
इलाम नगरपालिका, इलाम
उत्तर
जौबारी
तेर्से
कात्तिके
जल्केनी
बाघखोर
पुवामभुवा
काक्रे
चुलीगाँउ
रक्से
नेपालटार
सानो मभुवा
मलाते
चाँपगैरी
तालगाँउ
सुम्बेक
धारापानी
अधिकारी गाँउ
ओखे
कोलबोटे
माईजोगमाई न.पा.
बिब्लाटे
देउमाई न.पा.
घोस
पुवाखोला
माईखोला
गढीथुम्का
लप्सीबोटे
बालनगाँउ
महभीर
साजबोटे
तिल्केनीमोड
जोगमाई खोला
ठूलो साङरुम्बा
खाल्टे
घट्टभञ्ज्याङ
अर्धेरीबेंशी
जौबारी भञ्ज्याङ
रातेखोला
केउरेनी
सेतुवाबेंसी
लाङरुप्पा
टाँड्के झरना
भाङटार
निन्दाखु
करफोक खोला
सूर्योदय न.पा.
सिर्कोट
बेलासे
माई न.पा.
संकेत
मुख्य बस्ती
स्वास्थ्य संस्था
पुल
कृषिसेवा कार्यालय
पशुसेवा कार्यालय
रेञ्जपोष्ट
पर्यटकीय स्थल
टेलिफोन टावर
सहायक सडक
मेची राजमार्ग
खोला
स्केल
१: १६०००० 
० २ ४ ६ ८ किलोमिटर
आधारनक्सा स्रोत : टोपोग्राफिकल नक्सा, नापी विभाग ।

## परिच्छेद ३

# अनूकुलन कार्ययोजनाको विधि र प्रक्रिया

## ३.१ अनकूलन कार्ययोजनाको तर्जुमा तर्जुमाका चरणहरु

अनुकूलन योजना तयार गर्दा जलवायु परिवर्तन नीति २०७६, राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७, परिमार्जित स्थानीय अनुकूलन कार्य योजनाको राष्ट्रिय संरचना २०७६, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ र वातावरण निति २०७६ लाई आधार मानिएको छ। स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना (लापा) को राष्ट्रिय संरचनाका ६ चरण अन्तर्गत विभिन्न सहभागितामूलक विधि तथा औजारहरुको प्रयोग गरी यो कार्ययोजना तर्जुमा गरिएको छ।




स्थानीय अनुकूलन कार्ययोजनाको समग्र प्रकिया (LAPA Steps)

### ३.१.१ जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि

जलवायु परिवर्तन समुदायको लागि नविनतम विषयवस्तु भएकाले जलवायु परिवर्तनले पार्ने असर तथा प्रभावलाई सम्बोधन गर्नका लागि प्रभावकारी स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न जलवायु परिवर्तनको आधारभुत जानकारी, जलवायु परिवर्तनले पारेका साथै पार्नसक्ने असर तथा प्रभावहरु, अनुकूलनका विद्यमान अवसर वा चुनौती के के छन् र त्यसको सामना गर्नका लागि आवश्यक स्रोत र साधन कसरी जुटाउने आदि सूचना स्थानीय स्तरमा जानकारी गराउन नगरपालिका स्तरमा र वडा स्तरमा सचेतना तथा अभिमुखीकरण क्रियाकलाप संचालन गरिएको थियो। सचेतना कार्यक्रममा सङ्कटासन्न समुदाय, स्थानीय निकाय, राजनीतिक दल, शैक्षिक एवं सेवा प्रदायक संघ-संस्था, विज्ञ, दलित, जनजाति, किसान, युवा र सर्वसाधारणलाई सहभागी गरिएको थियो। सचेतना अभिवृद्धि कार्यक्रमको लागि जलवायु परिवर्तन सम्बन्धी प्रस्तुति, सामुहिक छलफल, सामुहिक कार्य आदि प्रयोग गरिएको थियो।

### ३.१.२ संकटासन्नता, जोखिम विश्लेषण तथा वस्तुगत विवरणको तयारी

यस प्रकृया मार्फत संकटासन्न समुह तथा समुदायहरु र जीविकोपार्जन तथा पर्यावरणीय प्रणालीको विवरण तयार गरी सो बमोजिम अनुकूलन र जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यक्रमहरु तयार गर्न मद्दत पुगेको छ। संकटासन्नता तथा अनुकूलन मूल्याङ्कन तथा लेखाजोखाका लागि मौसमी पात्रो, बाली पात्रो, ऐतिहासिक समय रेखा, संकटासन्नता नक्सांकन, जलवायु परिवर्तनको क्षेत्रगत प्रभाव, पारिस्थितिक प्रणालीमा परेका प्रभाव,

जीविकोपार्जनका स्रोत र प्रकोप विच अन्तर सम्वन्ध, जोखिम तथा अनुकूलनको बिश्लेषण, अनुकूलनका उपायहरुको प्राथमिकीकरण र सेवा प्रदायक/संस्थागत विश्लेषण जस्ता सहभागितामूलक अभ्यास तथा विश्लेषण गरी सो बाट आएका नतिजाहरु तल परिच्छेदमा उल्लेख गरिएको छ ।

### ३.१.३ जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिहरुको पहिचान

विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तनका असरहरूको सामना गरी सहज जीवन यापन गर्न सक्ने अवस्थाको सृजना गर्नका लागि प्रभावकारी उपायहरु, आवश्यक प्रक्रियाहरु, स्थानीय परिस्थिति अनुसार आवधिक (अल्प, मध्यम र दिर्घकालिन) अनुकुलनका रणनीतिहरूको अवलम्बन गर्न सकिन्छ । यस रणनीति तथा उपायहरु अवलम्बन गरी नगरपालिकाले तयार गरेको जलवायु परिवर्तन अनुकूलन योजना कार्यान्वयन गर्नका लागि सवै सरोकारवालाहरुको सहयोग, समन्वय, सहकार्यका साथ सामुहिक पहल आवश्यक हुन्छ ।

### ३.१.४ जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण

जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्युनिकरणका सवालहरुलाई निति, नियम, आवधिक योजनामा र वार्षिक योजना तर्जुमा मुलप्रवाहिकरण गर्न विभिन्न तहमा भएका तहगत संरचना, मन्त्रालय, स्थानीय सरकार र सरोकारवालाहरुको ठाडो र तेर्सो समन्वय हुनु जरुरी हुन्छ ।

### ३.१.५ जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका रणनीतिहरूलाई स्थानीय तहको वार्षिक योजना बजेट तर्जुमा र अनुगमन तथा मूल्यांकन प्रक्रियामा मूलप्रवाहीकरण

हाल स्थानीय तहहरूले अभ्यास गर्दै आएका वार्षिक योजना तथा बजेट तर्जुमाको चरणहरूलाई जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरणको प्रस्थानबिन्दुका रूपमा पहिचान गरिएको छ। योजना तर्जुमा प्रक्रियाका सात चरणहरू र स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्र संचालन गर्ने विषयगत क्षेत्र अनुसार जलवायु जोखिम न्यूनीकरण तथा अनुकूलनका कार्यलाई समायोजन गर्नुपर्ने हुन्छ । योजना तर्जुमा गर्दा नगरपालिका तथा गाउँपालिकाका सबै वडा र गाउँ-टोल तथा स्थानीय बस्तीका प्रभावित तथा संकटासन्न समुदायको प्रत्यक्ष र समावेशीयुक्त सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ ।

### ३.१.६ घरधुरी, स्थानीय समुदाय र उपभोक्ता समूह स्तरमा अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यहरूको तर्जुमा र कार्यान्वयन

जोखिम तथा संकटासन्नता र यसका अन्तरनिहित कारणहरू व्यक्ति, घरधुरी र समुदाय स्तरमा फरक फरक भएका कारण स्थानीय योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तनबाट बढी प्रभावित महिला तथा संकटासन्न घरधुरीको विशिष्ट समस्यालाई समाधान गर्ने अनुकूलनका कार्यक्रमहरू समावेश गरिनुपर्छ । अनुकूलन र जोखिम न्यूनीकरणका योजनाहरू घरधुरी, स्थानीय समुदाय, उपभोक्ता समूह, संघ-संस्था र परियोजनास्तरमा निर्माण र कार्यान्वयन गर्नलाई प्रोत्साहन गर्नुपर्दछ । जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरू व्यक्ति, घरधुरी, स्थानीय समुदाय र उपभोक्ता समूहको जीविकोपार्जन तथा पारिस्थितिक प्रणालीमा आधारित हुन सक्नेछ । यसरी बन्ने र कार्यान्वयन हुने कार्यहरूलाई स्थानीय, प्रादेशिक, संघीय सरकार र अन्य सरोकारवालाहरुको सहयोग हुनुपर्दछ ।

## ३.२ स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रकियामा लापा समायोजन

स्थानीय तहहरूले अवलम्बन गर्ने वार्षिक योजना तथा बजेट तर्जुमाको चरणहरूलाई जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरणको पहिलो चरण रूपमा लिन सकिन्छ । योजना तर्जुमा प्रक्रियाका सात चरणहरू र स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्र संचालन गर्ने विषयगत क्षेत्र अनुसार जलवायु जोखिम न्यूनीकरण तथा अनुकूलनका कार्यलाई समायोजन गर्नुपर्ने हुन्छ । योजना तर्जुमा गर्दा

नगरपालिकाको सम्पुर्ण वडा र टोल तथा स्थानीय बस्तीका प्रभावित तथा संकटासन्न समुदायको प्रत्यक्ष र समावेशीयुक्त सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ ।




चित्र : स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरूको समायोजन

## क) पूर्वयोजना तयारी

जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यहरूलाई स्थानीय योजना तर्जुमा प्रक्रियामा मूलप्रवाहीकरण गर्नुपूर्व तयारीको पहिचान तथा अभ्यास गरिनुपर्दछ । स्थानीय तहको जलवायुजन्य जोखिम विश्लेषण तथा अनुकूलन कार्यहरूको पहिचान भएका अभिलेखहरू, जस्तैः जोखिम पार्श्वचित्र माथि छलफल मार्फत संकटासन्न बस्ती तथा समुदायहरूको सचेतना अभिवृद्धि गराइनुपर्दछ ।

## ख) स्रोत अनुमान तथा निर्धारण

जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्य कार्यान्वयन गर्न स्थानीय सरकार, संघसंस्था, समुदाय, समूह, उपभोक्ता समिति, निजी क्षेत्रसँग भएका स्रोत, क्षमता, प्रविधि तथा बजेटको निर्धारण गर्नुपर्ने हुन्छ । स्थानीय तहमा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, ऋण अनुदान र अन्य आयको प्रक्षेपणको आधारमा निश्चित रकम जलवायु परिवर्तन अनुकूलन र जोखिम न्यूनीकरणमा लगानी गर्ने सुनिश्चित भएमा सरकारी संयन्त्र भन्दा बाहिर रहेका स्रोतहरू पहिचान तथा परिचालन गर्न सहज वातावरण सृजना गर्दछ ।

## ग) योजना छनौट

जलवायु परिवर्तनबाट प्रभावित व्यक्ति, घरधुरी, समुदाय र जीविकोपार्जनका स्रोत तथा माध्यम केन्द्रित जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका विशेष कार्यहरूलाई वार्षिक योजनामा समावेश गर्नुपर्दछ। विकासका योजना छनौट गर्दा पारिस्थितिक प्रणाली, वातावरण र जलवायुलाई प्रतिकूल असर नपुऱ्याउने, जलवायु मैत्री र न्यून उत्सर्जन, संकटासन्न परिवार, बस्ती, स्थानीय समुदायहरूको जोखिम तथा नकारात्मक प्रभाव कम गर्ने, परिवर्तित जलवायु र जोखिमसँग अनुकूलन हुने, दिगो र जनमुखी कार्यक्रम समावेश गर्नुपर्दछ।

## घ) वडास्तरीय योजना प्राथमिकीकरण

वडास्तरमा विकासका योजना प्राथमिकीकरण गर्दा मुख्यत: अनुकूलन, जोखिम न्यूनीकरण र जलवायुमैत्री कार्यहरूलाई प्राथमिकीकरणको आधारको रुपमा लिनुपर्दछ। योजना छनौटमा पहिचान र सूचीकृत गरिएका स्थानीय अनकूलन कार्यहरूको प्राथमिकीकरण गर्दा समस्या तथा चुनौतीको सीमाको आधारमा अनुकूलन कार्यहरूको प्राथमिकीकरण गर्नुपर्दछ।

## ङ) योजना तथा बजेट तर्जुमा

विकास योजना तथा बजेट तर्जुमा गर्दा वडाबाट प्राथमिकतामा परेका जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका योजनाहरूको कार्यान्वयन सुनिश्चित गर्न विषयगत समितिहरूमा प्राथमिकताका साथ छलफल गराई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने व्यवस्था गर्नुपर्दछ। वडा समितिबाट एकपटक प्राथमिकतामा परेका योजनाहरू स्रोत अनुमान तथा बजेट सीमा निर्धारणको आधारमा पुन: प्राथमिकीकरण हुने हुँदा अत्यावश्यक र तत्काल कार्यान्वयन गर्नुपर्ने जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका योजनाहरू वार्षिक कार्यक्रममा समायोजन भएको सुनिश्चित गर्नुपर्दछ।

## च) गाउँ वा नगर सभाबाट कार्यक्रम स्वीकृत

स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्देशित गरे बमोजिम नगर कार्यपालिका तथा नगर सभाबाट कार्यक्रम स्वीकृत गराई कार्यान्वयनमा ल्याउनुपर्दछ। यसरी स्वीकृत भएको वार्षिक बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नुपर्ने हुन्छ। यस कार्यको मुख्य उद्देश्य कार्यपालिकाबाट सिफारिस भएका योजनालाई स्वीकृत गर्नु रहेको छ।

## छ) कार्ययोजना कार्यान्वयन

जलवायु संकटासन्न समुदायको सक्रिय सहभगितामा पहिचान तथा छनौट भएको साथै स्थानीय तहको वार्षिक कार्यक्रममा मूलप्रवाहीकरण समेत भएको अनुकूलन कार्यको कार्यान्वयनले जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलन क्षमता बढाई जलवायु उत्थानशील बनाउन मद्दत गर्दछ।

## ज) अनुगमन तथा मूल्यांकन

अनुगमन तथा मूल्यांकनले तथ्यांकको आधारमा लक्षित समूहहरूले अनुकूलन कार्यहरुको कार्यान्वयनबाट परिवर्तनको महसुस तथा लाभ प्राप्त गरे नगरेको लेखाजोखा गर्न मद्दत गर्दछ। यसबाट आएका सिकाई तथा चुनौतीहरूलाई अंगीकार गर्दै भविष्यमा योजना सफल तथा दिगो बनाउन निर्देशित गर्दछ।

# परिच्छेद ४

## इलाम नगरपालिकाको संकटासन्नता तथा जोखिम विश्लेषण

### ४.१ इलाम नगरपालिकाको भू उपयोग

२०७२ को भू-उपयोग निति अनुसार भूमिलाई आधारभूत रुपमा ११ वटा क्षेत्रहरुमा वर्गीकरण गरिएको छ । आवश्यकता अनुसार भू-उपयोग का क्षेत्रहरुलाई उप-क्षेत्रमा वर्गीकरण गरिएको छ । भू-उपयोग का ११ वटा क्षेत्रहरुको वर्गीकण निम्न अनुसार छ ।

- कृषि क्षेत्र
- आवासीय क्षेत्र
- व्यावसायिक क्षेत्र
- औद्योगिक क्षेत्र
- खानी तथा खनिज क्षेत्र
- साँस्कृतिक तथा पुरातात्विक क्षेत्र
- नदी तथा ताल तलैया क्षेत्र
- वन क्षेत्र
- सार्वजनीक उपयोग तथा खुला क्षेत्र
- निर्माण सामाग्री (ढुङ्गा, बालुवा, गिट्टी) उत्खनन् क्षेत्र
- आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र

२०७२ को भू-उपयोग को क्षेत्रको वर्गीकरण अनुसार, इलाम नगारपालिकाको वर्तमान भू-उपयोग (Existing Land Use) क्षेत्रको वर्गीकरण निम्न तालीकामा उल्लेख गरिएको छ ।

| क्र.सं. | क्षेत्र | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ६६११.५४ | ३८.५३ |
| २ | वन क्षेत्र | ९५४८.२२ | ५५.६४ |
| ३ | आवासिय क्षेत्र | ३३६.५३ | १.९६ |
| ४ | व्यावसायिक क्षेत्र | ७.९५ | ०.०५ |
| ५ | औद्योगिक क्षेत्र | १.५९ | ०.०१ |
| ६ | सार्वजनिक उपयोग तथा खुला क्षेत्र | २९६.८९ | १.७३ |
| ७ | नदी तथा ताल तलैया क्षेत्र | ३५०.६८ | २.०४ |
| ८ | अन्य क्षेत्र | ६.७९ | ०.०४ |
| **जम्मा** | | **१७१६०.२४** | **१००** |


भूउपयोग नक्सा
इलाम नगरपालिका, इलाम
उत्तर
पुवा खोला
सानोमाइ खोला
जोगमाइखोला
करफोक खोला
माइखोला
संकेत
खेतबारी तथा बाटोघाटो
वन
मानब बसोबास क्षेत्र
खोला
मेची राजमार्ग
स्केल
१: ३०,०००
किलोमिटर
० १.५ ३ ४.५ ६
स्रोत : टोपोग्राफिकल नक्सा, नापी विभाग ।

## ४.२ इलाम नगरपालिकाको जलवायुको अवस्था र प्रवृत्ति

जल तथा मौसम विभागको अध्ययन अनुसार, इलाम जिल्लाको मौसमी अवस्थालाई हेर्दा औसत वार्षिक अधिकतम तथा न्यूनतम तापक्रम क्रमश ७.१ र १४.४ डिग्री सेल्सियस रहेको छ । त्यस्तै औसत वार्षिक वर्षा २०६९.९ मि.मि. रहेको छ ।

इलाम नगरपालिकाको जलवायुको प्रवृत्तिको अध्ययन गर्नका लागि, स्टेसन नम्बर १४०७ इलाम टी स्टेट, इलामबाट सन् १९९२ देखि २०२२ सम्मका तथ्याङ्कहरु संकलन गरिएको थियो । प्राप्त तथ्यांकहरुको विश्लेषण, Normal trend Line विधिको प्रयोगबाट जलवायुका प्रवृत्तिहरु निकालिएका छन् ।




**चित्र : वर्षा र तापक्रम प्रवृत्ति**

माथिको चित्रमा विगतका ३० वर्षका औसत वर्षा र तापक्रमका तथ्याङ्कहरु विश्लेषण गरिएको छ । वर्षाको विगत ३० वर्षको प्रवृत्तिलाई हेर्दा, वर्षाको मात्रा प्रति वर्ष १२.२५ मि.मि. का दरले घट्दो क्रममा देखिएको छ । त्यस्तै तापक्रमको प्रवृत्तिलाई हेर्दा, अधिकतम तापक्रम प्रति वर्ष ०.०६ डिग्री सेल्सियसका दरले वृद्धि भइरहेको र न्यूनतम तापक्रम प्रति वर्ष ०.१ डिग्री सेल्सियका दरले घटिरहेको अर्थात चिसो बढि रहेको देखिन्छ । यो प्रवृत्ति विश्लेषण पनि जल तथा मौसम विभागले २०१७ मा गरेको अध्ययनसँग मिलेको देखिन्छ ।

### ४.३ संकटासन्नता तथा जोखिम विश्लेषणको आधारमा इलाम नगरपालिकाको अवस्था

नेपाल सरकार वन तथा वातवारण मन्त्रालयले अध्ययन गरेको VRA (Vulnerability and Risk Assessment) 2021 संकटासन्नता तथा जोखिम विश्लेषणको आधारमा इलाम नगरपालिका जलवायुजन्य जोखिमको हिसाबमा उच्च जोखिम रहेको छ। आधारभुत सम्मुखता (exposure), संवेदनशीलता (sensitivity), संकटासन्नता स्तर मध्यम रहेता पनि अनुकुलन क्षमता न्यून रहेकोले इलाम नगरपालिका उच्च जोखिममा रहेको छ।

| सुचक | अंक | स्तर |
|---|---|---|
| आधारभुत सम्मुखता | ०.३०२ | मध्यम |
| संवेदनशीलता | ०.५९९ | मध्यम |
| अनुकूलन क्षमता | ०.४७२ | न्यून |
| संकटासन्नता | ०.१५७ | मध्यम |
| जलवायुजन्य जोखिम | ०.३१७ | उच्च |

सन् २०३० र २०५० सम्मको जलवायु जोखिमको प्रक्षेपणमा यस नगरपालिकामा जलवायुजन्य विपद्का जोखिम बढ्ने र नगरपालिका उच्च जोखिममा रहने अनुमान गरिएको छ।

| सुचक | अंक | स्तर |
|---|---|---|
| जोखिम RCP 4.5 2030 | ०·३६२ | उच्च |
| जोखिम RCP 4.5 2050 | ०·३६१ | उच्च |
| जोखिम RCP 8.5 2030 | ०.३५१ | उच्च |
| जोखिम RCP 8.5 2050 | ०.३७९ | उच्च |

## ४.४ जलवायुजन्य जोखिमको अवस्थाको विश्लेषण

इलाम नगरपालिकाको जलवायुजन्य जोखिमको अवस्था विश्लेषण गर्न चार वटा औजारहरु अपनाइएका छन्। र उक्त औजारहरु प्रयोग गरी समुदाय स्तरबाट सहभागितामूलक छलफलबाट आएको सूचनाका आधारमा यस नगरपालिकाको जलवायुजन्य जोखिमको अवस्था निम्नानुसार रहेको छ :

### ४.४.१ प्रकोपको ऐतिहासिक समय रेखा

यस नगरपालिका क्षेत्र भित्र विगत ५० साल देखि हाल सम्म भएको जलवायुजन्य विपद्हरु निम्न अनुसार रहेको पाइएको छ। जुन जलवायु परिवर्तनकै कारण भविष्यमा दोहरिन सक्ने जोखिमको रुपमा आँकलन गरिएको छ।

| साल | प्रकोप | वडा | प्रभावित समुदाय, टोल घरधुरी जग्गा जमिन | असरसँग जुध्न गरिएका प्रयासहरु | सहयोगी पक्ष |
|---|---|---|---|---|---|
| २०२३ | पहिरो | १२ | साविकको वडा १,३ र ६ का ३० घर विस्थापित। | गाविसको पहलमा पहिरो गखएको ठाउँमा बाँस तथा तारजाली लगाई रोकथाम गरियो। | भू संरक्षण कार्यालय, गा विस र स्थानीय बासिन्दाको सहयोगमा |
| २०२५ | पहिरो | १२ | गहिरी गाउँटोलमा दलितको २० घर, र जनजातिको १० घरमा क्षति भएको। | विस्थापित भएका परिवारको अस्थायी वासको लागि अमरज्योति विद्यालय र रत्नलक्ष्मी विद्यालयमा व्यवस्था गरेको र स्थायी बसोबासको लागि सुकेपोखरी मा वि मा व्यवस्था गरेको। | स्थानीयवासी |

| | | | | | |
|---|---|---|---|---|---|
| २०५० | बाढी, पहिरो<br><br>भलबाढी | ९ | ६ जनालाई बाढीले बगाएको, साविक वडा ५<br><br>(हाल ९)मा अन्न, चौपायाको क्षति, एकै घरपरिवारको ७ जनाको मृत्यु भएको, सुकिलुम्बा विमानस्थलबाट निस्किएको भलबाढीले खेतबारी बगाई १५ घर प्रभावित भएको | मानव,र जनधनको खोजी तथा उद्धार गरेको, नेपाल रेडक्रस सोसाइटीबाट राहत सामाग्री वितरण गरिएको | स्थानीयवासी, संघसंस्थाहरुले सहयोग गरेको, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी |
| २०५२<br>(श्रावण) | बाढी, पहिरो, भलबाढी | ५, ६ | विभिन्न ठाउँमा पहिरो गई बाटो अवरोध भएको, साथै अन्नबाली नोक्सानी भएको, २५० घरधुरी क्षति भएको, २ जनाको मृत्यु | सम्बन्धित निकायलाई क्षतिको विवरण उपलब्ध गराइ सहयोगको आव्हान गरेको, साथै चन्दा संकलन गरेको, क्षति नभएका ठाउँहरुमा छरछिमेकको घरमा विद्यालय र पाटी पौवामा स्थानान्तरण गरेको | स्थानीयवास, विभिन्न संघसंस्था, समुदायले सहयोग गरेको |
| २०५३ | बाढी पहिरो | ४ | काफ्ले टोल साविक बरबोटे ४ को ३ घरधुरीमा क्षति भएको, २ जना बालबालिकाको मृत्यु भएको | पहिरोले बगाएको माटो पन्छाई पुनःनिर्माण/उद्धारका कार्य गरेको | रेडक्रस, बरबोटे गाविस दैवी प्रकोप उद्धार समिति, नेपाली सेना, नेपाल प्रहरी |
| | आगलागी | १ | कुल बहादुर लोक्ताम र<br><br>ओम ब. विष्ट को घर जलेको | आगो निभाएको, उद्धार गरेको, राहत संकलन र वितरण | स्थानीय समुदाय, गाविस, रेडक्रस, बैक तथा वित्तिय संस्था, नगरपालिका |
| २०५४ | बाढी | १० | जौबारी क्षेत्रमा ४ घरपरिवार विस्थापित, १ हल गोरु पुरिएको, अंघेरी खानेपानी मुहान बगाएका | पिडित परिवारलाई सुरक्षित स्थानमा सारिएको,<br><br>गाईवस्तु समेत सारिएको | स्थानीय वासी गाविस, रेडक्रस सोसाइटी, नेपाल प्रहरी |
| २०५५ | भलबाढी, पहिरो | ४ | मलाते सिम्लेमा १ घरधुरी आशिंक क्षति, भण्डार गरिएको अन्न र बालीमा क्षति | पिडित परिवारलाई सुरक्षित स्थानमा सारिएको,<br><br>गोठका गाईवस्तु समेत सारिएको | स्थानीय वासी माइपोखरी गाविस, रेडक्रस सोसाइटी, नेपाल प्रहरी |
| २०५६ | बाढी | १२ | पुवाखोलामा आएको बाढीले १४ जनाको ज्यान गएको र पुवाखोलाको कारण सटके दोभानको २० घर जोखिम | तत्काल राहत प्रदान गरेको, त्रिपाल रासन प्रदान गरेको | रेडक्रस, गा वि स स्थानीय वासिन्दा |
| २०५९ | बाढी | १ | झुत्रेखोलाले ४ जना बगाएको र खड्गे खोलाले १ जना बगाएको, नेपालटार बजार आसपासका ५ घरधुरी प्रभावित भएको | खोज तथा उद्धार गरिएको<br><br>राहत तथा सेवा प्रदान गरेको | स्थानीय समुदाय, कारखाना (चिया) लगायतले सहयोग गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| २०६३ | बाढी , पहिरो | १० | अत्याधिक वर्षाको कारण बाढी पहिरोले निम्न, मध्यम-वर्ग, साविकको गोदक गाविसको सयौको सख्यामा धान खेत बगाएको, पशु चौपायामा क्षति पुगेको | तत्कालिन गाविस, प्रशासनको र स्थानीय वासिन्दाको संयुक्त प्रयासमा प्रभावित क्षेत्रको अनुगमन तथा क्षतिको विवरण संकलन गरी उद्धार समेत गरिएको रेडक्रसबाट राहत सामाग्री वितरण (प्याकेज) | प्रहरी रेडक्रस , गाविसले सहयोग गरेको |
| २०६५ | आगलागि | ३ | सामुदायिक वन | समुदाय आफैले निभाउने प्रयास गरेको | समुदाय |
| २०६६ | आगलागि | ७ | १५ घरधुरी आशिंक रुपमा क्षति भएको | स्थानीयबासी, सेना तथा प्रहरीले निभाउने प्रयास | स्थानीयबासी, सेना तथा प्रहरी |
| २०७० | बाढी, पहिरो | २,<br><br>९ | चित्रे लगायत, विभिन्न क्षेत्रमा बाढी पहिरोको कारण धानवाली र १ घरमा क्षति, ६ वटा गाई मरेको<br><br>गाउबेसी टोलमा, महरे खोल्सा, खार खोला, साजबोटे, सिंहवाहिनी, लम्पटे र खाल्डे खोल्सीहरुले जग्गा जमिन बगाएको | राहत वितरण, गोठका लागि त्रिपाल वितरण, घरको लागि टिन वितरण गरेको<br><br>सिंचाई सरकारी कार्यालय, र भूसंरक्षण कार्यालयले नालीको व्यवस्थापन गर्न कुलो निर्माण र ग्याविन वाल निर्माण गर्न सहयोग गरेको | सुम्बेल गाविस, नेपाल रेडक्रस, सगरमाथा हाइड्रो पावर कम्पनी<br><br>इलाम नगरपालिका, सरकारी कार्यालय |
| २०७१ | हावाहुरी | ११ | वडाका अधिकांश ठाउँका सामुदायिक तथा नीजी वनमा ठूलो क्षति, करिव ३० घरधुरीमा क्षति, एक व्यक्तिको मृत्यु | नेपाल रेडक्रस सोसाइटीबाट राहत स्वरुप त्रिपाल तथा कपडा वितरण | व्यक्ति तथा समुदाय, नेपाल रेडक्रस सोसाइटी |
| २०७२ | पहिरो | १० | मेची राजमार्गको सिलपुर खण्ड अवरुद्ध, गोदक भरिनै पहिरोको कारण ठाउँ ठाउँमा बाटो अवरुद्ध, नमुना आधारभूत विद्यालय र जनकन्या आधारभूत विद्यालयको भवन क्षतिग्रस्त | | |
| २०७३ | हावाहुरी | २ | साविकको सुम्बेक गाविस भित्र अधिकाश विद्युत पोल क्षति भई केही पोल भाँचिएको | काठको पोललाई परिवर्तन गरी फलामे पोल गाडिएको | नेपाल विद्युत प्राधिकरण, इलाम शाखा |
| २०७५ | असिना | २ | साविक सुम्बेक गाविस वडा १, ३ र ७ वडाको कृषि बालीमा ठूलो क्षति परेको | बीउ बिजन वितरण गरिएको | इ न पा २ वडा कार्यालय, कृषि ज्ञान केन्द्र, इलाम |
| | आगलागी | ४ | १ घरधुरी पूर्ण रुपमा नष्ट भइ १ महिलाको मृत्यु भएको | आगो निभाउन प्रयास गरिएको, क्षतिपुर्ति दिएको, लत्ताकपडा, त्रिपाल सहयोग गरेको | नेपाल प्रहरी, स्थानीयवासी, रेडक्रस सोसाइटी, इलाम नपा, जि.प्र.का, इलाम |
| | बाली तथा फलफुलमा किराको प्रकोप | १० | अदुवाको बोट मर्ने, कुहिने, करिव ३ हजार रोपनी अलैंची बारी क्षति | | |
| | बाढी ,पहिरो | ७ | इलामको ऐतिहासिक चियाबारीको क्याम्पस पछाडिको भाग भलबाढीको कारण पहिरो गएको | पहिरोको जोखिम न्यूनीकरणको लागि वृक्षारोपण, नाली निर्माण, पर्खाल निर्माण भएको | स्थानीय तह, गै स स र रेडक्रस |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७६ | बाली नालीमा लाग्ने किराको प्रकोप | १० | अत्याधिक किरा लाग्ने गरेको | कृषि प्राविधिकहरुसँग परामर्श गरी रोकथामको उपाय गरे पनि ठोस उपचार विधिको अभाव, त्यस जग्गामा अम्रिसो लगायत अन्य विरुवा लगाउन थालेको (उत्तिस, चिलाउने) | कृषि ज्ञान केन्द्र |
| | आगलागि | ३,<br><br><br><br>४ | हिमाल थापाको घरमा आगलागि भई घर आंशिक रुपमा क्षति भएको<br><br>मलातेको १० रोपनी वन नष्ट भएको | स्थानीय, प्रहरी प्रशासनबाट खोज उद्धार र राहतमा सहयोग<br><br>तत्काल दमकल बोलाएर आगो नियन्त्रण गरेको | स्थानीय, प्रहरी प्रशासन रेडक्रस<br><br>इनपा, नेपाल प्रहरी, स्थानीय जन प्रतिनिधी स्थानीयवासी |
| | भलबाढी, पहिरो | २ | साविक सुम्बेक गाविस वडा न १, ४ र ९ मा बाटो तथा घर जग्गामा क्षति भएको | तत्कालै जेसिबि प्रयोग गरी भल तथा पहिरो सफा गरी आवागमन सजिलो गरिएको | इलाम नपा, नेपाल प्रहरी, रेडक्रस सोसाइटरी |
| २०७७ | असिना | ११ | किसानका बालीनाली क्षति तथा घरमा सामान्य क्षति | | सहयोग नपाइएको |
| | बाढी , पहिरो (कार्तिक) | ४,<br><br><br><br>६,<br><br><br><br>७ | विभिन्न टोलका ५ घरधुरीमा क्षति भएको, १ घरधुरी विस्थापित, बाटो बगाएको<br><br>२०० घरधुरी, केही विद्यालय, बाटो, मन्दिर, पर्यटकीय स्थल, खानेपानी मुहान, विद्युत, टेलिफोन, क्षति भई प्रभावित भएको<br><br>१० घरधुरी क्षति भएको | तत्कालिन अवस्थामा सुरक्षित स्थानमा सारेको र पछि घर पुन:निर्माण गरिएको, राहतको व्यवस्था गरिएको<br><br>सम्बन्धित निकायमा पहल गरी राहत तथा उद्धार कार्य गरी पुन:स्थापनामा सहयोग गरेको ।<br><br>पर्खाल र नाली निर्माण | वडा कार्यालय, रेडक्रस सोसाइटी, स्थानीयवासी, नेपाल प्रहरी<br><br>स्थानीय निकाय, सुरक्षा निकाय र रेडक्रसबाट सहयोग गरेको<br><br>स्थानीय तह, सडक डिभिजन कार्यालय |
| | आगलागि | १ | २ घर परिवार (तेज बहादुर गुरुङ, मिन लिम्बु)को घर जलेको | आगो निभाएको, खोज तथा उद्धार गरेको, राहत संकलन र वितरण | रेडक्रस, बैंक तथा वित्तिय संस्था, स्थानीय समुदाय, वडा, नगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| **२०७८** | फौजी किरा | ११ | मकै वालीमा फौजी किराका कारण उत्पादनमा ठूलो क्षति | व्यक्ति स्वयमले औषधी प्रयोग गरी केही हदसम्म रोकथाम भएको | कृषक |
| | बाढी, पहिरो, भलबाढी | २, | साविक सुम्बेक गाविस वडा न ३ ,४ ९ वडाका विभिन्न सडक किनारमा पहिरो गई क्षति गरेको तथा २ वटा घर पूर्ण रुपमा क्षति भएको | पिडीत घरधुरीहरुलाई तत्कालै सुरक्षित स्थानमा बसोबासको व्यवस्था गरिएको, बाटोमा सहज आवत जावतको व्यवस्था मिलाएको | स्थानीय तह, रेडक्रस सोसाइटी, नेपाल प्रहरी |
| | | ३, | छाउरे टोलमा ४ घर पहिरोबाट प्रभावित, चुरी गाउँ टोलमा संुगुर सहित खोरलाई क्षति पुरयाएको, लाल बहादुर राईको घरमा क्षति, सुनुवार गाउँमा पृथ सिंह सुनुवारको घरमा क्षति, दालबारी तल्लो खत्री गाउँको २० घर पहिरोको जोखिममा परेको, हाइड्रो पावरबाट क्यानल लाइन मुनिको भेग जोखिममा भएको, पानी चुहिएर समस्या निम्त्याएको | स्थानीय समुदायले उद्धारमा सहयोग गरेको, वडा कार्यालयबाट हाइड्रो पावर सँग छलफल गरिएको थियो । | स्थानीय तह, संघीय सरकारबाट, सहयात्रा नेपालको सहयोग, र हाइडो पावर |
| | कार्तिक २ | ५, | १८ घरधुरी  प्रभावित, ५०० रोपनी जमिन कटान, पशुचौपाया विनाश | स्थानीय बासिन्दाबाट उद्धार गरी स्थानीय विद्यालयमा अस्थायी बसोबासको व्यवस्था गरिएको, पहिरो गएको ठाउँमा वृक्षारोपण भएको | स्थानीय बासिन्दा, प्रहरी प्रशासन, स्थानीय सरकार |
| | | ११ | पुवाखोलामा तटबन्ध गरेर बनाएका खेतमा बाढी पसेर खेतबाली पशुचौपाया आदिमा क्षति | | |
| | आगलागी (कार्तिक २ र ३ गते) | १ | ५ वटा घर जलेको | आगो निभाएको, खोज तथा उद्धार गरेको, राहत संकलन र वितरण | रेडक्रस, बैंक तथा वित्तिय संस्था, स्थानीय समुदाय, वडा, नगरपालिका |
| **२०७९** | बाढी, पहिरो | ४ | १ जनालाई बाढीले बगाएको र ज्यान गएको | खोजी गरि सम्बन्धित परिवारलाई खबर गरेको | स्थानीयवासी , नेपाल प्रहरी |
| | असोज १२ | ८ | बाटो, वन, पानीको श्रोत, ३० घरमा सामान्य क्षति, ५ घर पूर्ण रुपमा क्षति भएको थियो । | क्षति यकिन गरी सम्बन्धित निकायमा जानकारी गराइयो  र राहत कार्यक्रम भएको तथा पुनः निर्माण भई वृक्षारोपण कार्य गरेको | स्थानीय सरकार, प्रदेश र संघीय सरकार, विभिन्न संघसंस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| २०८० | गाइवस्तुमा लम्पीस्कीन रोग | १<br><br>११ | गाईगोरु पुरै प्रभावित गाई, गोरु बाच्छा बाच्छीमा यस रोगले प्रभाव पारेर ४० देखि ५० वटा गाईगोरु मरेको | नगरपालिकाबाट औषधी वितरण, खोप, औषधी, तथा प्राविधिक सहयोग, साधारण औषधी उपचार | वडा कार्यालय, नगरपालिका |
| | बाढी, पहिरो | १<br><br>११ | हिले खोला देखि पुवा खोला सम्मका बासिन्दाहरु, पुवा खोला बजार देखि झुत्रेखोला सम्मका ५०० घर विस्थापित भएको, मिल गोलाई, वडा न ८ जाने बाटो, बञ्चरे गोलाइको बाटो लगायत निर्माणाधिन धेरै बाटाघाटो, गोपाल राई राजमार्ग, नेपालटार, मंगलबारे सडक लगायतका स्थानहरुमा पहिरो गएको<br><br>निन्दाखुमा रहेको निन्दाकु स्वास्थ्य इकाई, महेश्वर आधारभूत विद्यालय लगायत आसपासका २० घरधुरी उच्च जोखिममा, ३० घरधुरी सामान्य क्षति, प्रभावित जातिहरुः लिम्बु, बाहुन, दलित | सामान्य वृक्षारोपण मात्र गरिएको, तारजाली, ढुंगा लगायतका सामाग्रीहरुबाट पर्खाल निर्माण, नाली काट्ने कार्य गरेका<br><br>उक्त क्षेत्रमा पहिरोको जोखिम कम गर्न तारजाली सहितको पर्खाल लगाउने काम गरियो, ३ घरधुरी त्यस ठाउँबाट अन्य ठाउँ बसाईसराई गरेको | वडा, नगर, सघंसंस्था, स्थानीय , राजनैतिक दल<br><br>भू संरक्षणको कार्यालय, स्थानीय तह, स्थानीय |
| | हावाहुरी तथा असिना | १<br><br>५ | चियाको मुनामा क्षति, किवी मकै, आलु अलैंची लगायतमा क्षति पुगेको<br><br>३० घरधुरी, कृषि बाली विनाश | सुरक्षित स्थानमा बसोबास | स्थानीय बासिन्दा |
| | खडेरी | १<br><br>३<br><br>४ | वडाका सबै भागमा समस्या, खानेपानीको मुहान सुख्खा<br><br>पानीको मुहान सुकेको, धोजे गाउँको १ घर खानेपानीबाट बंचीत<br><br>वडा न ४ का धेरै स्थानका पानीका मुहानहरु सुकेको, कृषि उत्पादनमा ह्रास | वृक्षारोपण, सामान्य मुहान संरक्षण, आदि कार्य गरेको<br><br>वडा कार्यालयबाट सहयोग गरी पानीको व्यवस्थापन गरेको<br><br>पानीको मुहान वरपर वृक्षारोपण गरी स्रोत संरक्षणमा प्रयास गरिएको | वडा कार्यालय, स्थानीय वासिन्दा<br><br>वडा कार्यालय, खानेपानी उपभोक्ता समितिबाट<br><br>स्थानीयवासी |
| | बालीमा लाग्ने रोग | २<br><br>३<br><br>१२ | फलफुल तरकारी ,खोर्सानी कुहिने वडा भरि नै<br><br>वडा भरि (हाल अलैंचीपूर्ण रुपमा विनास भएको, अदुवा अलैचीमा गानो कुहिने र जुर्जुरे रोग लाग्ने गरेको ।<br><br>अदुवामा किरा लागेको कारण ८०० कृषक प्रभावित, मकै, धानमा फौजी किराको आक्रमण | औषधी हालेर नियन्त्रणको प्रयास<br><br>औषधी, विरुवा वितरण, सचेतना कार्यक्रम संचालन<br><br>तत्काल विषादी प्रयोग गरियो | कृषक स्वयम<br><br>अलैची विकास केन्द्र फिक्कल,संघसंस्था, वडा र नगरले सहयोग गरेको<br><br>कृषक स्वयम |

ऐतिहासिक समयरेखा विश्लेषण गर्दा इलाम नगरपालिका बहु-विपद् जोखिम क्षेत्र रहेको देखिन्छ । विगतका ५० वर्षलाई हेर्दा यस नगरपालिकामा बाढी, पहिरो, भलबाढी, आगलागी, हावाहुरी, असिना, खडेरी, पशु र बालीनालीमा लाग्ने रोग तथा किराका जस्ता विपद्का घटनाहरु देखिएका छन् । यी मध्ये पनि बाढी, पहिरो, भलबाढी, आगलागीका घटनाहरु सबै भन्दा बढी दोहोरिएका विपद्हरु हुन् । पछिल्ला वर्षहरुमा यस नगरपालिकामा बहु-विपद्का घटनाका क्रमहरु बढ्दो देखिन्छ । बहु-विपद्का घटनाहरु बढेसँगै त्यसले निम्त्याएका क्षति, हानि तथा नोक्सानी पनि उतिकै बढ्दो देखिन्छ । जलवायुजन्य विपद्हरुको विश्लेषण गर्दा वडा १, र ४ मा सबै भन्दा बढी विपद्का घटनाहरु देखिन्छन् । त्यस्तै क्रमशः वडा २, ११, ३ र १० मा विपद्का घटनाहरु रहेको देखिन्छ । पछिल्लो वर्षहरुमा असोज र कार्तिक महिना अर्थात मनसून पछि पनि बाढी र पहिरोका घटनाहरु भइरहेको देखिन्छ ।

विगतमा विपद्बाट मानवीय क्षति, घर, जग्गाजमिन, खेत, अन्नबाली, वन, पानीको मुहान, सडक लगायत भौतिक संरचनाहरुमा क्षति भएको पाइन्छ । त्यस्तै हालका वर्षहरुमा देखिएको बालीनालीमा लाग्ने रोगकिराको प्रकोपले पनि चिया, अदुवा, अलैँची, मकै, एभोकाडो, आलुमा क्षति पुऱ्याएको देखिन्छ । समयमा पानी नपर्नुको कारण खडेरीको प्रकोप विगत ५ वर्ष देखि बढ्दो देखिन्छ ।


उचाइ नक्सा
इलाम नगरपालिका
N
१:१,१०,०००
वडा ३
ठूलो पुवाखोला
पुवा खोला
सानोमाइ खोला
वडा १
वडा ४
वडा २
भुत्रे खोला
वडा ५
वडा ६
वडा ७
वडा ८
वडा १२
सदके खोला
जोगमाइखोला
वडा ९
वडा १०
करफोक खोला
वडा ११
माइखोला
संकेत
मेची राजमार्ग
खोला
वडा सिमाना
उचाइ (मि.)
उच्च : ३०१९
निम्न : ३००
सन्दकपुर
फाकफोकथुम
माइजोगमाइ
देउमाइ
इलाम
सूर्योदय
मासेबुङ
रोङ
माइ
चुलाचुली
इलाम जिल्ला
स्रोत : टोपोग्राफिकल नक्सा, नापी विभाग ।



भिरालोपना नक्सा
इलाम नगरपालिका, इलाम
उत्तर
देउमाइ खोला
सोल्टी खोला
समाहा खोला
सानोमाइ खोला
मालुखोला
मलुखोला
पुवा खोला
भुत्रे खोला
माइखोला
जोगमाइखोला
टाङटिङ खोला
१
२
३
४
५
६
७
८
९
१०
११
१२
संकेत
भिरालोपना (डिग्रीमा)
१-१५
१५-२०
२०-२५
२५-४५
स्केल
१: २०,०००
० १.५ ३ ४.५ ६
किलोमिटर
स्रोत : टोपोग्राफिकल नक्सा, नापी विभाग ।




स्रोत : संकटासन्नता तथा जोखिम विश्लेषण कार्यशाला, इलाम नगरपालिका ।

माथिको नक्शा र प्रकोप स्तरीकरणलाई विश्लेषण गर्दा इलाम नगरपालिका पहिरोको ठूलो जोखिम अथवा पहिलो नम्बरमा रहेको देखिन्छ । तालिका १ मा इलाम नगरपालिकाका सम्पूण वडाहरुमा पहिरोको घटना देख्न सक्छौं । यसले गर्दा मानवीय क्षति कम भए पनि भौतिक क्षति धेरै, खानेपानीका मूलहरु बगाएको, सार्वजनीक भवन, स्कूलहरु जोखिममा, राजमार्ग र बाटो वरिपरिका क्षेत्रमा जोखिम बढी, हाइड्रो पावरका कारण जोखिम बढेका जस्ता समस्याहरु देखिन्छन् । त्यस्तै अनुकूलनका लागि बसाईसराई, तारजाली र पर्खाल निर्माण जस्ता प्रयासहरु भइरहेको समुदायका छलफलमा उल्लेख गरिएका थिए ।

त्यस्तै गरी इलाम नगरपालिका बाढीको जोखिममा दोस्रो स्थानमा रहेको र वडा १, २, ६, र १० मा धेरै असर पुऱ्याएको छ । जसले गर्दा मानवीय क्षति कम भए पनि भौतिक क्षति धेरै, विस्थापनको समस्या, खेतबारी चौपाया आदिमा क्षति, सार्वजनीक सम्पत्तिहरुमा क्षति र जोखिम देखिएका छन् । त्यस्तै अनुकूलनका लागि उद्धार, राहत प्रदान तथा बसाइ सराइ जस्ता प्रयासहरु भइ रहेका बताइएका छन् ।

त्यसै गरी इलाम नगरपालिका खडेरी र आगलागीको जोखिम पछिल्लो वर्षहरुमा बढी हुन थाले पनि यसको जोखिम तेस्रो स्थानमा रहेको छ । खडेरीको प्रभाव वडा १, ३, ४, ६ र ८ मा देखिन्छ । जसले गर्दा खानेपानीको मुहान सुकेको र खेतिबाली उत्पादनमा ह्रास आएको समस्या देखिएका छन् । र यसका अनुकूलनका लागि वृक्षारोपण र मुहान संरक्षणका प्रयासहरु भइ रहेका छन् । त्यसतै आगलागीको प्रभाव वडा १, ३, ४, ७ र ८ मा बढी रहेको छ । जसले गर्दा जनधनको क्षति समेत भएको, जस्तैः २०६६ सालमा वडा ७ मा १५ घर क्षति, २०७५ सालमा वडा ४ मा १ घर पूर्ण क्षति र १ महिलाको मृत्य भएको थियो । त्यस्तै आगलागीबाट २०७६ सालमा वडा ४ को १० रोपनी वन नष्ट भएको थियो । यसका अनुकूलन प्रयासका लागि खोज, उद्धार तथा राहत सामाग्री प्रदान गरिएको थियो ।

### ४.४.२ प्रकोप, मौसम र बाली पात्रो

#### ४.४.२.१ प्रकोप पात्रो

वडा स्तरीय छलफल अनुसार प्रकोप हुने समयमा केही परिवर्तन भएको पाइन्छ (अनुसूची २) । पहिला बाढी तथा पहिरोको प्रकोप जेठ देखि असोज सम्म हुने गर्थ्यो भने हाल हाएर जेठ देखि कार्तिक सम्म हुने गरेको छ । जसले वर्षा हुने र प्रकोपको घटना हुने समय १ महिना जति पछि सम्म हुने गरेको देखिन्छ । त्यसैगरी खडेरीको समय पहिलाको तुलनामा ६ महिनाले बढेको देखिन्छ । समयमा पानी नपर्नाले खडेरीका घटना बढ्न थालेको छ । साथै असिना, चट्याङ, पशु, बालि तथा फलफुलमा लाग्ने रोग पहिलाको तुलनामा बढी हुने गरेको छ ।

#### ४.२.२.२ मौसमी पात्रो

मौसमी पात्रोमा ३० वर्ष अघि र विगतका ५ वर्षमा मौसममा आएको परिवर्तन देख्न सकिन्छ (अनुसूची ३) । वर्षालाई विश्लेषण गर्दा मनसुनी वर्षा र हिउँदे वर्षा १/१ महिनाले बढेको देखिन्छ । त्यसैगरी तापक्रमलाई विश्लेषण गर्दा जाडो महिनाका दिनहरु २ महिनाले घटेको र गर्मीका दिनहरु ३ महिनाले बढेको देखिन्छ ।

#### ४.२.२.३ बाली पात्रो

वडा स्तरीय छलफलबाट बनाइएको बाली पात्रो अनुसार, इलाम नगरपालिकामा बाली लगाउने र भित्राउने समयमा खासै परिवर्तन देखिँदैन (अनुसूची ४) । वर्षाको समय, अवधि, तीव्रता र जाडो गर्मीमा आएको परिवर्तनले खेती प्रणालीमा असर गर्छ । तर समुदायमा छलफल गर्दा जलवायुमा परिवर्तन आएता पनि खेती गर्ने समयमा भने खासै परिवर्तन आएको छैन । समयमा नै खेती गरेता पनि उत्पादनमा ह्रास आएको समुदायका मानिसहरुले महसुस भने गरेका छन् । समयमा पानी नपर्ने, अतिवृष्टि, अनावृष्टि हुने, नयाँ रोग तथा किरा, समयमा फूल तथा फल नलाग्नाले उत्पादनमा ह्रास आउँदै गएको छ । जस कारण विगतका ५ वर्ष देखि धेरै कृषकहरुले अदुवा र अकबरे खुर्सानी लगाउन छोडेका छन् ।

## ४.४.३ जलवायु परिवर्तनले विषयगत क्षेत्रमा पारेको प्रभाव

यस भागमा इलाम नगरपालिकामा जलवायु परिवर्तनका कारण जोखिममा रहेको विभिन्न क्षेत्रहरुको बारेमा विश्लेषण गरिएको छ। हरेक क्षेत्रको ३० वर्ष अगाडीको अवस्था, हाल ५ वर्ष यताको अवस्था र भविष्यमा हुनसक्ने संभावित अवस्थाका बारेमा समुदायसँग गरिएको छलफलको आधारमा विषयगत क्षेत्रमा परेको र संभावित जलवायुजन्य जोखिमको व्याख्या गरिएको छ। विषयगत क्षेत्रमाको बिस्तृत विवरण तल उल्लेख गरिए बमोजिम रहेको छ।

| ३० वर्ष अगाडीको अवस्था | हाल सम्म महसुस गरेको प्रभाव | भविष्यको अनुमान | महिला, बालबालिका र ज्येष्ठ नागरिकमा पर्न सक्ने प्रभाव |
|---|---|---|---|
| **कृषि तथा पशुपालन क्षेत्र** | | | |
| निर्वाहमुखी कृषि प्रणालीको बाहुल्यता रहेको थियो। रासायनिक मलको प्रयोग कम हुन्थ्यो र प्रांगारिक मलको प्रयोगबाटै खेतीपाती हुने गरेको थियो। बहुसंख्यक कृषकहरुले आकाशे खेती अपनाएका थिए। सिचाईको सुविधा ब्याँसी क्षेत्रमा मात्र थियो। रैथाने जातका धान (ताक्मारे, ताप्रे, चिराखे), गहुँ, जौं, फापर, मकै (सेतो, पहेलो, कालो), आलु (फारसे, निलो, झ्याले), कोदो जस्ता खाद्यान्न र रैथाने तरकारी, फलफुल खेती गरिन्थ्यो र उत्पादन पनि राम्रो थियो। खाद्य उत्पादन स्वस्थ र स्वच्छ थियो, रोग कीराको प्रकोप खासै थिएन र रोग कीरा व्यवस्थापनको लागि घरेलु विषादिहरुको प्रचलन थियो, नगदेबालीहरुको प्रवेश हुन थालेको थियो। रैथाने जातीको पशु (लोकल गाई, जुरे गाई, लेकाली भैंसी, गुजराती भैंसी) बाख्रा (खरी, सिंहाल बाख्रा) कुखुरा (स्याखिने, लोकल), रैथाने जातीको चराचुँरुगी पाइन्थ्यो। खुला चरनको अवस्था थियो। गाई भन्दा भैंसी ज्यादा पाल्ने गर्थे, परेवा, कुखुरा, हाँस पनि पाल्थे। पशु चौपायाहरुको आयु लामो हुन्थ्यो र रोग तथा महामारी कम लाग्थ्यो। | व्यवसायिक र अर्ध व्यवसायिक बजार मुखी कृषिको विस्तार हुन थालेको छ। उन्नत बिउ बिजनहरुको प्रयोग बढेको छ। नगदे बालीको खेती बढेर गएको छ। कृषि यान्त्रिकिकरण बढेर गएको छ। बालीनालीमा रोगकीराको प्रकोपमा वृद्धी भएको छ। रासायनिक मल र विषादिको प्रयोग क्रमिक रुपमा बढेर गएको छ। कृषकहरुले कृषि विषयक विभिन्न तालिमहरु प्राप्त गरेका छन। पानीको स्रोत भएको क्षेत्रमा सिचाई सुविधा पुगेको छ। समुह र सहकारीको रुपमा कृषकहरु संस्थागत भएका छन र कृषि समूह र कृषि सहकारीका सदस्यहरुको क्षमता विकास, सशक्तिकरण भएको छ। पशुपालनका लागि सुधारिएको गोठहरु निर्माण भएका छन्। गोठ तथा भकारो सुधारका कार्यहरुले तिब्रता पाएको छ। पशुधन तथा कृषि बाली सुरक्षणको थालनी भएको छ। खाद्य सुरक्षामा पोषणको कुरा बुझेका छन्। व्यवसायिक उत्पादन सँगै दूषित र अस्वस्थकर खाद्य पदार्थको उपभोग बढेको छ। गाई पालनमा विभिन्न रोगहरु जस्तै लम्पी स्किन रोग देखा परेको छ। हाल भेडापालन मासिइसकेको छ। चरन क्षेत्रको अभाव रहेको। उन्नत जातको पशुपालनमा वृद्धि भएकोले रैथाने जातका पशु लोपोउन्मुख हुँदै गएको छ। दुध उत्पादन बढाउनको लागि गाईलाई विभिन्न रसायन खुवाउने कार्यले गाइपालनमा भोलिको दिनमा समस्या बढ्ने देखिन्छ। | भू-उपयोग नीति लागु भएको हुनेछ। कृषकहरुको प्रविधि र प्राविधिक सेवामा पहुँच सुनिश्चित भएको हुनेछ। कृषकहरुको वित्तिय पहुँच बढेर गएको हुनेछ। बजारमुखी कृषि स्थापित भएको हुनेछ। जलवायु मैत्री कृषि प्रविधिको प्रभावकारी प्रसार भएको हुनेछ। खडेरी, वर्षा, तापक्रम सहन गर्न सक्ने कृषि बालीहरु भित्रिएका हुनेछन्। खाद्यान्न भण्डारण, तरकारी तथा फलफुल संकलन केन्द्र, सामुदायिक चल्ला उत्पादन केन्दको स्थापना हुनेछ। कृषि उत्पादन प्रशोधन र उत्पादन विविधिकरण मार्फत कृषि उपजको मुल्य अभिवृद्धी भएको हुनेछ। कृषिमा आधारित उद्यम र उद्योग विकास भएको हुनेछ। पशुधन तथा बाली सुरक्षण कार्यक्रममा सबै कृषक संलग्न भएका हुनेछन्। पशु नश्लहरुको सुधार भएको हुनेछ। नगरपालिकाले स्थानीय तहमा कृषि नीति र कृषि ऐन जारी गरिसकेको हुनेछ। प्रांगारिक कृषि स्थापित भएको हुनेछ र प्रांगारिक उत्पादनको बजार माग बढेर गएको हुनेछ। | विषादि अवशेषयुक्त र दुषित तथा अस्वस्थकर खाद्य पदार्थको उपभोगबाट उत्पन्न हुने रोगहरूको फैलावट बढ्नेछ। बच्चाहरु कुपोषित हुन सक्नेछन्। |

| वन तथा जैविक विविधता | | | |
|---|---|---|---|
| वनमा गैर काष्ठ पैदावरको उपलब्धता राम्रो थियो । स्थानीय जातका बोट विरुवाहरु जस्तै चाँप, कटुस, उत्तीस, मौवा, साथै स्थानीय झाडी र झारपातका प्रजातिहरु पाइन्थ्यो । जडिबुटिहरु चिराइतो, मजिठो, सतुवा, बुढोओखती, गिठ्ठा भ्याकुर, पर्याप्त पाइन्थ्यो । जैविक विविधता सन्तुलित थियो र कालिज, लुईंचे, कोइली, लाटोकोसेरो, काँडेभ्याकुर, जस्ता लोपन्मुख चराचुरुगीहरु बढी पाइन्थ्यो भने स्याल, दुम्सी, सालक, मृग, बँदेल, हाब्रे सामान्य संख्यामा थियो । घरेलु उर्जाको लागि दाउरा, घर निर्माणको लागि काठ, बस्तुभाउको लागि घाँसको स्रोत वन नै रहेको थियो । सरकारी वनको बाहुल्यता थियो | हाल अधिकांश वनहरु सामुदायिक वनको रुपमा समुदायलाई हस्तान्तरण भइसकेको छ । जैविक विविधतामा असन्तुलन देखिएको छ, स्याल, गिद्ध, कालिज, लुईचे, हाब्रे जस्ता जीवहरु पाइन छाडेका छन भने बँदेल, बाँदर, लोखर्के जस्ता जनावरहरुको संख्या बढेर गएको छ । वनस्पतिमा तितेपाती, चिराइतो लोप हुदैं तर टिकटिके झार, भक्ते काँडा, सल्ला जस्ता मिचाहा प्रजातिहरु बढेर गएको छ । वृक्ष प्रजातिको विविधतामा कमी आएको छ । बाढी पहिरोको नोक्सानी, खडेरी, र डढेलोको जोखिम बढेर गएको छ । जंगली फलफुल, गिठ्ठा भ्याकुर, जडिबुटी पूर्णतया मासिएको छ । काष्ठजन्य वृक्षको संख्या बढाइएको छ । वृक्ष सुधार, वृक्षारोपण, वन संरक्षणका कार्यहरु बढेर गएको छ । वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागु भएको छ । | वनमा जडिबुटी, कृषि बाली, औधोगिक बालीहरुको खेती मार्फत आर्थिक गतिविधिमा वृद्धी भएको हुनेछ । जैविक विविधता बढ्नुको साथै सन्तुलित भएको हुनेछ । वन्यजन्तु र वानस्पतिक विविधतामा आधारित पर्यापर्यटनको विकास भएको हुनेछ । कार्बन व्यापार र रेड+ मा वन क्षेत्रलाई आवद्ध गरिएको हुनेछ । वन्य जन्तुहरुको वासस्थान सुरक्षित र सुनिश्चित भएको हुनेछ । वनबाट प्राप्त हुने वातावरणिय सेवा, वस्तु सेवा, वासस्थान सेवा र सौन्दर्य सेवाको अवस्था सुधार भएको हुनेछ । | घाँस दाउरा साथै अन्य कारणले वन जाने महिला तथा ज्येष्ठ नागरिकहरु वन्यजन्तुसँगको द्वन्द्वको जोखिममा रहेको हुन्छ । |
| **जलस्रोत तथा उर्जा** | | | |
| ग्रामिण क्षेत्रमा उज्यालोको लागि दाउरा, खोटो, साथै टुकी बत्ती, मटितेलको प्रयोग हुने गरेको । शहरी क्षेत्रमा मटितेलको स्टोभमा खाना बनाउने प्रचलनको शुरु थियो र भरखरै ग्यास समेत भित्रन थालेको थियो । नविकरणिय उर्जा सम्बन्धि धेरै ज्ञान नभएको । जलको उपयोग सामान्य पिउने, पशुपंछीलाई पियाउने, सरसफाई र सिचाईका लागि प्रयोग गर्ने गरिएको । खानेपानीको धारा सार्वजनिक हुने र पानी लिन टाढा टाढा सम्म जानुपर्ने हुन्थ्यो । कुवा, पँधेरो, ढुंगे धारा, कुवा, खोल्सा तथा साना खोला खोलानाला प्रशस्त, सफा र स्वच्छ थियो । कुवाँ पँधेरो खोल्सा खोलाबाट, पानी घट्टाको प्रयोग गरिन्थ्यो । | उज्यालोको लागि विद्युत लाइन विस्तार भइसकेको छ । ग्रामिण क्षेत्रमा खोला खोल्सी उपयोग गर्दै माइक्रो र पिको हाइड्रो इलेक्ट्रिसिटिको सुरुवात र संचालन भएको छ । खाना बनाउने ग्यास सर्वसुलभ भएको छ र दाउरालाई लगभग विस्थापित गरिसकेको छ । ग्रामिण क्षेत्र धेरै घरधुरीमा गोबरग्यास संचालनमा रहेको छ । साना सिंचाई कार्यक्रम मार्फत खोला खोल्सी र मुहानबाट सिंचाई सुविधामा वृद्धी भएको छ । खानेपानीको विस्तार घर घरमा भइसकेको छ । शहरीकरण, पक्की सडक, अव्यवस्थित सडक निर्माण आदिको कारण स्थानीय खानेपानीको मुहानहरु भने सुक्ने क्रममा रहेको छ । पुराना पोखरी तथा सिमसारहरु मासिएका छन् । खोलाहरुबाट ठूला जलविद्युतको लागि सुरुङबाट पानी लान थालेपछि खोलाहरु बगरमा परिणत भएको छ र तटिय क्षेत्रमा सुख्खा बढेर गएको छ । जलचरको जिवन कष्टकर बन्दै, असला माछा, कत्ले माछा, गडेरा, गोहोरो, गंगटा आदि लोप हुने अवस्थामा रहेको । हाल खोलामा विभिन्न फाहोरमैला, ढल मिसिएको देखिन्छ । कलकारखानाको स्थापना, कुटानी पिसानीको लागी मिलको स्थापनामा वृद्धि भएको छ । | नगरपालिकाको प्रत्येक क्षेत्रमा विद्युतिकरण भइसकेको हुनेछ । घरायसी प्रयोजनको लागि सौर्य उर्जाको व्यापक प्रयोग भएको हुनेछ । खाना पकाउनको लागि इण्डक्सन चुल्होमा सबैको पहुँच भइसकेको हुनेछ । प्रतिव्यक्ति जल खपत बढेर गएको हुनेछ । स्थानीय पानीका मुहानहरु सुकिसकेको हुनाले धेरै टाढाबाट खानेपानी र सिंचाई सुविधाको व्यवस्था गर्नुपर्ने भएको हुनेछ । हाल बाँकी रहेको सिमसारहरु नष्ट भइसकेको हुनेछ । | पानीको कमीले महिला र बालबालिका बढी प्रभावित हुन सक्छन । इण्डक्सन चुल्होको संभावित दुर्घटनामा महिलाहरु जोखिममा पर्न सक्छन । |

| स्वास्थ्य तथा सरसफाई | | | |
|---|---|---|---|
| खुल्ला शौच हुने गरेको, सरसफाईमा चेतना कम थियो । विभिन्न प्रकारका रोगहरु जस्तैः रगत मासी, झाडा पखाला, ज्वरो, निमोनिया टाईफाइड, टिबी, औलो आदि रोग लाग्ने र मानव स्वास्थ्यमा असर थियो । रोग उपचारको लागि धामीझाँक्री लगाउने प्रचलनको बाहुल्यता थियो । उपचारको लागि जडिबुटीहरुको प्रयोग धेरै हुन्थ्यो । असाध्य रोग कमै मात्रामा देखा पर्ने गर्दथ्यो । बाल मृत्युदर बढी रहेको थियो । शहरी क्षेत्रमा समेत खाल्डे चर्पीको बाहुल्यता थियो । मानिसहरु अस्पतालको सेवा लिन बढी इच्छुक थिएनन् । महिलाहरुमा असुरक्षित महिनावारी र गर्भाधानको समस्या थियो । | स्वास्थ्य सेवामा पहुँच बढेर गएको छ । अस्पताल र नीजि स्वास्थ्य प्रदायक संस्था प्रशस्त मात्रामा बढेको छ । अस्पताल र क्लिनिकहरुमा बिरामीको चाप बढेर गएको छ । असाध्य रोग साथै मानसिक रोग र आतमहत्याको दरमा तिव्रता आएको छ । जटिल र आकस्मिक स्वास्थ्य सेवाको लागि आकस्मिक कक्ष साथै रिफरल लाई एम्बुलेन्सको व्यवस्था छ । नगरपालिकाको सम्पूर्ण क्षेत्र खुल्ला दिशामुक्त क्षेत्र भएको छ । स्वास्थ्य शिविर सञ्चालनमा छ । ग्रामिण क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्र संचालनमा छ । स्टेचर तथा आवश्यक औषधिहरुको मात्रामा व्यवस्था छ । शुद्ध पिउने पानीको प्रचलन छ । व्यक्तिगत सरसफाई राम्रो बनेको छ । सडक तथा सार्वजनिक स्थलमा फोहरको मात्रा घटेको छ । विद्यालयमा किशोरी मैत्री शौचालय बन्ने कम सुरु भएको छ । सुरक्षीत महिनावारी प्याडको प्रयोग बढ्दो छ । अपांगता भएको व्यक्तीहरुलाई मासिक भत्ताको व्यवस्था छ । ज्येष्ठ नागरिकहरुको स्वत स्वास्थ्य बिमाको व्यवस्था छ । अधिकांश घरधुरीहरु स्वास्थ्य बिमामा संलग्न छन । फोहोर मैला संकलन र निपटान राम्रो भएको छ र डम्पिङ साइटको व्यवस्था समेत छ । | संक्रामक महामारीका लागि क्वारन्टिन तथा होल्डीङ्ग सेन्टर सहित अत्यावश्यक उपचारको व्यवस्था भएको हुनेछ । मानव महामारी साथै पुश तथा बालीको महामारी प्रकोप क्षेत्रका लागि महामारी प्रकोप आँकलन, स्यापिङ र प्रकोपक्षेत्र निर्धारण प्रणालीको विकास भएको हुनेछ । जटिल स्वास्थ्य समस्याको लागि उपचारको व्यवस्था स्थानीय स्तरमै भएको हुनेछ । असाध्य रोगको मात्रामा अझ वृद्धी भएको हुनेछ । फोहोरमैला उत्पादन बढेर गएको हुनेछ र फोहोरमा नसडने फोहरको मात्रा धेरै उत्पादन भएको हुनेछ । ढल तथा नालीहरु व्यवस्थित भएको हुनेछ । व्यक्तिगत सरसफाई, सामुदायिक सरसफाईको स्तरमा सुधार आएको हुनेछ । फोहरमैला प्रशोधन केन्द्रको स्थापना भएको हुनेछ । वायु प्रदुषण बढनाले स्वासप्रश्वास, मुटु सम्बन्धी रोगको मात्रामा व्यापक वृद्धी भएको हुनेछ । | किशोरी मैत्री शौचालय नभएका विद्यालयमा महिनावारीको समयमा अप्ठेरो पर्ने । पानीको कमीको कारण सरसफाई प्रभावित हुन सक्ने र यसको मार र असर महिला, बालबालिका र ज्येष्ठ नागरिकले बढी भोग्नुपर्ने । बालबालिका र ज्येष्ठ नागरिकको श्वासप्रश्वास सम्बन्धी रोगमा वृद्धी हुने । |

| बसोबास तथा भौतिक पूर्वाधार | | | |
|---|---|---|---|
| शहरी क्षेत्रमा बाक्लो र ग्रामिण क्षेत्रमा पातलो बस्ती थियो । मोटरबाटो धेरै कम मात्रामा थियो । नाली तथा ढलहरु कच्ची र अव्यवस्थित थियो । विद्युतिकरण सबै ठाउँमा भइसकेको थिएन । गोरेटो र घोडेटो बाटोहरुको राम्रो संजाल थियो । उद्योग र कलकारखानाको रुपमा चिया कारखाना मात्र थियो ।<br>खानेपानीको पाइपलाइनहरु सिमित थियो । जस्ताको छाना भएका घरहरुको बाहुल्यता थियो र ग्रामिण क्षेत्रमा खरको छानो, बाँस, मालिगो, चिमे, ढुँगा, माटो, प्रयोग भएका होचा घरहरु समेत धेरै थियो ।<br>सेवा प्रदायक कार्यालयहरु, वित्तिय संस्थाहरु, गैसस र समुदायमा आधारित संघसंस्था कम थियो ।<br>संचारको लागि रेडियो, आ वा, गोरखापत्र मात्र थियो र टेलिफोन र टेलिभिजनले भरखरै प्रवेश पाएको थियो ।<br>साप्ताहिक हाट बजार आर्थिक कारोबारको लागि प्रमुख माध्यम थियो ।<br>स्कुल, क्याम्पसहरुको संख्या सिमित थियो । यातायातको साधनहरु सिमित थिए ।<br>मानिसहरु गाउँमा नै मिलेर बसोबास गर्दथे, भने कमै मात्रामा शहरमा बसोबास गर्ने गर्दथे । | शहरिकरणले तिव्रता पाएकोछ । गाउँबाट उच्च शिक्षा, रोजगारको लागि एवम् सुविधा उपभोग गर्न शहरमा बसाइ सराई बढेको कारण शहरमा बस्ती बाक्लिएको छ र शहर आसपासका क्षेत्रहरु घना बस्तीको रुपमा परिणत भइरहेको छ । शहरमा अहिले सानो परिवार, सुखि परिवारमा बस्ने गरिन्छ । मोटरबाटोको संख्या र संजाल बढेको र अव्यवस्थित भएको छ । खानेपानीको पाइपलाईन नगरपालिका भरि नै विस्तार भएको छ । विद्युतिकरण सबै वडाहरुमा भइसकेको छ । नाली तथा ढलहरुको निर्माण भएको छ तर शहरी क्षेत्रमा व्यवस्थित ढल छैन । खोलानालामा नाली तथा ढलको कारण प्रदुषण बढेको छ । कृषिमा आधारित उद्योग तथा कलकारखानामा वृद्धी भएको छ । यातायातको साधन धेरै मात्रामा बढेको छ र यसका साथै वायु प्रदुषण पनि वृद्धि भएको छ । सबै क्षेत्रमा सिमेन्टबाट पक्की घरहरु निर्माण भएकोछ । स्वास्थ्य सेवा, वित्तिय संस्था, संचार, यातायात लगायत अन्य सेवा प्रदायक संघसंस्थाहरु, गै स स आदिको संख्यात्मक वृद्धी भएको छ । संचार क्षेत्रको द्रुततर विकास र विस्तार भएको छ । | व्यवस्थित र वातावरण मैत्री हरित शहरको रुपमा विकास भएको हुनेछ । अव्यवस्थित भौतिक पूर्वाधार, प्रदुषण, फोहर मैला सम्बन्धि समस्या र चुनौतिहरु समाधान भएका हुनेछन । उद्योग कारखानाहरु वातावरण र मजदुर मैत्री भएका हुनेछन । सेवा प्रदायक संस्थाहरुको सेवा प्रवाहमा सुधार आएको हुनेछ । आर्थिक विकास र रोजगारीका अवसर हरुको स्थिति राम्रो भएको हुनेछ । पूर्वाधार विकास र बसोबासको लागि कृषि भुमि प्रयोग हुनाले उत्पादनमा ह्रास आएको हुनेछ । वनक्षेत्र खोलानाला अतिक्रमित भएको हुनेछ र तिनीहरुको हैसियत क्रमिक रुपमा बिग्रँदो अवस्थामा पुगेको हुनेछ । शहरीकरणको कारण हरित ग्यास उत्सर्जनमा वृद्धी भएको हुनेछ । | महिला, बालबालिका, ज्येष्ठ नागरिकहरुले विकासको कारण सामाजिक समस्या सामना गर्नुपर्ने । मानसिक समस्या ।<br>शारिरिक श्रमको कमीको कारण रोगको समस्या हुन सक्ने ।<br>ज्येष्ठ नागरिक, बालबालिका, महिला मैत्री विकास नहुने हुनसक्छ । लैगिक तथा घरेलु हिंसा, बाल मजजुरी समस्या हुन सक्ने । |

| | | | |
|---|---|---|---|
| **क्षमता विकास तथा जनचेतना** | | | |
| जलवायु परिवर्तन नयाँ शब्दावली र सवाल भएको कारण समुदाय साथै सरोकारवालाहरुलाई यस सम्बन्धी ज्ञान थिएन । प्राकृतिक प्रकोप र जोखिम व्यवस्थापनका सवालमा कमै मात्रामा जनचेतना थियो । प्रकोप, संकटउन्मुखता तथा जोखिम आँकलन, व्याख्या र समसामयिक अद्यावधिक, जोखिम संवेदनशील भू उपयोग योजना तयारी, विपद् प्रभाव मूल्याङ्कन जस्ता पक्षहरुमा सरोकारवाला र सेवा प्रदायक जनशक्तिहरुको क्षमता अभिवृद्धि कार्यक्रम हुँदैन थियो । | राजनीतिक नेता, निर्वाचित जनप्रतिनिधि, विषयगत निकायका सम्पर्क व्यक्ति, विपद जोखिम व्यवस्थापन क्षेत्रमा कार्यरत संघ संस्थाहरूलाई जलवायु परिवर्तन आधारभुत जानकारी, प्रभाव न्युनिकरण, अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन ऐन, नियम, नीति, रणनीतिक कार्ययोजना बारे तालिम र गोष्ठिहरु मार्फत अभिमुखिकरण भएको छ । जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धी सर्वसाधारणलाई सचेतना कार्यक्रम मार्फत चेतना अभिवृद्धी गराइएको छ । जलवायु परिवर्तन सम्बोधनका लागि समुदायमा आधारित संघ संस्था, गै स स तथा अन्य सरोकारवालाहरूसँग सहकार्य भएको छ । वन तथा वन्यजन्तु संरक्षण सम्बन्धि नीति, कानुनहरुको सचेतिकरण तथा क्षमता अभिवृद्धिका विशेष कार्यक्रमहरू संचालन भएका छन । प्रकोप, संकटउन्मुखता तथा जोखिम आँकलन, व्याख्या र समय समयमा अद्यावधिक गर्ने, जोखिम संवेदनशील भू उपयोग योजना तयारी, विपद् प्रभाव मूल्याङ्कन सम्बन्धमा सरोकारवाला र पेशाकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रम भएको छ । | जलवायु उत्पन्न प्रकोप सामनाको लागि पूर्वसूचना प्रणाली स्थापित भएको हुनेछ । समुदायहरुको व्यवहारमा परिवर्तन आई जलवायु मैत्री व्यवहारहरु स्थापित भएको हुनेछ । विद्यालयका पाठयक्रममा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन समावेश भई औपचारिक र संस्थागत अध्ययन अध्यापन भएको हुनेछ । समुदायका संकटउन्मुख समुह/वर्ग र सरोकारवालाहरू जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धी प्रशिक्षित भएका हुनेछन् । विद्यार्थी, अविभावक, शिक्षक, सेवा प्रदायक संस्था प्रतिनिधि तथा उपभोक्ताहरूले जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापनमा आवश्यक भूमिका पुरा गरेका हुनेछन् । प्राकृतिक स्रोत र समुचित व्यवस्थापन सम्बन्धि कानुनहरुको सचेतिकरण तथा क्षमता अभिवृद्धिका विशेष कार्यक्रमहरू संचालन भएको हुनेछ । जलवायु परिवर्तनका विविध आयामहरुमा अनुसंधान कार्य भएको हुनेछ । | महिला तथा ज्येष्ठ नागरिकहरुले जनचेतना अभिवृद्धि तथा क्षमता विकास कार्यक्रममा प्रतिनिधित्व गर्ने अवसर कम पाउने सक्ने संभावना हुन्छ । |
| **अन्य : १. पर्यटन एंव प्राकृतिक तथा सांस्कृतिक सम्पदा** | | | |
| साँस्कृतिक सम्पदाहरु मठ मन्दिर, गुम्बा, चौतारा, देवी स्थान, माता मन्दिर, जंगल, वरपिपल आदि धेरै नै थियो । ट्रेकिंग अवलोकनका साथै प्राकृतिक र साँस्कृतिक सम्पदासँग रमाउन पर्यटक आउने गरेको, पर्यटनमा राम्रो सम्भावना भए पनि यातायातको सुविधा, पर्यटकीय आकर्षणहरुको पहिचान, अभिलेखिकरण, प्रचार प्रसार नभएको कारण पर्यटनहरु कम मात्रामा आउथे । प्राकृतिक स्वच्छता, खोलानाला, जैविक विविधता, हावापानी राम्रो थियो । आन्तरिक पर्यटक र धार्मिक पर्यटक मात्र रहेको थियो । विविध मौलिक लोक सस्कृतिहरु थिए । पर्यटन क्षेत्र आर्थिक क्रियाकलाप बन्ने कुरामा समुदायलाई जानकारी थिएन । | पुवामझुवाको झरना, दिदि बहिनी झर्ना, शिवालय मन्दिर, सिद्धीथुम्काको चुली, सेती देवी, भालुढुंगा, रक क्लाइम्बिङ, इलाम चिया बगान लगायत धैरै पर्यटकीय स्थलहरुको विकास र प्रचार प्रसार साथै बजारिकरण भएको छ । स्थानिय जात्रा, पर्व, मेलाहरुको प्रवर्द्धन भएको छ । धार्मिक र साँस्कृतिक सम्पदाहरुको संरक्षण र संवर्द्धन भएको छ । पर्यटकहरुको आगमनमा वृद्धि भएको छ । पर्यटकीय वस्तु तथा सेवाहरुको स्तर सुधारिन थालेको छ । व्यवसायिक पर्यटन (होमस्टे, होटल)को विस्तार भएको छ । भौतिक पूर्वाधारको विकास, जनसंख्या वृद्धिको कारण वन विनाश, जलवायु परिवर्तनका कारण पहिलाको तुलनामा प्राकृतिक सुन्दरतामा गीरावट आएको देखिन्छ । पौराणीक तिर्थ स्थल तथा सरचनाहरुको विकास, पहिलाको तुलनामा परम्परा र सँस्कृति लोप हुदै गएको देखिन्छ । | कृषि पर्यटन, पर्यापर्यटन, धार्मिक पर्यटन जस्ता प्रकारको पर्यटन प्रवर्द्धन भएको हुनेछ । प्राकृतिक एवं साँस्कृतिक सम्पदाहरुको संरक्षण र प्रवर्द्धन भएको हुनेछ । पर्यटन मार्फत इलामको आर्थिक क्षेत्रमा सुधार आएको हुनेछ । | स्थानीय मेला, चाडपर्व, विशेष इभेन्टहरुमा महिला तथा बालबालिका माथिको सम्भावित यौनजन्य आक्रमण, यौन शोषण तथा यौन हिंसाको जोखिम बाल श्रम, ज्येष्ठ नागरिक प्रतिकुल घरेलु वातावरण हुन सक्ने |

| अन्य : २. लैङ्गिक समानता, सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन | | | |
|---|---|---|---|
| लैङ्गिक तथा जातिय विभेद थियो । एकल महिलाको अधिकार कुण्ठित भएको असस्था थियो । छुवाछुतको चलन व्याप्त थियो । वृद्धाश्रम, बाल आश्रमको व्यवस्था थिएन । महिलाहरु संघसंस्थाहरुमा प्रतिनिधित्व हुँदा पनि निर्णायक भुमिकामा हुँदैनथे । महिला साथै विपन्न परिवारको लागि शिक्षामा पहुँच कमै थियो । जिविकोपार्जनको प्रमुख स्रोत कृषि र पशुपालन नै थियो । समतामूलक विकासको अवधारणा आएको थिएन । | लैङ्गिक, सामाजिक, आर्थिक र जातिय विभेद हटेर गएको छ । एकल महिलाको अधिकार स्थापित भएको छ । नगरपालिका भित्रै वृद्धाश्रम , बाल अनाथालयको व्यवस्था छ । महिला, दलित, विपन्न, जनजातिहरुको संघसंस्था, स्थानीय सरकार, उपभोक्ता समिति आदिमा सम्मानजनक पहुँच स्थापित भएको छ । सामाजिक कार्य, धार्मिक, सांस्कृतिक पर्वहरुमा, पेशा व्यवसायहरुमा महिलाहरुको सहभागिता बढेर गएको छ । शिक्षा, स्वास्थ्य लगायत अन्य सेवाहरुमा महिला, जनजाति, दलित आर्थिक विपन्नहरुको लागि आरक्षणको व्यवस्था गरिएको छ । नेपालको संविधानदे निर्दिष्ट गरेको अधिकार, सुविधा सबैले उपभोग गर्न पाएका छन् । सरकारको प्रचलित कानुन अनुसार विधिको शासन स्थापित भएको छ । यद्यपि नीतिगत भ्रष्टाचार, आर्थिक अपचलन, घुसखोरी, सेवा र न्याय निरुपणमा ढिलासुस्ती बढेर गएको छ । जनताहरुले सुविधालाई अधिकार ठानेका छन् र आफ्नो जिम्मेवारी, भुमिका प्रति उत्तरदायि नभएको अवस्था रहेको छ । | लैङ्गिक, वर्गिय, जातिय, धार्मिक, भौगोलिक विभेदहरु समाप्त भई समता, समानता तथा सामाजिक समावेशिताको पुर्ण सुनिश्चितता भएको हुनेछ । अभिभावक विहीन बालबालिकाको, उत्तराधिकारी विहिन ज्येष्ठ नागरिकहरुले सुरक्षा महसुस गर्ने गरी उपयुक्त आश्रय पाएका हुनेछन् । प्रभावित व्यक्ति, वर्ग र समुदायको समतामूलक पहुँच स्थापना र सामुदायिक पुनर्निर्माण, स्रोत संरक्षण एवं सेवा सञ्चालनमा वृद्धि भएको हुनेछ । समुदायमा मनोपरामर्श सहायता चाहिने प्रभावितहरुको पहिचान गरी उनीहरूको समूहहरूको आवश्यकता अनुसारको क्रियाकलापहरु संचालन भएको हुनेछ । व्यापार, कृषि उद्यम, प्रशोधन तथा उत्पादन उद्योग, सामाजिक उद्यममा आधारित जीविकोपार्जनका थप तथा वैकल्पिक स्रोतहरुको स्थापित भएको हुनेछ । | महिला, बाल तथा ज्येष्ठ नागरिकहरुको शोषणको अवशेष रहन सक्ने । कुलतको कारण यौनजन्य तथा घरेलु हिंसाको दर बढ्न सक्ने । वैकल्पिक जिविकोपार्जनको अवसर र स्रोतहरुमा महिला, दलित र आर्थिक रुपले विपन्नको पहुँच कम हुन सक्नेछ । आरक्षण सुविधाको गलत उपयोग हुनसक्ने |

## निष्कर्ष

इलाम नगरपालिकाको ३० वर्ष अघिको अवस्था हेर्ने हो भने प्रकृति मैत्री रहेको देखिन्छ । विकास कार्यहरु विस्तारै भइरहेकोले वातावरण र प्राकृतिक स्रोतहरुको अवस्था राम्रो थियो । मानिसहरुको जिविकोपार्जनको प्रमुख स्रोत कृषि र पशुपालन रहेको, व्यवहार प्रकृति मैत्री, सामाजिक सदभाव राम्रो, जिवन स्तर सामान्य रहेको थियो । प्राकृतिक प्रकोपहरुसंग सामना गर्ने तयारी कम, स्वास्थ्य, शिक्षा, रोजगार, सेवा, रोजगारी जस्ता अवसरशरुमा कम पहुँच भएता पनि मानिसहरु सन्तुष्ट नै देखिन्थे । ३० वर्ष यताको स्थितिलाई हेर्ने हो भने यस नगरपालिकामा विकासको दरले तिव्रता पाएको भएता पनि विनासको दरले समेत उत्तिकै तिव्रता पाएको छ । प्राकृतिक प्रकोपको मात्रा बढेर गएको, जैविक विविधतामा ह्रास आएको, पारिस्थितिक प्रणालीहरुमा नकारात्मक परिवर्तन आएको, रोगको मात्रा र प्रकार बढेर गएको, जलवायुमा परिवर्तन आएको प्रष्ट देख्न सकिन्छ । भविष्यमा हालको समस्या र चुनौतीहरुको समाधानका लागि प्रभावकारी प्रयासहरु हुन सक्छन र मानिसहरुको सन्तुष्टिको मात्रा बढेर जानेछ भन्ने तथ्यलाई नकार्न सकिँदैन । हाल स्थानीय सरकार, गैसस, समुदाय र सम्पुर्ण विकास सरोकारवालाहरुले दिगो विकासको अवधारणा अघि सारेकाले यसको समग्र प्रभाव सकारात्मक हुने अपेक्षा गर्न सकिन्छ यद्यपि बढ्दो शहरीकरण, व्यवसायिक कृषि, बढ्दो उर्जा खपत, बढ्दो जल खपत, प्राकृतिक श्रोतहरुको बढ्दो दोहनको कारण नकारात्मक नतिजाहरुको पनि सामना गर्नुपर्ने उत्तिकै संभावना भने रहेको

छ । भविष्यको जलवायुजन्य प्रकोपको कारण आर्थिक अवस्था कमजोर भएका, महिला, बालबालिका, ज्येष्ठ नागरिक जस्ता समुहहरु बढी जोखिममा पर्न सक्ने आँकलन गर्न सकिन्छ ।

## ४.४.४ प्रकोप स्तरीकरण

इलाम नगरपालिका भित्र रहेका १२ वटै वडाहरु जलवायुजन्य प्रकोप तथा जोखिमको कुन स्तरमा रहेको छ भनेर निर्धारण गरिएको छ । वडाभित्र घटेका जलवायु जन्य प्रकोपको तिव्रता, प्रकोपले ल्याएको असर, असरसँगको सम्मुखता, प्रकोपबाट अनुकुलित हुने सक्ने क्षमता, सडक तथा स्वास्थ्य लगायतका पूर्वाधारको पहुँच तथा तालिम प्राप्त जनशक्ति तथा मानवीय संसाधनको अवस्थालाई आधार बनाएर वडा जोखिमको स्तरीकरण गरिएको छ ।

इलाम नगरपालिकामा जम्मा ११ प्रकारका जलवायुजन्य प्रकोपहरु पहिचान भएका छन् । इलाम नगरपालिका बहुप्रकोपको जोखिममा रहेको छ। इलाम नगरपालिकाको १२ वटै वडाहरु पहिरोको जोखिममा छन् भने ८ वटा वडाहरु बाढीको जोखिममा छन् । त्यसैगरि इलाम नगरपालिकाको ६ वटाहरु खडेरी र आगलागीले प्रभावित छन् । खडेरीको सन्दर्भमा विगत ५ वर्ष देखि नै पानी समयमा नपरेको कारण कृषि उत्पादन प्रभावित बन्न पुगेको छ । आगलागीको घटनाहरु पनि शहरी क्षेत्रका बस्तीहरुका साथै केही ग्रामीण भेगका वडाहरुमा पनि देखिएका छन् । त्यस्तै हावाहुरी, असिना, बाली तथा फलफुलमा लाग्ने किराको प्रकोप पनि यस पालिकामा देखिएका छन् । त्यस्तै चट्याङ, पशुमा लाग्ने रोग, महामारी, वनविनासको घट्नाहरु घटेको पाइन्छ । शहरी क्षेत्रका वडाहरुमा भलबाढी, पहिरो, आगलागीको जोखिम बढि देखिन्छन् भने ग्रामिण क्षेत्रका वडाहरुमा पहिरो, खडेरी, बालीमा रोगकिराको प्रकोप बढेको देखिन्छ ।

**तालिका १ : वडा स्तरको प्रकोप स्तरिकरण**

| वडा | पहिलो | दोश्रो | तेश्रो | चौथौ | पाँचौ |
|---|---|---|---|---|---|
| १ | भल बाढी | पहिरो | असिना | खडेरी | आगलागी |
| २ | पहिरो | नदी कटान | हावाहुरी | असिना | |
| ३ | पहिरो | खडेरी | भल बाढी | आगलागी | असिना |
| ४ | पहिरो | नदी कटान | खडेरी | आगलागी | असिना |
| ५ | पहिरो | भल बाढी | खडेरी | हावाहुरी | असिना |
| ६ | भल बाढी | खडेरी | पहिरो | | |
| ७ | पहिरो | भल बाढी | महामारी | | |
| ८ | पहिरो | खडेरी | नदी कटान | भल बाढी | |
| ९ | पहिरो | भूक्षय | खडेरी | भल बाढी | बालीको रोग |
| १० | नदी कटान | पहिरो | भूक्षय | भल बाढी | |
| ११ | खडेरी | पहिरो | हावाहुरी | असिना | |
| १२ | पहिरो | खडेरी | भूक्षय | भल बाढी | |

इलाम नगरपालिकाको सबै वडाहरुमा पहिरोको जोखिम देखिन्छ । १२ मध्ये ८ वडाहरुमा पहिरो प्रमुख विपद्को रुपमा पहिचान गरिएको छ । त्यसै गरी वडा नं. १ र ६ मा भलबाढी, वडा १० मा नदी कटान र वडा ११ मा खडेरी प्रमुख विपदको रुपमा पहिचान गरिएको छ । भौगोलिक अवस्थिति, भिरालोपनाको कारण पहिरोको जोखिम सबै वडाहरुमा रहेको पाइन्छ भने, जमीनको ढलान, वर्षाको प्रकृति, भौगर्भिक प्रकृति र जमीनको पाटोको कारण खडेरीको प्रकोप समेत प्रायजसो वडाहरुमा देख्न सकिन्छ । इलाम नगरपालिका माईखोला प्रणालीको उप जलाधार क्षेत्रको रुपमा रहकोले खोला र सानातिना खोल्सा खोल्सीको बाहुल्यताको सबै वडाहरुको तटिय क्षेत्रहरुमा भलबाढी र नदी कटानको जोखिम पहिचान गरिएको छ । वडा नं मध्य तथा उच्च पहाडि क्षेत्रमा अवस्थित वडाहरु १,२,३,४,५ र ११ मा असिनाको जोखिम पहिचान गरिएको छ । केही वडाहरुमा हावाहुरी, आगलागी, बालीमा रोग कीराको प्रकोप, महामारी जस्ता प्रकोपहरु समेत पहिचान गरिएको छ ।

## ४.५ प्रकोप तथा जोखिम विश्लेषण

इलाम नगरपालीकाको समग्र वडाहरुको प्रकोपको प्राथमिकीकरण भन्दा वडाहरुमा भिन्न किसिमको प्राथमिकता तथा प्रभाव समेत हुन सक्छ भन्ने मान्यताका आधारमा निम्न तालिकाहरुमा १२ वटा वडाहरुमा रहेको प्रकोपको प्रभाव, प्रकोपको प्रभावित क्षेत्रहरु विश्लेषण गर्नुका साथै भविष्यमा प्रकोप हुन सक्ने जोखिम र प्रकोपले पार्न सक्ने जोखिमको विश्लेषण गरिएको छ । यो विधि प्रयोग गर्दा प्रभावको स्तर, प्रकोप हुन सक्ने जोखिम र प्रभाव पार्न सक्ने जोखिमहरुको स्तर लाई १ देखी ३ अंक भार दिई विश्लेषण गरिएको छ जसमा १ भन्नाले न्यून प्रभाव तथा प्रयास र ३ भन्नाले सबैभन्दा उच्च प्रभाव तथा प्रयास भन्ने जनाउँछ । यसरी प्रभावको स्तर, प्रकोप हुन सक्ने जोखिम र प्रभाव पार्न सक्ने जोखिमहरुको अंक भारलाई गुणांक गरी प्रकोपको जोखिमको स्तर तय गरिएको छ । (कुल अंक बढी आएमा उच्च जोखिम र कम आएमा मध्य र न्युन जोखिम इंगित गर्दछ )

| प्रकोप | असर तथा प्रभावहरु | असरको गाम्भिर्यता | प्रकोपको सम्भावना | असरको सम्भावना | कुल अंक |
|---|---|---|---|---|---|
| **पहिरो** | जनधनको क्षति | ३ | ३ | २ | १८ |
| | जमिन, बस्ती, सडक भासिने | ३ | | ३ | २७ |
| | कृषि भुमिको क्षति | ३ | | ३ | २७ |
| | वनजंगलमा क्षति | ३ | | ३ | २७ |
| | सडक, बाटोघाटो क्षति | ३ | | २ | १८ |
| | सिंचाई कुलो क्षति | ३ | | ३ | २७ |
| | खानेपानीको पाइप क्षति | ३ | | २ | १८ |
| **भलबाढी** | कृषि भुमि कटान र बगाउने | ३ | ३ | ३ | २७ |
| | तटिय क्षेत्रको बालीनाली डुबान | ३ | | ३ | २७ |
| | पशुचौपाया बगाएको | २ | | २ | १२ |
| | मानवीय क्षति | ३ | | ३ | २७ |
| | घर बस्ती जोखिम बढ्ने | ३ | | ३ | २७ |
| | सिंचाई कुलो क्षति | २ | | ३ | १८ |
| | सतही उर्बर माटो क्षति | २ | | ३ | १८ |
| | सडक तथा बाटोघाटो क्षति | २ | | ३ | १८ |
| | खानेपानीको मुहान क्षति | ३ | | ३ | २७ |
| | खानेपानीको पाइप क्षति | २ | | २ | १२ |
| **खडेरी** | वनजंगल सुक्ने | ३ | ३ | २ | १८ |
| | अन्नबाली उत्पादनमा कमी | ३ | | ३ | २७ |
| | खाद्य संकट र भोकमरी | ३ | | ३ | २७ |
| | समयमा बाली लगाउन नसकिने | ३ | | ३ | २७ |
| | बालीमा रोगकिराको प्रकोप | ३ | | ३ | २७ |
| | बालीनाली सुक्ने | ३ | | ३ | २७ |
| | सिंचाइको पानी कमी | ३ | | ३ | २७ |
| | पानीको मूल सुक्ने | ३ | | ३ | २७ |
| | खानेपानीको अभाव | ३ | | ३ | २७ |
| | वन डँढेलो | ३ | | ३ | २७ |

| | | | | | |
|---|---|---|---|---|---|
| **भूक्षय** | कृषि भुमिको उर्वर माटो क्षति | ३ | ३ | ३ | २७ |
| | पोखरी र पानी मुहान क्षति | २ | | २ | १२ |
| | जल जैविक विविधता क्षति | २ | | ३ | १२ |
| | जल विद्युतमा क्षति | २ | | २ | १२ |
| | पानीजन्य रोगहरुमा वृद्धि | २ | | २ | १२ |
| **असिना** | फलफूलको फुल झर्ने | ३ | २ | ३ | १८ |
| | चिया, किबी बालीमा क्षति | ३ | | ३ | १८ |
| | अन्नबालीमा क्षति | ३ | | ३ | १८ |
| | वन्यजन्तु तथा पशुपक्षि क्षति | २ | | २ | ८ |
| **हावाहुरी** | भवनका छाना उडाउने | २ | २ | १ | ४ |
| | फलफुलको बोटमा क्षति | २ | | ३ | १२ |
| | वनजंगलको रुखबिरुवा भाँचेको | २ | | २ | ८ |
| | बालीनाली नष्ट भएको | ३ | | ३ | १८ |
| | उत्पादनमा कमी भएको | २ | | ३ | १२ |
| **आगलागी र डढेलो** | वनजंगल विनास भएको | ३ | २ | २ | १२ |
| | वन्यजन्तुको वासस्थान विनास | ३ | | २ | १२ |
| | खानेपानीको पाइप डढेको | २ | | २ | ८ |
| | मानिस घाइते भएको | २ | | १ | ४ |
| | धनजनको क्षति भएको | | | | |
| **बालीमा रोगकिरा** | खाद्यान्न उत्पादनमा कमी | ३ | २ | ३ | १८ |
| | भोकमरी | ३ | | २ | १२ |
| | आर्थिक नोक्सानी | ३ | | २ | १२ |
| **महामारी** | मान्छेमा संक्रामक रोग सरेको | १ | २ | १ | २ |
| | पशुचौपायामा रोग लाग्ने | ३ | | २ | १२ |

## ४.६ जोखिमको अवस्था तथा अनुकूलनका प्रयास विश्लेषण

यस विधिको प्रयोगबाट जलवायु उत्पन्न जोखिमको प्रभाव, प्रभावको मुख्य क्षेत्र विश्लेषण गर्नुका साथै जोखिम न्युनिकरणका लागि स्थानीय स्तरमा गरिएका अनुकूलनका प्रयासहरुको विश्लेषण गरिएको छ । यस अन्तर्गत प्रभावको स्तर र अनुकूलनका प्रयासहरुको स्तर दुबैलाई १ देखी ३ अंकभार दिई विश्लेषण गरिएको छ जसमा १ भन्नाले न्यून प्रभाव तथा प्रयास र ३ भन्नाले सबैभन्दा उच्च प्रभाव तथा प्रयास भन्ने बुझिन्छ ।

## जोखिमको अवस्था तथा अनुकूलनका प्रयास विश्लेषण

| क्र.सं. | जोखिम तथा प्रकोप | प्रभावको मुख्य क्षेत्र | प्रभावहरु | स्तर | अनुकूलनका प्रयासहरु | स्तर |
|---|---|---|---|---|---|---|
| १ | पहिरो | कृषि तथा खाद्य सुरक्षा, मानव सम्पत्ति, भौतिक पुर्वाधार, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा, पर्यटन | सामान्य अवस्थामा रहेको भुक्षय तथा भुस्खलनले ठूलो पहिराको रुप लिएको, कृषिभुमि क्षति गर्दै गएको, अन्नबाली नष्ट गरेको, उर्बर माटो बगाइ लगेको , पहिरोले बेसीमा भएका खेतमा रुखो माटो र गेगर जम्मा गरेको, पहिरोले बाटो र बस्तीका घरहरु पनि बगाएको तथा जोखिममा पारेको, पहिरोले वस्तिहरु भासिएको, खोल्सा र खोला क्षेत्रमा तटबन्धहरु भत्काएको | ३ | पहिरो नियन्त्रणका लागि ग्याबियन पर्खाल निर्माण गरिएको भएपनि प्रर्याप्त नभएको, वृक्षारोपण गरिएको, पहिरो क्षेत्रमा भएका घरहरु विस्थापित भई अन्यत्र बसाईसराई गरिएको | १ |
| २ | भल बाढी | कृषि तथा खाद्य सुरक्षा,स्वास्थ्य, भौतिक पुर्वाधार, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा, पर्यटन | बाढीले ब्याँसी क्षेत्र तथा तटिय क्षेत्रको कृषि योग्य जमिन कटान गर्ने तथा उर्वर कृषि भुमि रुखोमाटोले पुर्ने गरेको, सडक, विद्युत, सिंचाई जस्ता भौतिक पुर्वाधारहरुमा क्षति गर्ने गरेको, बाढीले घरखेत नै बगाउने गरको, बाली, मानिस, चौपाया तथा धनजनको क्षति गराउने गरको, पानीको मुहान पुर्ने तथा खानेपानीमा लेदो मिसिने गरेको, जसको कारण सरुवा रोगहरु फैलने गरेको | ३ | भलबाढी नियन्त्रणका लागि तटबन्ध निर्माण गरिए पनि प्रभावकारी हुन नसकेको | १ |
| ३ | खडेरी | कृषि उत्पादन तथा खाद्य सुरक्षा,स्वास्थ्य, भौतिक पुर्वाधार, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा | खडेरीका कारण खानेपानीका मुहानहरु सुकेको, बालीमा नयाँ रोग र कीराहरुको प्रकोप बढेको, खोलानालामा पानी कम भई विद्युत उत्पादन घटेको, वनजंगलहरुमा रुख र पतकर सुक्न गई डढेलोको घटनाहरु बढेको, नियमित आवश्यकता अनुसारको घाँस/दाउरामा कमी आएको, सिँचाइ सुविधा नभएको ठाँउमा खेतीपाती गर्न नसकिएकोले कृषि उत्पादनमा कमी आएको, ज्यादा सुख्खा भइ भुक्षय भएका र खाद्यान्न उत्पादन कम भएको, लेकाली क्षेत्रमा चरीचरनमा घाँसको कमीले समस्या उत्पन्न भएको | ३ | खानेपानीको स्रोत संरक्षण गरिएको, टनेल तथा थोपा सिचाई बाट तरकारी खेति उत्पादन गर्न सुरुवात गरिएको, कृषि भुमिमा प्लाष्टिक मल्च सुरु गरिएको, डढेलोको दर घटाउन चेतनामुलक सन्देश प्रवाह गरिएको | १ |
| ४ | हावाहुरी | कृषि तथा खाद्य सुरक्षा, भौतिक पुर्वाधार, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा | खाद्यान्न तथा फलफुलको बोट क्षति गरिदिने कारण उत्पादनमा ह्रास आउने, भवन तथा कटेरो र गोठको छाना उडाएको, बिजुलीको पोल र सडक किनाराको रुखहरु ढालिदिएको | २ | घर तथा गोठको छाना भित्तासंग तारले बाँधिएको | १ |
| ५ | असिना | कृषि तथा खाद्य सुरक्षा, भौतिक पुर्वाधार, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा | खाद्यबाली, चिया जस्ता नगदेबालीको क्षति हुने, खाद्यान्नको उत्पादन परिमाण र गुणस्तरमा ह्रास, पशु चौपायामा क्षति, तरकारी तथा फलफुल खेतीमा नकारात्मक प्रभाव, प्लाष्टिक टनेलमा क्षति | ३ | अलैंची जोगाउन उत्तिस रोपिएको र अनुकूलनका लागि खासै कार्यहरु गर्न नसकिएको | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | आगलागी/वन डढेलो | कृषि तथा खाद्य सुरक्षा, भौतिक पुर्वाधार, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा | धन जनको क्षति हुने गरेको, चौपायाहरुमा असर पर्ने, वन्यजन्तु र जैविक विविधतामा क्षति, माथिल्लो लेकाली क्षेत्रमा घाँस तथा जडिवुटिका प्रजातिहरु लोप हुँदै गएको, बोट बिरुवाको वृद्धि विकासमा असर, | २ | जनचेतनामुलक सन्देश प्रसार गर्ने गरिएको, सामुदायिक वनहरुबाट उपभोक्ताको लागि आचार संहिता जारी गरिएको, सुकेका दाउराहरु वनबाट निकालेर प्रयोग गरिएको | १ |
| ७ | कृषि बालीको रोगकीरा र पशुरोग महामारी | कृषि तथा खाद्य सुरक्षा | बालीमा नयाँ किसिमका किराहरु (सलह, फौजीकीरा, फेद कट्वा) बढ्न थालेको, तरकारी (खुर्सानी, लहरेबाली, आलु, कोपी आदि) साथै खाद्यान्न र फलफुलमा नयाँ रोग देखा परेको। पशु लम्पीस्कीन, खोरेत लगायत अन्य विभिन्न किसिमका रोगमा वृद्धि भएको, पशु चौपाया मर्ने, कुखुरामा बर्डफ्लु रोग धेरै देखा परेको, पशुजन्य उत्पादन (दुध, मासु, अण्डा)को उपलब्धता घटेको | २ | नगरपालिकाद्वारा फौजी किरा नियन्त्रण र पशु खोप अभियान संचालन गरिएको साथै एग्रोभेट बाट औषधि खरिद गरि उपचार गरिएको, चेतनामुलक सन्देश प्रवाह गरिएको | १ |
| ८ | महामारी ( मानव) | मानव स्वास्थ्य विशेष गरी महिला तथा बालबालिका, ज्येष्ठ नागरिक, अशक्त नागरिक | झाडापखाला, आँखा पाक्ने रोग, डेंगु/मलेरिया, टाईफाईड, रुघाखोकी, निमोनिया रोग संक्रमणमा वृद्धि, गृहिणी, बालबालिका, वृद्ध (ज्येष्ठ नागरिक) आदि बढी प्रभावित, अस्पताल र स्वास्थ्य केन्द्रमा सेवाग्राहीको भिड बढने गरेको, वर्षातको समयमा घरभित्र हुने वायु प्रदुषणका कारण गृहिणी, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक) आदिमा श्वासप्रश्वास सम्बन्धी रोग बढेको | २ | नजिकैको स्वास्थ्य केन्द्र र अस्पतालबाट स्वास्थ्य सेवा लिने गरेको, चेतनामुलक सन्देश प्रवाह गरिएको, घरभित्रको धुवाँ रहित क्षेत्र अभियान सुरु गरिएको | १ |
| ९ | भुक्षय | कृषि तथा खाद्य सुरक्षा, भौतिक पुर्वाधार, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा | कृषि भुमि रुखो हुँदै गएको कारण कृषि उत्पादन घटेको, तटिय क्षेत्रको उर्बर कृषि भुमि रुखो माटोले पुरेको फलस्वरुप कृषि उत्पादनमा ह्रास आएको, पोखरी र जलाशयहरु पुरिते गरेको, खोलामा माटो बग्ने समस्याले जलीय जैविक विविधतामा नकारातमक प्रभाव परेको, खानेपानी धमिलिएको | २ | कृषि भुमिमा गह्रा सुधार सुरुवात, खानेपानी स्रोत संरक्षण, प्रांगारिक मलको प्रयोग, कृषि भुमिमा भल नियन्त्रण | १ |
| १० | कृषक र वन्यजन्तु बीचको द्वन्द्व | कृषि र खाद्यान्न, जैविक विविधता | बँदेल, बाँदर, मृग, चराहरुको कारण बालीनाली क्षति, कृषि उत्पादन परिमाण र गुणस्तर दुवै घटने गरेको, वन्यजन्तुले बालीनालीमा क्षति पुऱ्याउनाले खेती नगरी कृषिभुमि बाँझो हुनु थालेको, मुसा र चराले भण्डारण गरेको खाद्यान्न क्षति गरेको | २ | कृषकहरुले तर्साएर वन्यजन्तु र चराहरु भगाउने गरेको, कुनै स्थानहरुमा पासो थापेर वन्यजन्तु नियन्त्रण गर्ने गरिएको, हरियो एग्रोनेट लगाएर बाली जोगाउने गरिएको | १ |

## ४.७ पारिस्थितिक प्रणालीको संकटासन्नता चित्रण तथा विश्लेषण

यस विश्लेषण मार्फत इलाम नगरपालिकामा जलवायु परिवर्तनका प्रभाव तथा संभावित जोखिम र तिनीहरुको वन, कृषि र जल पारिस्थितिक प्रणालीमा कस्तो असर छ भनी पत्ता लगाइएको छ ।

### ४.७.१ वन पारिस्थितिक प्रणालीमा परेको जोखिमहरुको विश्लेषण

इलाम नगरपालिकामा जलवायु परिवर्तनका प्रभावहरु तथा संभावित जोखिमहरुले वन तथा जैविक विविधताको समग्र अवस्थामा के कस्तो असर तथा प्रभाव पारिरहेको छ भनी पत्ता लगाउन यो विश्लेषण गरिएको छ । वन जङ्गलको पारिस्थितिक प्रणालीमा परेको जोखिमहरुको जानकारी समुह छलफल र अन्तरक्रियाबाट संकलन गरिएको थियो । पत्ता लगाईएका जोखिमहरुलाई उच्च-३, मध्यम-२ तथा न्युन-१ वर्गमा विभाजन गरी वन प्रजातिमा परिवर्तन, जीवजन्तुका प्रजातीमा परिवर्तन, वनको अवस्था, यसका संयोजन तथा पारिस्थितिक प्रणालीको सेवामा कस्तो परिवर्तन आएको छ भनी विश्लेषण गरिएको छ ।

**वन जगंल पारिस्थितिक प्रणालीमा परेको जोखिमहरुको विश्लेषण**

| क.सं. | जोखिमहरु | वन प्रजातीमा परिवर्तन | वन्यजन्तु प्रजातीमा परिवर्तन | वनको अवस्था र गुणस्तर | संयोजन | वन पारिस्थितिक प्रणाली सेवामा परिवर्तन | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | पहिरो तथा भू-क्षय | २ | १ | ३ | २ | २ | १० |
| २ | खडेरी | २ | १ | ३ | २ | २ | १० |
| ३ | भल बाढी | २ | १ | २ | २ | १ | ८ |
| ४ | रोगकिराको प्रकोप | १ | २ | २ | २ | २ | ९ |
| ५ | हावाहुरी | १ | १ | १ | १ | १ | ५ |
| ६ | आगलागी/डढेलो | २ | १ | २ | १ | २ | ८ |
| | **जम्मा** | १० | ७ | १३ | १० | १० | ५० |
| | **औसत** | १.६ | १.१ | २.१ | १.६ | १.६ | ८.३ |

### ४.७.२ कृषि पारिस्थितिक प्रणालीमा परेको जोखिमहरुको विश्लेषण

जलवायु परिवर्तनका प्रकोपहरुले कृषि पारिस्थितिक प्रणालीमा पारेको प्रभाव विश्लेषण गर्नलाई यो विधि प्रयोग गरिएको छ । समुहमा छलफल र अन्तर्क्रियाबाट जोखिमबारे जानकारी संकलन गरिएको थियो । पत्ता लगाईएका जोखिमहरुलाई उच्च-३, मध्यम-२ तथा न्युन-१ वर्गमा विभाजन गरी प्रमुख बालीहरुलाई आधार मानेर विश्लेषण गरिएको छ ।

**कृषि पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण**

| क.सं. | जोखिमहरु | कृषि प्रणालीमा परिवर्तन | खेतबारीको जिवजन्तु प्रजातीमा परिवर्तन | कृषिजन्य उत्पादन र गुणस्तर | कृषि पारिस्थितिक प्रणालीको सेवामा परिवर्तन | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | पहिरो तथा भू-क्षय | २ | ३ | ३ | २ | १० |
| २ | खडेरी | ३ | ३ | ३ | ३ | १२ |
| ३ | बाढी | ३ | २ | ३ | २ | १० |
| ४ | रोगकिराको प्रकोप | ३ | १ | ३ | ३ | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | हावाहुरी | २ | १ | २ | २ | ७ |
| ६ | असिनापानी | २ | २ | ३ | २ | ९ |
| ७ | आगलागी/वन डढेलो | १ | ३ | १ | १ | ६ |
| ८ | चट्याङ्ग | १ | १ | १ | १ | ४ |
| | **जम्मा** | १७ | १६ | १९ | १६ | ६८ |
| | **औसत** | २.१ | २ | २.३ | २ | ८.५ |

### ४.७.३ जल (सिमसार, खोला, पोखरी, पानीमुहान) पारिस्थितिक प्रणालीमा परेको जोखिमहरुको विश्लेषण

इलाम नगरपालिकामा भएका खोलानाला, पानीका मुहान, सिमसार, पोखरी आदिमा जलवायु परिवर्तनले पारेको असर र प्रभाव पत्ता लगाउन यो विश्लेषण गरिएको छ। जोखिमहरुको आधारमा पानीका स्रोतहरुमा रहेका वनस्पति र जीवजन्तुमा परिवर्तन, पानीको गुणस्तरमा परिवर्तन, पारिस्थितिक प्रणालीको संयोजन तथा तिनका सेवामा परिवर्तन जस्ता पक्षहरुमा जोखिमको अवस्था विश्लेषण गरिएको छ। समुहमा छलफल र अर्न्तक्रियाबाट जानकारी संकलन गरिएको थियो । पत्ता लगाईएका जोखिमहरुलाई उच्च-३, मध्यम-२ तथा न्युन-१ वर्गमा विभाजन गरी विश्लेषण गरिएको छ ।

**जल (सिमसार, खोलानाला, पोखरी, पानीका मुहान) पारिस्थितिक प्रणालीमा परेको जोखिमहरुको विश्लेषण**

| क.सं. | जोखिमहरु | वानस्पतिक प्रजातीमा परिवर्तन | जलजन्तु प्रजातीमा परिवर्तन | पानीको अवस्था गुणस्तर | संयोजन | जल पारिस्थितिक प्रणाली सेवामा परिवर्तन | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | पहिरो तथा भू-क्षय | ३ | ३ | ३ | २ | २ | १३ |
| २ | खडेरी | २ | २ | ३ | २ | २ | ११ |
| ३ | भलबाढी | ३ | २ | ३ | २ | ३ | १३ |
| ४ | रोगकिराको प्रकोप | ३ | २ | १ | १ | २ | ९ |
| ५ | हावाहुरी | १ | १ | १ | १ | १ | ५ |
| ६ | असिनापानी | १ | १ | १ | १ | १ | ५ |
| ७ | आगलागी/वन डढेलो | २ | २ | ३ | २ | २ | ११ |
| ८ | चट्याङ्ग | १ | १ | १ | १ | १ | ५ |
| | **जम्मा** | १६ | १४ | १६ | १२ | १४ | ७२ |
| | **औसत** | २ | १.७ | २ | १.२ | १.७ | ९ |

### ४.७.४ पारिस्थितिक प्रणालीको तुलनात्मक रुपमा जोखिम विश्लेषण

विभिन्न पारिस्थितिक प्रणालीहरुको विश्लेषण गरे पश्चात निम्न बमोजिम तुलनात्मक जोखिम विश्लेषण गरिएको छ ।

| क्र सं | पारिस्थितिक प्रणाली | विविधता | अवस्था र गुणस्तर | संयोजन | पारिस्थितिक प्रणालीमा परिवर्तन | जम्मा | औसत |
|---|---|---|---|---|---|---|---|
| १ | वन पारिस्थितिक प्रणाली | १.३५ | २.१० | १.६० | १.६० | ६.६५ | १.६६ |
| २ | कृषि पारिस्थितिक प्रणाली | २.०० | २.३० | २.१० | २.०० | ८.४० | २.१० |
| ३ | जल पारिस्थितिक प्रणाली | १.८५ | २.२२ | १.२० | १.७० | ६.५६ | १.६४ |

पारिस्थितिक प्रणालीहरुमा पर्ने जोखिम विश्लेषण गरे पश्चात सबैभन्दा बढी जलवायुजन्य जोखिम कृषि पारिस्थितिक प्रणाली (२.१०) मा परेको पाइन्छ, जोखिमको हिसाबले दोश्रो र तेश्रो स्थानमा वन पारिस्थितिक प्रणाली र जल पारिस्थितिक प्रणाली क्रमशः रहेका छन् । यद्यपि वन पारिस्थितिक प्रणाली (१.६६) र जल पारिस्थितिक प्रणाली (१.६४)को जोखिमको स्तर लगभग समान रहेको छ । कृषि पारिस्थितिक प्रणाली कृत्रिम पारिस्थितिक प्रणाली भएको र मानव क्रियाकलाप ज्यादा हुने कारणले प्राकृतिक पारिस्थितिक प्रणालीको तुलनामा कम लचकता हुने भएकोले पनि जलवायुजन्य प्रकोप अर्थात खडेरी, अनियमित वर्षा, पहिरो र भुक्षय, रोगकीराको समस्या, असिना जस्ता प्रकोपहरुको सहन गर्न नसकी बढी जोखिममा परेको अनुमान गर्न सकिन्छ । वैज्ञानिक वन व्यवस्थापनको नाममा वृक्ष, झाडी र झार प्रजातिहरु समुदायको चाहना अनुसारले छनौट र रोपण गर्ने भएको कारण वन जैविक विविधतामा कमी साथै असन्तुलन बढेको र जलवायुजन्य प्रकोप र वनमा बढदो मानव क्रियाकलापको कारण वन पारिस्थितिक प्रणालीले समेत लचकता गुमाउँदै गएको अनुमान गर्न सकिन्छ । जल पारिस्थितिक प्रणालीमा भुक्षय र पहिरोको दरमा वृद्धि गर्ने अव्यवस्थित सडक निर्माण र यसबाट खोला, नदीमा माटोका थिग्रने प्रक्रिया, खडेरी, मिचाहा प्रजाति, बजार क्षेत्रमा फोहोर फ्याक्ने प्रयोजनका निम्ति प्रयोग हुनाले गर्दा जल (खोला, नदी) पारिस्थितिक प्रणालीमा जल जैविक विविधता साथै अवस्था/गुणस्तरमा धेरै नकारात्मक प्रभाव परेको अनुमान गर्न सकिन्छ ।

## परिच्छेद ५

### जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिहरुको पहिचान

### ५.१ अनूकुलन तथा विपद् जोखिम व्यवस्थापन योजना

विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तनका असरहरूको सामना गरी सहज जीवनयापन गर्न सक्ने अवस्थाको सृजना गर्नका लागि प्रभावकारी उपायहरु, आवश्यक प्रक्रियाहरु, स्थानीय परिस्थिति अनुसार आवधिक (अल्प, मध्यम र दिर्घकालिन) अनुकूलनका रणनीतिहरूको अवलम्बन गर्न सकिन्छ। यस रणनीति तथा उपायहरु अवलम्बन गरी नगरपालिकाले तयार गरेको जलवायु परिवर्तन अनुकूलन योजना कार्यान्वयन गर्नका लागि सवै सरोकारवालाहरुको सहयोग, समन्वय, सहकार्यका साथ सामुहिक पहल आवश्यक हुन्छ। (प्रभावकारिता र दिगोपनाः १ न्युन, २ मध्यम र ३ उच्च)

**अनूकुलन तथा विपद् जोखिम व्यवस्थापन योजना**

| जलवायु जन्य प्रकोप | प्रभावित जीविकोपार्जनका स्रोतहरू | प्रकोपका क्षेत्र तथा असरहरू | अपनाइएका अनुकूलनका उपायहरू | प्रभावकारिता | दिगोपना | वैकल्पिक उपायहरू तथा विपद जोखिम न्यूनिकरण |
|---|---|---|---|---|---|---|
| **पहिरो** | प्राकृतिक सम्पति, भौतिक सम्पति, आर्थिक सम्पति, सामाजिक सम्पति तथा मानवीय सम्पति | कृषि भुमि, कृषि बाली, पशुधन, खोला खोल्सी, खानेपानीको मुहान, पाइप संजाल, सिंचाई कुलो, जलविद्युत, माछापालन, संरचना, बाटोघाटो, वनजंगल, भौतिक पुर्वाधार, वस्ति, जमिन, समुदाय आदिमा क्षति | वृक्षारोपण, गरा सुधार, कृषिवन, पर्खालहरु तथा ग्यावियन पर्खाल निर्माण, भल तर्काउने, निकास व्यवस्थापन जस्ता कार्यहरु मार्फत अनुकुलनको प्रयास भएका | २ | २ | ग्राउटिङ, रकबोल्ट, भिरालो स्थिरिकरण, कृषिवन, जैविक आभियान्त्रिकी (वायोइन्जिनियरिङ), तटबन्ध, ढल निकाश, जनचेतना, कुलो निर्माण, वृक्षारोपण, गह्रा सुधार, कभरक्रप, रिटेनिङ पर्खाल |
| **भलबाढी** | प्राकृतिक सम्पति, भौतिक सम्पति, आर्थिक सम्पति, सामाजिक सम्पति तथा मानवीय सम्पति | कृषि भुमि,बालीनाली, पशुबस्तु, माछापालन, पानीघट्ट खानेपानी मुहान र पाइप, सिंचाई कुलो, धुले तथा झोलुगें पुल, जलविद्युत नहर र पावरहाउस, मानविय क्षति, सडक, वनजंगल, पर्यटकीय आकर्षण आदिमा क्षति (पुर्ने, बगाउने) | जैविक बार, तटबन्ध निर्माण, सिंचाई कुलोको मर्मत संभार, जग्गा घेरबार, वृक्षारोपण, खाद्य खरीद संचिति बढाइने, चेतनामुलक सन्देश आदि मार्फत अनुकुलन प्रयास | २ | २ | खोला नदि तालिम, बृहत तटबन्धन, वृक्षारोपण, पक्कि सिंचाई कुलो, नहर मर्मत, झोलुंगे पुल तथा ट्रसपुल निर्माण, सुधारिएको घट्ट निर्माण, पूर्व सुचना प्रणाली स्थापना, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **खडेरी** | प्राकृतिक सम्पति, भौतिक सम्पति, आर्थिक सम्पति, सामाजिक सम्पति तथा मानवीय सम्पति | कृषि भुमि, बाली नाली, पशुवस्तु, खानेपानी मुहान, कुवा तथा धाराहरु, सिँचाई, चरन क्षेत्र, सिमसार, वनजंगल, जैविक विविधता, गैर काष्ठ वनपैदावरहरु, मानव स्वास्थ्य र सरसफाई, मानव वस्ती (आगलागी) जस्ता क्षेत्रहरुमा नकारात्मक असर | सिंचाई व्यवस्थापन, अन्यत्रको स्रोतबाट खानेपानी आपुर्ति, खानेपानीका मुहानहरुको संरक्षण, बाली पात्रोमा हेरफेर, धानको खासु राख्ने, प्लाष्टिक मल्चिङ, आगलागी र डढेलोबाट बच्न चेतनामुलक सन्देश प्रवाह मार्फत अनुकुलन प्रयास | २ | २ | खडेरी सहन सक्ने बाली प्रजाति र बीउविजन व्यवस्थापन, प्रविधि विकास र प्रसार, खोलाबाट पानी लिफ्टिङ, दिगो मुहानबाट स्थायी सिंचाइ योजना, वाटर हार्भेष्ट सिस्टम प्रवर्द्धन, थोपा सिंचाई प्रवर्द्धन खडेरी प्रतिरोधी बिउबिजनको व्यवस्थापन, पानीमुहान सरक्षण तथा पानी संरक्षक वनस्पतिको वृक्षारोपण आदि |
| **असिना** | प्राकृतिक सम्पति, आर्थिक सम्पति | खाद्यबाली (तरकारी फलफुल, खाद्यान्न, नगदे), वन्यजन्तु, पशुपन्छी, वन्यजन्तु र पशु पक्षि, वनजंगल आदिमा क्षति | खाद्यवस्तुको बाह्य स्रोतबाट आपुर्ति, चेतनामुलक सन्देश प्रवाह | १ | १ | असिना सहने बाली प्रवर्द्धन, सेड तथा पोलीहाउसमा खेती |
| **हावाहुरी** | प्राकृतिक सम्पति, भौतिक सम्पति, आर्थिक सम्पति, सामाजिक सम्पति, मानव सम्पति | नीजि तथा सार्वजनिक भवनहरुको छाना उडाएका, कृषिवाली, फलफुल, अन्नवाली र रुखका हाँगाहरुमा क्षति भएको, मकै तथा गहुँ बालीमा क्षति भएको, विद्युत लाइनको क्षति | क्षतिग्रस्थ पुर्वाधारहरुको मर्मत भएका , भाँचेको बनपैदावार सदुपयोग गरिएका | १ | २ | पक्कि भवनको व्यवस्था, हावाहुरी प्रतिरोधी कृषि बाली प्रवर्द्धन, विन्ड ब्रेकरको व्यवस्थापन, बाली र पशुधन सुरक्षण कार्यक्रम आदि |
| **आगलागि /वन डढेलो** | प्राकृतिक सम्पति, भौतिक सम्पति, आर्थिक सम्पति, सामाजिक सम्पति तथा मानव सम्पति | वन्यजन्तु, बनजंगल आर्थिक गतिविधिको क्षेत्रहरु, चरन क्षेत्र, वन्यजन्तु, भौतिक पुर्वाधारहरु, मानव समुदाय आदिमा नकारात्मक असर र प्रभाव | समुदायको प्रयासमा निभाउने र नियन्त्रणमा लिने प्रयास भएको, | १ | २ | वृक्षारोपण, जनचेतनामूलक कार्यक्रम, संरक्षण पोखरी निर्माण, अचिार संहिता निर्माण र पालना, अग्नि नियन्त्रण, अग्नी रेखा निर्माण, ट्रमा सेन्टर स्थापना, वनजंगलको सरसफाई, अग्नि नियन्त्रक सामाग्री वितरण आदि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **महामारी (मानव स्वास्थ)** | आर्थिक सम्पति, सामाजिक सम्पति तथा मानव सम्पति | सरुवा रोग, श्वासप्रश्वास रोग, झाडापखाला, हैजा टाईफाईड,भाईरल ज्वरो, छाला चिलाउने, आखा पाक्ने, प्रेसर तथा श्वासप्रश्वास जस्ता रोगहरु वढ्दै गएका, नयाँ नयाँ भाइरसहरु जस्तै कोरोना देखा परेको | स्वास्थ्य शिविर, आकस्मिक सेवा | २ | २ | व्यक्तिगत तथा सामुदायिक सरसफाई, स्वास्थ्य जनचेतना, घुम्ती शिविर, स्वास्थ्य चौकीमा पर्याप्त औषधि व्यवस्था गर्ने,स्वास्थ्य संस्थाहरुको स्तरोन्नती, स्वच्छ पिउनेपानी, पोषणयुक्त आहार, योगा |
| **पशु महामारी** | आर्थिक सम्पति | गाई भैंसी, भेडाबाखा, हाँस कुखुरामा विभिन्न प्रकारका सरुवा रोग को कारण पशुपंक्षी धनमा क्षति | पशु स्वास्थ्य कार्यकर्ताबाट सेवा प्रदान, घरेलु औषधी | १ | १ | औषधि तथा खोपको व्यवस्थापन, पशु चिकित्सकद्वारा नियमित चेकजाँच, पशु बिमा र गोठ सुधार, रोग प्रतिरोधी पशुपंक्षीको नश्ल विस्तार, क्वारन्टीनको उचीत व्यवस्था |
| **कृषि बालीमा रोगकिरा** | आर्थिक सम्पति | कृषि बालीमा विभिन्न प्रकारका शत्रुकीराहरुलेसमस्या उत्पन, साथै नयाँ प्रकारका रोगहरुको वृद्धी, कृषि उत्पादनको परिमाण र गुणस्तरमा कमी | एग्रोभेटबाट विषादि र औषधी व्यवस्थापन, वानस्पतिक विषादि तयारी र प्रयोग | २ | २ | पर्यावरणिय रोगकीरा व्यवस्थापन, रोग र कीरा प्रतिरोधी बाली र बीउविजनको विस्तार, जैविक विषादि, बाली सुरक्षण अभियानः, कृषकहरुलाई तालिम, अनुसन्धान मार्फत उपायहरुको खोज र कार्यान्वयन, प्लान्ट क्लिनिक मार्फत कृषकहरुलाई सेवा प्रदान |

## ५.२ अनूकुलन तथा विपद् जोखिम न्युनीकरणका कार्यहरूको प्राथमिकीकरण

पहिचान भएका जोखिम तथा प्रकोपहरूको प्रभावहरू तथा त्यसको लाभ लागत अनुपात लाभान्वित वर्ग आदिलाई मध्यनजर गरी अनुकूलनका उपायहरुको प्राथमिकिकरण तय गरिएको छ। प्राथमिकीकरण गर्ने क्रममा प्रभावकारिता, सम्भाव्यता, सान्दर्भिकता, र लैंगिक तथा सामाजिक संवेदनशिलता जस्ता उल्लेखित विषय वस्तुहरूलाई अङ्क १ देखि ३ निर्धारण गरिएको छ  जसमा अङ्क १ ले आधार राम्ररी पुरा गर्न नसक्ने तथा अङ्क ३ ले राम्ररी पुऱ्याउन सक्ने जनाउँछ। लगानीको मात्रा र त्यसको प्रतिफल अनुसार कम खर्चिलोलाई अङ्क ३ र धेरै खर्चिलोलाई अङ्क १ मानिएको छ। सबै विश्लेषणको नतिजालाई जोडेर आएको कुल अङ्कहरूलाई ३ भागमा विभाजन गरिएको छ जसमध्ये १४-१५

अङ्क आएका उपायहरूलाई तत्काल र अत्यावश्यक अवलम्बन गर्नुपर्ने (प्रथम), १२-१३ अङ्कलाई उच्च आवश्यक (दोस्रो) र ११ भन्दा कम अङ्क आएकाहरूलाई आवश्यक (तेस्रो) भनी वर्गीकरण गरिएको छ ।

| विषयगत क्षेत्र | अनुकुलनका उपाय | प्रभावकारिता | संभाव्यता | सान्दर्भिकता | लगानी/प्रतिफल | लै स सा स | जम्मा | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| **जलस्रोत तथा उर्जा** | साना सिंचाई कार्यक्रम | ३ | ३ | ३ | २ | २ | १३ | दोस्रो |
| | सिंचाई कुलो | ३ | ३ | २ | २ | २ | १२ | दोस्रो |
| | खानेपानी स्रोत संक्षण | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| | खानेपानी योजना | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | पानी रिचार्ज पोखरी | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| | सौर्य पानी लिफ्टिङ | ३ | ३ | २ | १ | २ | ११ | तेस्रो |
| | इण्डक्सन चुलो प्रवर्द्धन | २ | ३ | २ | २ | ३ | १२ | दोस्रो |
| | बायोग्यास प्रवर्द्धन | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | सौर्य बत्ती | ३ | ३ | ३ | २ | २ | १३ | दोस्रो |
| | बायो ब्रिकेट प्रवर्द्धन | २ | ३ | २ | ३ | २ | १२ | दोस्रो |
| **वन र जैविक विविधता** | वृक्षारोपण | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| | मानव र वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| | बाँदर लगायत वन्यजन्तु नियन्त्रण | २ | २ | ३ | १ | २ | १० | तेस्रो |
| | ऐतिहासिक चिया बगान संरक्षण | ३ | ३ | ३ | २ | २ | १३ | दोस्रो |
| | जलाधार क्षेत्र संरक्षण | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | वनमा अग्निरेखा निर्माण | ३ | २ | २ | २ | २ | ११ | तेस्रो |
| **कृषि र खाद्य सुरक्षा** | जलवायु मैत्री कृषि प्रसार | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| | रैथाने कृषि प्रजाति संरक्षण | २ | ३ | ३ | २ | २ | १२ | दोस्रो |
| | कृषि औजार/उपकरण वितरण | २ | ३ | २ | १ | २ | १० | तेस्रो |
| | अर्गानिक खेती तालिम र प्रवर्द्धन | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| | कृषि बाली पकेट बिकास कार्यक्रम | २ | ३ | २ | २ | २ | ११ | तेस्रो |
| | कोल्डस्टोर निर्माण | १ | २ | २ | १ | २ | ८ | तेस्रो |
| | बाली/पशु बिमा कार्यक्रम | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | प्रांगारिक मल प्रवर्द्धन | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| | कौशी खेती प्रवर्द्धन | ३ | २ | २ | २ | ३ | १२ | दोस्रो |
| | बालीको रोगकीरा व्यवस्थापन | ३ | ३ | ३ | २ | ३ | १२ | दोस्रो |
| | फलफुल/नगदेबाली खेती प्रवर्द्धन | ३ | ३ | ३ | २ | ३ | १३ | दोस्रो |
| | वैकल्पिक जिविकोपार्जन (माछा, मौरी) | २ | ३ | २ | २ | ३ | १२ | दोस्रो |
| | पशुपालन प्रवर्द्धन | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | पशु खोप अभियान | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | उन्नत घाँस खेती प्रवर्द्धन | ३ | ३ | २ | २ | २ | १२ | दोस्रो |
| | तरकारी खेती तालिम र प्रवर्द्धन | २ | ३ | ३ | २ | ३ | १३ | दोस्रो |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **बसोबास र भौतिक पूर्वाधार** | नाली/ढल निर्माण | ३ | ३ | ३ | १ | २ | १२ | दोस्रो |
| | सार्वजनिक शौचालय निर्माण | ३ | ३ | ३ | १ | २ | १२ | दोस्रो |
| | बायोन्जिनियरिङ | ३ | २ | ३ | २ | २ | १२ | दोस्रो |
| | पहिरो व्यवस्थापन | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | भुक्षय व्यवस्थापन | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| | भलबाढी व्यवस्थापन | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | तटबन्ध, निर्माण/खोलाखोल्सी तालिम | ३ | ३ | २ | १ | ३ | १२ | दोस्रो |
| | सडक स्तरोन्नति | ३ | ३ | २ | १ | २ | ११ | तेस्रो |
| | व्यवस्थित बस्ती | ३ | २ | २ | १ | ३ | ११ | तेस्रो |
| **स्वास्थ्य र सरसफाई** | स्वास्थ्य शिविर | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | महामारी नियन्त्रण | ३ | २ | ३ | २ | ३ | १३ | दोस्रो |
| | आकस्मिक घुम्ती स्वास्थ्य सेल | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | अस्पतालको सेवा सुधार | ३ | २ | ३ | १ | ३ | १२ | दोस्रो |
| | जनचेतना अभिवृद्धि | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| | स्वास्थ्य बिमा | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | सरसफाई/फोहरमैला व्यवस्थापन | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| **क्षमता विकास** | जनचेतना अभिवृद्धी | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| | जलवायु/वातावरण/विपद व्यवस्थापन तालिम | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | शीपमुलक तालिम | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | क्षमता विकास तालिम | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| **अन्य (पर्यटन, आर्थिक विकास, विपद व्यवस्थापन आदि)** | संस्कृति संरक्षण/प्रवर्द्धन | २ | २ | ३ | २ | ३ | १२ | दोस्रो |
| | सांस्कृतिक सम्पदा संरक्षण | ३ | ३ | २ | १ | २ | ११ | तेस्रो |
| | प्राकृतिक सम्पदा संरक्षण | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | पर्यटन प्रवर्द्धन | २ | ३ | ३ | १ | २ | ११ | तेस्रो |
| | सडक सौन्दर्यीकरण | २ | ३ | ३ | २ | २ | १२ | दोस्रो |
| | विपद पूर्व सुचना प्रणाली स्थापना | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | विपद व्यवस्थापन | ३ | ३ | ३ | २ | ३ | १४ | प्रथम |
| | विपद उद्धार र राहत | ३ | ३ | ३ | १ | ३ | १३ | दोस्रो |
| | क्लाइमेट फण्ड स्थापना | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| | विद्यालयमा क्लाइमेट क्लब | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |

## ५.३ अनुकूलन कार्ययोजनाको सिमा

अघिल्ला खण्डहरुमा भएका प्राथमिकता अनुसार सहभागितामूलक खुल्ला छलफलको आधारमा र हालसम्म भएको प्रगति तथा बाँकी क्रियाकलापहरु समेतलाई ध्यानमा राखी ५ वर्षे योजना जलवायू परिवर्तन स्थानीय अनुकूलन कार्ययोजन तयार गरिएको छ । यस योजनामा बजेट अनुमान गर्दा सहभागितामूलक छलफलबाट स्थानीय अनुभवलाई आधार मानिएको छ र अनुमानित बजेट कार्यान्वयनको क्रममा जाँदा फरक पर्न सक्ने संभावना भने रहन्छ। कार्यक्रम तय गर्दा अनुमान गरिएको सुरुवात र अन्त्य अवधि साथै वार्षिक रुपमा अनुमान गरिएको आवश्यक बजेट उपलब्ध स्रोत, साधन, स्थानीय सरकारको प्राथमिकता जस्ता कारणहरुले हेरफेर समेत हुन सक्ने सम्भावना रहन्छ। इलाम नगरपालिकामा उँचाई, जलवायु, भु-बनोट, जमीनको पाटो जस्ता पक्षहरुमा विविधता धेरै भएको साथै प्रष्ट रुपमा लेकाली, मध्य पहाडी र बेँसी गरी ३ वटा भौगोलिक क्षेत्रमा विभाजित भएको कारण एकै

किसिमका कार्यक्रम पनि स्थान विशेष फरक हुन सक्ने यथेष्ट संभावना रहन्छ जुन कार्यान्वयनको क्रममा मनन गर्न आवश्यक हुन्छ । उदाहरणका लागि वृक्ष प्रजाति, बाली प्रजाति, खेती प्रविधि, मुहान संरक्षण कार्य, सिंचाई संरचना आदिलाई लिन सकिन्छ ।

## ५.४ जलवायु अनुकुलन रणनीतिहरु

१. इलाम नगरपालिकाको आन्तरिक आम्दानीको १ देखि ३ प्रतिशत रकम र विभिन्न नाफामुलक नीजि कम्पनीहरुबाट सामाजिक उत्तरदायित्व मार्फत प्राप्त हुने रकमबाट 'इलाम नगरपालिका क्लाइमेट फण्ड' स्थापना गरी फण्डमा संकलित रकम बराबरको रकम बाह्य स्रोतबाट म्याचिङ गराई उक्त क्लाइमेट फण्डबाट प्राथमिकतामा परेका अनुकुलन योजनाहरु कार्यान्वयन गरिनेछ ।

२. अनुकुलन कार्ययोजनाको कार्यान्वयन, आवधिक पुनरावलोकन, अनुगमन, मुल्यांकन, आवश्यक सुझाव, पृष्ठपोषण जस्ता कार्यहरु उचीत सम्पादनको लागि विषयविज्ञहरुको बहुआयामिक प्राविधिक टोली गठन गरी सक्रिय गराइनेछ ।

३. प्रत्येक वडाको सिरान क्षेत्र र मध्य क्षेत्रमा गरी कम्तीमा २ वटा पानी रिचार्ज पोखरी निर्माण गरी वर्षातको पानी जमीनमा रिचार्ज गरी तल्लो क्षेत्रका पानीको मुहानहरुलाई नियमित गराइनेछ । पानी मुहानका जलाधार क्षेत्रमा पानी संरक्षक वनस्पतिका प्रजातिको रोपण मार्फत पानीको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।

४. खोला नजिकका सुख्खा क्षेत्रहरुको लागि सोलार वाटर लिफ्टिङ सिस्टम मार्फत पानी जम्मा गरी कृषि भुमिमा सिंचाई सुविधा उपलब्ध गराई व्यवसायिक कृषि उत्पादन सुरुवात गरिनेछ र क्रमिक रुपमा उक्त कार्यक्रमको अनुसरण अन्य क्षेत्रहरुमा समेत गरिनेछ ।

५. न पा को स्वामित्वमा रहेको इलाम सामुदायिक कृषि क्याम्पसमा अनुसन्धान मार्फत इलामको लागि जलवायु मैत्री कृषि प्रविधि प्याकेज विकास गरी तालिममार्फत कृषकस्तर सम्म प्रसार गरिनेछ, साथै जलवायु मैत्री प्रविधिहरुको नमुना प्रदर्शन स्थल स्थापना गरी कृषकहरुलाई अवलोकन र अन्तरक्रियाको लागि खुल्ला गरिनेछ ।

६. कोदो, जुनेलो, सामा, सिमलतरुल जस्ता खडेरी सहन सक्ने साथै मानव स्वास्थ्यको दृष्टिकोण समेतले उच्चकोटिमा पर्ने बाली प्रवर्द्धन गरिनेछ ।

७. कृषक र वन्यजन्तु (बाँदर, बँदेल, लोखर्के, मृग आदि) बीचको द्वन्द्व निराकरणको लागि सामुदायिक र राष्ट्रिय वनमा कम्तीमा १० प्रतिशत जंगली फलफुल, करीब २०% वृक्षहरुमा गिठ्ठा भ्याकुर हुर्कने गरी वन व्यवस्थापन मार्फत वन्यजन्तुहरुलाई वासस्थानमै सिमित गराइने छ । आवश्यक स्थानहरुमा जैविक मार्ग निर्माण गरी वन्यजन्तुको आवागमनलाई कृषि भुमिदेखि बाहिरै सिमीत गरिनेछ । वन क्षेत्रको मध्यवर्ती क्षेत्र कायम गरी स्थानीय वासिन्दाहरुलाई वैकल्पिक जिविकोपार्जन अपनाउने अवसरहरु उपलब्ध गराइनेछ ।

८. प्रत्येक सामुदायिक वनमा जंगली फलफुल र गिठ्ठा भ्याकुरको नर्सरी स्थापना गरी वनमा वृक्षारोपण गर्न प्रेरित गरिनेछ । ह्रास आएको वन क्षेत्र वृक्षारोपणको लागि प्राथमिकतामा राखिनेछ ।

९. इलाम नगरपालिकाको समस्याको रुपमा रहेको मानव मललाई नीजि क्षेत्रहरुको संलग्नता मार्फत प्रशोधन गरी उच्च कोटीको प्रांगारिक मलमा परिणत गर्नको लागि 'ढलबाट गुणस्तरीय मल' कार्यक्रम कार्यान्वयन गरी मलको परनिर्भरतालाई क्रमिक रुपमा कम गर्दै लगिनेछ ।

१०. जलवायु उत्पन्न जोखिमको म्यापिङ गरी उच्च र मध्य जोखिम क्षेत्रहरुमा संभावित जोखिम न्युनिकरणको लागि अग्रीम सतर्कता प्रणाली (पुर्व सूचना) स्थापना गरिनेछ । धन जनको सुरक्षाको लागि आकस्मिक स्वास्थ्य सेवा, उद्धार र राहत कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।

११. इलाम नगरपालिका भित्र सार्वजनिक तथा नीजि भवन निर्माणको लागि नगरपालिकाबाट जारी गरिएको विल्डीङ कोड (मापदण्ड) लागु गर्नुपर्ने प्रावधानलाई अनिवार्य गरिनेछ र उर्जा, पानी, तथा वातावरण मैत्री भवनहरु मार्फत जलवायु र वातावरणमैत्री नगरको रुपमा इलामलाई विकास गरिनेछ ।

१२. सडक संजालको म्यापिङ गरी अनावश्यक सडक बनाउने कार्यलाई निरुत्साहित गर्दै विद्यमान सडकहरुलाई स्तरोन्नति गरिनेछ । सडकको दुवै किनाराको हरित क्षेत्रलाई जैविक आभियान्त्रिकि मार्फत भिरालो स्थिरि करण गरी भु-क्षय र पहिरो न्युनिकरण गरिनेछ । कृषि भुमिको सतहि भु-क्षय नियन्त्रणको लागि गह्रा सुधार र दिगो माटो व्यवस्थापनको कार्यलाई अनिवार्य गरिनेछ ।

१३. इलाम नगरपालिका भित्रका सामुदायिक वन, नीजि वन, पारिवारिक वन लगायत स्वच्छ उर्जा उत्पादनलाई कार्बन ट्रेडिङ, रेड+ जस्ता कार्यक्रम भित्र समावेश गर्नका लागि अध्ययन गरी प्रक्रिया अघि बढाइनेछ ।

१४. प्रत्येक माध्यमिक विद्यालयमा जलवायु तथा वातावरण शिक्षा समावेश गरी विद्यार्थी तथा शिक्षकहरुलाई समेटेर क्याइमेट क्लब स्थापना गरी पाक्षिक/मासिक रुपमा सेमिनार आयोजना गरी विद्यार्थीहरुलाई जलवायु परिवर्तन, अनुकुलन कार्यक्रम लगायत जलवायुको सबै क्षेत्रमा उनीहरुको ज्ञान र शीप अभिवृद्धि गरिनेछ । समुदायमा जलवायु परिवर्तन सम्बन्धी सम्पुर्ण चेतना अभिवृद्धी कार्यक्रममा सहजीकरणको लागि क्लाइमेट क्लबका सदस्य विद्याथीहरु परिचालन गरिनेछ ।

१५. इनपामा जलवायु परिवर्तन, वातावरण तथा विपद शाखा स्थापना गर्ने ।

१६. लैंगिक टृश्टिकोणले वर्गिकृत तथ्यांकहरु संकलन, अभिलेखिकरण तथा दस्तावेजीकरण गरी लैंगिक उत्तरदायी कार्यक्रम तथा बजेट विनियोजन गरी कार्यन्वयनमा ति वर्गहरुको संलगनता तथा सहकार्य सुनिश्चत गरिनेछ ।

## ५.५ जलवायु अनुकुलनको लागि नगरस्तरीय कार्यक्रम

| क्र.सं. | कार्यक्रम | स्थान | वडा नं | बजेट वर्ष/रु. ( हजारमा) | | | | | | बजेट स्रोत | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | १ वडा २ पानी पुनर्भरण पोखरी | वडाको माथिल्लो क्षेत्र | १-१२ | ८०० | ८०० | ८०० | २०० | २०० | २८००० | संघ, प्रदेश | नपा, वडा, गैसस |
| २ | सौर्य पानी तान्ने पम्प | तिल्केनी, निगुरे, सोयाक, साङरुम्बा | ८, ९, ११, १२ | २५०० | २५०० | २५०० | २५०० | ४०० | १०४०० | संघ, दातृनिकाय | नपा, वडा, गैसस |
| ३ | गल्छी, खोल्सी, खोला तालिम कार्यक्रम | समस्याग्रस्त खोल्सा र खोलाका किनार | १- १२ | | ७५०० | ७५०० | ७५०० | ७५०० | ३०००० | संघ, दातृनिकाय | नपा, वडा, गैसस |
| ४ | सडक दायाँ बायाँ जैविक आभियान्त्रिकि मार्फत भिरालो स्थिरिकरण | सबै वडा | १-१२ | १५००० | १०,००० | ७५०० | ७५०० | ५००० | ४५००० | संघ, प्रदेश, दातृनिकाय | नपा, वडा |
| ५ | हैसियत बिग्रेको सा ब मा फलफुल वृक्षारोपण | सबै सा.ब. | १-१२ | | २०० | ५०० | ५०० | १००० | २२०० | संघ, प्रदेश | नपा, गैसस, सा ब उ स |
| ६ | इलाम सामुदायिक कृषि क्याम्पसको सहकार्यमा वन्यजन्तु र कृषकबीचको द्वन्द व्यवस्थापन | सबै कृषक समुदाय | १-१२ | १२०० | ६०० | ३०० | ३०० | ३०० | २७०० | संघ, प्रदेश, सहकारी | नपा, गैसस, सा ब उ स, क्याम्पस |
| ७ | इलाम सामुदायिक कृषि क्याम्पसको सहकार्यमा जलवायु मैत्री कृषि प्रविधि विकास | शेरा, इ न पा | ९ | ५०० | | | | | ५०० | नपा | नपा, क्याम्पस |
| ८ | जलवायु मैत्री कृषि प्रविधि (क्लाइमेट स्मार्ट कृषि प्रसार) कृषि क्याम्पसको सहकार्यमा | सबै वडा | १-१२ | | १२०० | १२०० | ६०० | ६०० | ३६०० | संघ, दातृनिकाय | नपा, क्याम्पस |
| ९ | बालीमा जलवायु उत्पन्न रोगकीरा व्यवस्थापन अभियान | सबै वडा | १-१२ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | प्रदेश, नपा | कृज्ञाके, नपा |
| १० | कोदो, फापर र सिमल तरुल खेती प्रवर्द्धन | सबै वडा | १-१२ | ६०० | ३०० | ३०० | | | १२०० | नपा, वडा | वडा |
| ११ | अर्गानिक खेतीको लागि ढलबाट मल कार्यक्रम | इलाम बजारबाट संकलन र गोदकमा प्रशोधन | १० | | ३००० | २००० | १००० | ५०० | ६५०० | संघ, दातृनिकाय, नीजिक्षेत्र | नपा, नीजिक्षेत्र |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | पशुपंछी खोप अभियान | सबै वडाहरु | १-१२ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | संघ, प्रदेश | नपा, प से का |
| १३ | कृषिबाली/पशुधन बीमा सहजिकरण | सबै वडा | १-१२ | ४०० | ४०० | ५०० | ५०० | ६०० | २४०० | संघ, प्रदेश | नपा, बिमा कम्पनी |
| १४ | प्रांगारिक मलमा अनुदान कार्यक्रम | सबै वडा | १-१२ | २२०० | २२०० | ११०० | ११०० | ११०० | ७७०० | संघ, प्रदेश | नपा, कृ ज्ञा के |
| १५ | जापानी सल्ला र अन्य आलंकारिक विरुवाबाट एभेन्यु प्लान्टेसन | सबै वडा | १-१२ | | ६०० | ६०० | ६०० | | १८०० | नपा, वडा | वडा, सडक उपभोक्ता समिति |
| १६ | विद्यार्थी मार्फत जनचेतनाको लागि प्रत्येक माध्यमिक विद्यालयमा क्लाइमेट क्लब स्थापना संचालन | सबै माध्यमिक विद्यालय | १-१२ | १००० | ५०० | ३०० | २०० | १०० | २१०० | नपा, विद्यालय | विद्यालयहरु |
| १७ | प्रकोप पूर्व सुचना प्रणाली स्थापना र संचालन | इ न पा | ७ | ५०० | ५०० | ७०० | ७०० | ७०० | ३१०० | नपा | नपा |
| १८ | प्रकोप उद्घार र राहत | सबै वडाहरु | १-१२ | १००० | १००० | १००० | १००० | १००० | ५००० | संघ, प्रदेश | नपा |
| १९ | आकस्मिक घुम्ती स्वास्थ्य सेल | सबै वडाहरु | १-१२ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | संघ, प्रदेश | नपा, अस्पताल |

## ५.६ वडागत जानकारी तथा जलवायु परिवर्तन प्रभाव

| वडा नं. | वडागत जानकारी तथा जलवायु परिवर्तनको प्रभाव संक्षेपीकरण |
|---|---|
| १ | इलाम जिल्लाको साबिक साखेजुङ गाविस नै हाल इलाम नगरपालिकाको वडा नं. १ हो। यो वडा इलाम नगरपालिकाको उत्तर पश्चिममा रहेको छ। यस वडाको पूर्वमा इलाम नगरपालिका वडा नं ४, उत्तरमा वडा नं.३, पश्चिम र दक्षिणमा देउमाइ नगरपालिका पर्दछन्। यस वडाको सबैभन्दा होँचो भाग दक्षिणमा भुत्रेखोला क्षेत्रमा करीब ९५० मिटरको उचाइमा पर्दछ भने सबैभन्दा अग्लो भाग उत्तरमा वडा नं.३ को सिमानामा करीब २३८० मिटरको उचाइमा पर्दछ। वडाको पूर्व तथा पश्चिम सिमानाबाट बग्ने क्रमशः पुवाखोला र भुत्रेखोला भेलबाढी तथा नदी कटानको दृष्टिले संवेदनशील छन्।<br><br>यस वडामा जलवायु परिवर्तनको प्रभावलाई विश्लेषण गर्दा पानीको स्रोतमा परेको प्रभाव प्रमुख हो। पछिल्ला वर्षहरुमा गर्मी बढ्दै गएको तथा असामान्य किसिमको वर्षा हुने कारणले गर्दा परम्परागत रुपमा हिँउदको समयमा पनि पानी आउने स्रोतहरु क्रमशः सुक्दै गएका छन् जसको प्रत्यक्ष प्रभाव खानेपानी र सिंचाइमा परेको छ। वडाका मुख्य बस्तीहरुमा भएका खानेपानी योजनाहरु जस्तै नेपालटार खानेपानी, सुवेदीगाँउ खानेपानी, दाहालगाँउ खानेपानी, हिलेखोला खानेपानी, हिले मुहान खानेपानी, कार्तिके खानेपानी लगायत यसका मुहानहरुमा हिँउदको समयमा पानी कमहुँदै गएकाले गर्दा मुहान संरक्षणलाई तीब्र बनाउन आवश्यक देखिन्छ। त्यसैगरी यस वडामा पहिरो र भूक्षयको कारण मानवीय गतिविधिमा जोखिम मात्रै हैन खेती योग्य मलिलो माटो पनि वर्षेनी क्षयीकरण हुँदै गएका छन्। पुवाखोला, भुत्रेखोला लगायतमा वर्षामा हुने बाढीजन्य प्रकोपले मानवीय गतिविधि तथा कृषिमा नकारात्मक असर पारेका छन्। यस बाहेक पछिल्ला वर्षहरुमा हुन थालेका बेमौसमी वर्षा तथा असिना को कारण बालीनाली नष्ट हुने गरेका छन् भने सुख्खा समयमा हुने गरेका आगलागीको कारण वन तथा जैविक विधितामा समेत नकारात्मक असर पर्ने गरेको छ। |
| २ | इलाम जिल्लाको साबिक सुम्बेक गाविस नै हाल इलाम नगरपालिकाको वडा नं.२ हो। इलाम नगरपालिकाको पूर्वउत्तरमा पर्ने यस वडाको पूर्वमा माइजोगमाइ गापा, पश्चिममा इनपा वडा नं. ४ र ५, उत्तरमा सन्दकपुर गापा र दक्षिणमा इनपा ५ र माइजोगमाइ गाँउपालिकाको सिमाना पर्दछन्। यस वडाको सबैभन्दा होँचो भाग दक्षिणमा माइखोला क्षेत्रमा करीब ७६० मिटर तथा सबैभन्दा अग्लो भाग उत्तरमा सन्दकपुर गापा सँगको सिमानामा करीब २१३० मिटरको उचाइमा रहेको छ। वडाको भिरालोपना क्रमशः दक्षिणबाट उत्तरतर्फ बढ्दै गएको छ।<br><br>यस वडामा जलवायु परिवर्तनको असरकोलाई हेर्दा पहिरो लाई प्रमुख रुपमा लिन सकिन्छ। भिरालो जमीनमा वर्षात्को समयमा हुने पहिरोहरु वडाको सबैजसो भूभागमा छन्। यस्तै माइखोलामा वर्षातको बेला र पछिल्लो समयमा हुने बेमौसमी वर्षाको कारण पनि नदीकटान र बाढीले ठूलो क्षति पुर्‍याउने गरेका छन्। विश्वव्यापी जलवायु परिवर्तनको कारण भएको उष्णीकरणको कारण खडेरी यस वडामा समस्याको रुपमा देखा परेको छ। पानीका स्रोतमा मुहान फुट्न नसकेर परम्परागतरुपमा खानेपानी तथा सिंचाइको लागि प्रयोग हुँदै आएका मुहानहरु सुक्दै गएका छन्। बेमौसमी रुपमा आउने हावाहुरी तथा असिनाले वर्षेनी खेतीपाती नष्ट गर्दा कृषकहरुलाई अपूरणीय क्षति हुने गरेको छ। |
| ३ | इलाम जिल्लाको साबिक पुवमभुवा गाविस नै हाल इलाम नगरपालिका वडा नं. ३ हो। इलाम नगरपालिकाको उत्तर सिमानामा पर्ने यो वडाको उत्तरमा पाँचथर जिल्लासँग जोडिएको छ। यस वडाको पूर्व सिमानामा सन्दकपुर गापा, पश्चिममा देउमाइ नगरपालिका, दक्षिणमा वडा नं. १ पर्दछन्। यो वडाको सबैभन्दा होँचो भाग दक्षिणी भेगमा पुवाखोला क्षेत्रमा १२५० मिटर तथा सबैभन्दा अग्लो भाग उत्तरी सिमानामा ३०१९ मिटरको उचाइमा पर्दछन्। यस वडाको भिरालोपना दक्षिणबाट क्रमश : उत्तरतर्फ बढ्दै गएको छ।<br><br>पछिल्लो वर्षहरुमा यस वडामा जलवायुजन्य प्रकोपहरु प्रशस्त मात्रामा देखिन थालेका छन्। यो वडा पनि इलाम नगरपालिकाको अन्य वडाहरु जस्तै पहिरोको कारण जोखिमपूर्ण छ। भिरालो जमीन भएको यहाँको भूगोलमा छोटो समयमा धेरै पानी पर्ने गरेसँगै ठाँउठाँउमा पहिरोहरु गएका छन्। यसले बाटोघाटो लगायत भौतिक सम्पदालाई गरेको असरसँगै अध्याधिक भूक्षयको कारण मलिलो माटो क्षयीकरण भएको छ। त्यसैगरी लामो समयसम्म पानी नपर्ने, हिँउदे वर्षा पनि कम हुन थालेको साथै तामक्रम बढ्दै गएकालो पानीका स्रोतहरु सुक्न थालेका छन्। भोटांगे, मभुवा, चुलीगाँउ, इन्द्रेखोल्सी लगायतका स्थानमा पानीका स्रोतहरु कम हुँदै गएका छन्। यसबाहेक प्रसस्त गहिरा गल्छी र खोल्साहरु भएको यस स्थानमा भेलबाढीको प्रकोप पनि उत्तिकै रहेको छ। जलवायु परिवर्तनको प्रभावले छाटो समयमा धेरै पानी पर्ने क्रम बढ्न थालेसँगै यस्ता भेलबाढीहरुले खेतीयोग्य जमीन नष्ट गर्ने तथा आवतजावत लगायत अन्य मानवीय गतिविधिलाई समेत असर पार्न थालेका छन्। सुख्खा समयमा वन क्षेत्रमा आगलागी हुने समस्या बढ्दै गएका छन् भने बेमौसमी वर्षा तथा असिनाले बालीनाली नष्ट गर्ने गरेका छन्। |

| | |
|---|---|
| ४ | इलाम नगरपालिका वडा नं.४ को उत्तरमा सन्दकपुर गाँउपालिका, पूर्वमा वडा नं. २ र ५ पश्चिममा वडा नं. १, दक्षिणमा वडा नं. ५ पर्दछन् । यो वडाको सबैभन्दा होँचो भाग दक्षिणी पूवाखोला क्षेत्रमा करीब ९६० मिटरको उचाइमा रहेको छ भने सबैभन्दा अग्लो भाग १८७० मिटरमा रहेको छ । जलवायुजन्य प्रकोपको दृष्टिले यो वडा पहिरोको जोखिममा रहको छ। विशेषगरी मेचीराजमार्ग अन्तर्गत वडा कार्यलय भएको स्थान मलाते तथा पुवाखोला क्षेत्र पहिरोका कारण क्षतिग्रस्त छ । त्यसैगरी पुवाखोला तथा यस जलाधारक्षेत्र मा बहने खोला तथा खोल्सीको कारण नदी कटान तीब्र छ । हाइड्रोपावर तथा यस आसपासका क्षेत्रमा ठूलो मात्रामा खेतीयोग्य जमीन नदी कटानमा परेको छ । त्यसैगरी विश्वव्यापी रुपमा तापक्रममा भएको वृद्धिसँगै खडेरी बढेको र पानीका परम्परागत स्रोतहरु सुक्न थालेका छन् । ड्राइभरचोक, जलारीगाँउ, धनमने गाँउ, निरौलागाँउ लगायतका स्थानमा पानीको मुहानहरु नासिंदै गएका कारण मुहान संरक्षण आवश्यक छ । त्यसैगरी सुख्खा याममा आगलागीको कारण वन तथा जैविक विविधतामा समेत असर देखा पर्न थालेको छ । |
| ५ | इलाम नगरपालिका वडा नं. ५ पूर्वमा माइखोला, पश्चिममा पुवाखोला, उत्तरमा वडा नं.४ र २ लगायत दक्षिणमा वडा नं. ६ र ५ सँग जोडिएको छ । यस वडाको सबैभन्दा होँचो भाग दक्षिणमा पुवाखोला क्षेत्रमा ८७१ मिटर र सबैभन्दा अग्लो भाग १७५० मिटरको उचाइमा चारखाँदे क्षेत्रमा पर्दछ । यो वडाले दुवै माइखोला र पुवाखोलाको जलाधार क्षेत्रलाई समेट्दछ । जलवायुजन्य जोखिममा पहिरो यो क्षेत्रको प्रमुख समस्याको रुपमा रहेको छ । बिब्ल्याँटे बजार, तारीबारी, भोर्लेनी लगायतका क्षेत्र पहिरो उच्च जोखिममा रहेका छन् । भिरालो जमीनमा वर्षाको कारण ठाँउठाँउमा पहिरो जाने जोखिम बढेसँगै बाटो निर्माण हुँदा पहिरोको संभावनालाई झन् तीब्र बनाएको छ । त्यसैगरी पुवाखोला र माइखोला जलाधारक्षेत्रमा दुवैतिर पानीढलो पर्ने यस वडामा पछिल्लो वर्षहरुमा अस्वभाविक रुपमा भलबाढीको समस्या देखिने गरेको छ । छोटो समयमा ठूलो वर्षा हुँदा सतहमा पानी सोसिन नपाई भलबाढीको रुपमा बग्दा भूक्षय तीब्र भएको छ । त्यसैगरी पछिल्लो वर्षहरुमा हावाहुरीको कारण मकै लगायतका अन्य बालीहरुलाई नष्ट पार्ने गरेको छ । त्यसैगरी असिना जस्ता मौसमजन्य प्रकोले समेत खेतीपातीलाई नष्ट गर्ने गरेका छन् । |
| ६ | इलाम नगरपालिका वडा नं. इलाम नगरपालिकाको मध्य भागतिर रहेको तुलनात्मक रुपमा सानो भूगोल भएको वडा हो । मेची राजमार्ग बीच भएर जाने यस वडाको उत्तरमा वडा नं.५, दक्षिणमा वडा नं.७, पूर्वमा वडा नं. ८ र पश्चिममा पुवाखोला पर्दछन् । यस वडाको सबैभन्दा अग्लो भाग करीब १३८७ मिटरको उचाइमा पिपलबोटे क्षेत्रमा र सबैभन्दा होँचो भाग करीब ८०० मिटरको उचाइमा पुवाखोला आसपासमा रहेको छ ।<br><br>यस वडाले बजारको सघन बसोबास तथा पुवाखोलाको फाँटलाई समेत समेट्दछ । जलवायुजन्य प्रकोपको दृष्टिले भलबाढी यहाँको सबैभन्दा ठूलो समस्या हो । वडाको नारायणस्थान, पीपलबोटे, खरेलडाँडा, भालुढुंगा, चुरेघाँटी लगायतका क्षेत्रमा वर्षातको बेलामा ढल तथा नाली एकीकृत भई भलाबाढी जाने र बाटोघाटोमा अवरोधको साथै तीबै भूक्षय गर्ने गरेको छ । सहरी क्षेत्रमा भलबाढीको कारणले बसोबासमा समस्या पारेको छ भने ग्रामीणमा खेतीयोग्य जमीनमा । त्यसैगरी पछिल्लो वर्षहरुमा खडेरी बढेका कारण सिंचाइमा समस्या भएको छ । आसपासका परम्परागत पानीका स्रोतहरु सुक्दै गएका कारण शहरी क्षेत्रमा समेत खानेपानीको अभाव तीब्र छ । यस वडाको अर्को मुख्य जलवायुजन्य प्रकोप पहिरो हो । विशेषगरी पिपलबोटे, वडाको मेची राजमार्ग खण्ड, चुरेघाँटी, घोषमार्ग, चियाबारी पुवाखोला खण्ड लगायतका स्थानहरुमा प्रशस्त पहिरो तथा भूक्षय गएका कारण मानवीय गतिविधि तथा कृषिमा नकारात्मक असर पुगेको छ । |
| ७ | इलाम नगरपालिकाको साबिक वडा नं १ र २ मिलेर हाल इलाम नगरपालिकाको वडा नं ७ हो । यस वडाको पूर्वमा वडा नं. ८, वडा नं. ६ र ९, दक्षिणमा वडा नं ८ र ९ र उत्तरमा वडा नं. ६ र ८ पर्दछन् । यस वडाको न्यूतम उचाई १०६० मिटर (पश्चिम सिमानाको क्याम्पस मुनिको चियाबारी खोँच) देखि १३१० मिटर (उत्तर सिमानाको भ्युटावर माथिको भाग) रहेको छ भने कूल क्षेत्रफल १.२३ वर्गकिलोमिटर रहेको छ । इलाम जिल्लाको सदरमुकाम बजार क्षेत्रको अधिकांश माग पर्ने यस वडा तुलनात्मक रुपमा अन्य वडाहरु भन्दा सानो र सघन बसोबास भएको वडा हो ।<br><br>माथिल्लो तथा तल्लो माई र पुवा जलाधारको दुवै जलाधार क्षेत्रको सानो सानो भूभाग यस वडामा अवस्थित रहेको छ । माई तथा पुवा जलाधार क्षेत्रामा पहिचान गरिएका जलाधार तथा उपजलाधारहरुको कारण यस जलाधार क्षेत्रको भूभाग जलाधार संरक्षणको लागि निकै महत्वपूर्ण क्षेत्र हो । इलाम वजार क्षेत्रको फोहोरमैलाहरु यसै वडाको धोविधारा खोल्सी, नारायणस्थान खोल्सी, भ्र्फाउँकिरी खोल्सी, सिहवाहिनी खोल्सी हुदै माईनदीमा मिसिने हुनाले माटोको तीब्र क्षयीकरण हुँदै आईरहेको छ यसैकारण यस क्षेत्रवाट वग्ने खोल्सीहरुवाट बग्ने पानीलाई सुरक्षित गरी माई नदीमा मिसिने व्यवस्था गर्न जरुरी छ । जलवायु परिवर्तनको असरको रुपमा यस वडामा पहिरो र भलबाढीलाई मुख्य हुन् । नारायणस्थान, झयाँउकीरी, सिंहवाहिनी खोल्सीको कटान तथा खोल्सीधारा आसपास घरहरु पहिरोको जोखिममा रहेका छन् । अव्यवस्थित घडेरी खारेर जताततै खोल्सीमा फाल्ने प्रचलनको कारण खोल्सा आसपासका सम्पूर्ण घरधुरीहरु जोखिममा रहेका छन । त्यसैगरी सघन बसोबास रहेको इलाम बजार क्षेत्र आसपासका पानीका मुहानहरु पछिल्लो दशकमा सुक्दै गएर नाशिने अवस्थामा पुगेका छन् । ओपी धारा लगायत चियाबारी आसपासका पानीका मुहानहरु, खोल्सीधारा, कुलधारा जस्ता प्राचीन पानीका मुहानहरु क्रमश : सुक्ने क्रममा छन् । |

| | |
|---|---|
| ८ | इलाम नगरपालिकाको साविकमा रहेका वडा नं ६ र ७ वडालाई समायेजना गरी नयाँ पुर्नसंरचनामा इ.न.पा को वडा नं ८ इलाम निर्माण गरिएको छ । वडा न.८ को क्षेत्रफल ९.८ वर्ग किलोमिटर रहेको छ । यस वडाको पूर्वमा वडा न. ५ बरबोटे, पशिचममा वडा न. ९ गोलाखर्क उत्तरमा मेची राजमार्ग र दक्षिणमा माईखोला पर्दछ । यस वडा क्षेत्रमा भएका खोल्सीहरु क्रमशः उत्तरबाट दक्षिणतर्फ गई माई खोलामा मिसिन्छ । यस वडाको सबैभन्दा अग्लो भाग १२२० मिटरको उचाइमा र सबैभन्दा होँचो भाग ४८० मिटरको उचाइमा माइखोला आसपास पर्दछन् ।<br>जलवायुजन्य प्रकोपको रुपमा यस वडामा पहिरो जाने समस्या सबैभन्दा बढी छ । भिरालो जमीनमा वर्षातको समयमा जाने पहिरोहरुको कारण तिल्केनी, महभीर तथा सिंडफिरिङ जस्ता स्थानहरुमा वर्षेनी समस्या हुने गरेको छ । त्यसैगरी यस वडाको तिल्केनीक्षेत्र लगायतको ठाँउहरु बढी सुख्खाग्रस्त र खडेरी पर्ने समस्याबाट प्रताडित छन् । खण्डवृष्टिको कारण तुलनात्मक रुपमा कम पानी पर्ने र वर्षेनी बढ्दै गएको तापक्रमको कारण पानीका मुहानहरु सुक्दो क्रममा रहेका छन् । परिणास्वरुप खानेपानी र सिंचाइ पानीको अभाव हुन थालेको छ । यसैगरी यस वडाले माइखोला र सो सम्बद्ध जलाधार क्षेत्रलाई समेट्ने भएको कारण माइखोलामा वर्षेनी आउने बाढी र पछिल्लो समयमा त झन् बेलाबखत आउने बेमौसमी पानीको कारण तीब्र नदी कटान हुने गरेको छ । माइखोलाको चाँचले, बज्रदेवी खण्डमा धानखेती लगायत अन्य भौतिक संरचनाहरुलाई समेत क्षति पुर्‍याउने गरेको छ । यस इलाम बजार क्षेत्रका उचो भागहरुबाट वर्षाको समयमा आउने भलबाढी यस वडाको अर्को ठूलो प्रकोप हो । धोबीधारा खोल्सी, नारायणस्थान खोल्सी, झ्याँकिरी खोल्सी, सिंहबाहिनी खोल्सी, सिडफिरिङ खोल्सी, ढ्यांग्रे खोल्सी जस्ता खोल्सीहरुमा समग्र इलाम बजार क्षेत्रबाट ठूलो भल यस वडाको विभिन्न भागहरु हुँदै माइखोलामा मिसिन पुग्दा तीब्र भूक्षय हुने गरेको छ । यस्तो भेलबाढीले बाटोघाटो, खेतीपाती र मानवबसोबासलाई जोखिममा पारेको छ । |
| ९ | यस वडाको उत्तर सिमानामा इलाम बजार क्षेत्र वडा नं. ६ र ७ सँग जोडिएको यस वडाको पूर्वी सिमानामा वडा नं ८ तथा माइखोला, पश्चिम र दक्षिणमा पुवाखोला पर्दछ । इलाम बजारको सघनबस्ती क्षेत्र र पुवाखोला तथा माइखोलाको फाँटहरुसमेतमा फैलिएको यो वडामा जनसंख्या पनि तुलनात्मक रुपमा अन्य वडाको भन्दा उच्च रहेको छ । यस वडाको सबैभन्दा होँचा भाग पुवाखोला तथा माइखोलाको दोबानमा करीब ४०० मिटरको उचाइमा र सबैभन्दा अग्लो भाग वडा नं ७ को सिमानामा करीब १२१० मिटरको उचाइमा रहेको छ ।<br>जलवायु जोखिम तथा प्रकोपको रुपमा पहिरो यस वडाको सबैभन्दा ठूलो समस्या हो । माइखोला राजदुवाली पुलदेखि भञ्ज्याङ सम्मको मेची राजमार्गको ५ कि.मि. क्षेत्रको समग्र जमीन नै दबेको छ । यस खण्डमा भएका साना ठूला पहिरोहरुको कारण मेची राजमार्गमा वर्षौदेखि समस्या उत्पन्न भएको छ । त्यसैगरी यस वडाका अन्य क्षेत्रहरु सुकिलुम्बा विमानस्थल आसपास, तथा पुवाखोला मार्गमा समेत प्रशस्त रुपमा पहिरोहरु जाने गरेका कारण वर्षेनी ठूलो आर्थिक क्षति हुने गरेको छ । यस वडा भएर बग्ने सिंहबाहिनी लगायतका माइखोलामा मिसिने खोल्साहरु र पुवाखोलामा मिसिने अन्य साना ठूला खोल्साहरुमा वर्षाको समयमा ठूलो भलबाढी जाने गरेका कारण पनि खेतीयोग्य माटो क्षयीकृत हुने गरेको छ । त्यसैगरी तापक्रममा आएको परिवर्तनको कारण सुख्खापना वृद्धि भएको छ भने पानीका परम्परागत मुहानहरु सिंहबाहिनी धारा, खेतधारा आदिमा पानीको तह घटेको छ । खोलाखर्क, भञ्ज्याङ, केउरेनी लगायत स्थानहरुमा खडेरी बढेसँगै बालीनालीमा लाग्ने रोगहरु बढेका छन् । इलाम नगरपालिकामा खाद्यान्नबाली राम्रो उत्पादन हुने यस वडामा पछिल्लो समयमा जलवायु परिवर्तनको असरको कारण खडेरी, कृषि रोगकीरामा वृद्धि हुने मात्रै होइन वन्यजन्तु र मानवबीचको द्वन्द्ध पनि अत्याधिक बढेको छ । बाँदर, खरायो, दुम्सी, मृग र पछिल्लो समयमा त चितुवा लगायतका वन्यजन्तुको समेत आक्रमण बढेको छ । |
| १० | इलाम जिल्लाको साबिक गोदक गाविस नै हालको इलाम नगरपालिकाको वडा नं. १० हो । यस वडाको उत्तरमा माइजोगमाइ गाँउपालिका, पूर्व र दक्षिणमा सूर्योदय नगरपालिका र पश्चिममा इनपा वडा नं. ९ पर्दछ । मेची राजमार्ग बीच भएर जाने यस वडाको सबैभन्दा होँचो भाग दक्षिण पश्चिम माइखोला क्षेत्रमा करीब ४०० मिटरको उचाइमा रहेको छ भने सबैभन्दा अग्लो भाग मेची राजमार्ग खण्ड अन्तर्गत सूर्योदय नगरपालिकाको सिमाना क्षेत्रमा करीब १६४० मिटरको उचाइमा पर्दछ । यसरी वडाको समग्र भिरालोपना पश्चिमबाट पूर्वतर्फ बढ्दै गएको छ ।<br>जलवायुजन्य प्रकोपका दृष्टिले यो वडा नदी कटानको उच्च जोखिममा छ । यस वडाको उत्तर, पश्चिम र दक्षिणको भागमा रहेका जोगमाइ, माइखोला र करफोक खोलामा वर्षात्‌को समयमा आउने बाढी गर्दा वर्षेनी नदी कटान हुने गरेको छ । फलस्वरुप जोगमाइ बेंशी, माइबेंशी, टापु लगायतका क्षेत्रमा ठूलो खेतीयोग्य क्षेत्र कटान भएर नष्ट भएको छ । पछिल्लो समयमा हुने वेमौसमी वर्षा र त्यसबाट श्रृजित बाढीको कारण यसक्षेत्रमा अपूणीय क्षति पुगेको छ । माइखोलामा वर्षेनी आउने बाढीले गर्दा राजदुवाली क्षेत्र जोखिपूर्ण बनेको छ भने शेतुवा बेंशी, टापु क्षेत्रमा बस्ने करीब ८० घरधुरी बाढीको उच्च जोखिममा छन् । त्यसैगरी यस वडाको अर्को ठूलो जलवायुजन्य प्रकोप पहिरो हो । मेची राजमार्ग अन्तर्गत भालुखोप क्षेत्र पहिरोले जोखिमपूर्ण छ भने लामो समयदेखि समस्याको रुपमा रहेको सीलपुर पहिरो पछिल्लो समयमा रोकिएको अवस्थामा छ । यसबाहेक वडाको वडाको जोगमाइ, माइ, करफोक खोला लगायतका |

| | |
|---|---|
| ११ | इलाम जिल्लाको साविक सोयाक गाविस नै हालको इलाम नगरपालिका वडा नं. ११ हो । इलाम नगरपालिकाको दक्षिण सिमानामा रहेको यस वडाको उत्तरमा वडा नं. ९ र ११, पूर्वमा माइ नगरपालिका, पश्चिममा देउमाइ नगरपालिका, र दक्षिणमा माइ नगरपालिका रहेका छन् । यस वडाको सबैभन्दा अग्लो भाग करीब १५०० मिटरको उचाइमा सिद्धिथुम्का चुलीक्षेत्र आसपास र सबैभन्दा होँचो भाग करीब ३०० मिटरमा माइखोला बेलासे क्षेत्रमा रहेको छ । ठूलो भौगोलिक विविधता रहेको यस वडामा खडेरी प्रमुख जलवायुजन्य प्रकोपको रुपमा रहेको छ । वडाको पुर्वीभागमा माइखोला र यस सम्बद्ध जलाधार क्षेत्रका स साना खोला खोल्सीहरु बहने भए तापनि यस वडाको बाँकी भूगोल खडेरी र सुख्खाग्रस्त छन् । पछिल्लो वर्षहरुमा पानीको मुहानहरु समेत सुक्दै गएका कारण सिंचाइको अलावा खानेपानीको समेत समस्या हुन थालेको छ । त्यसबाहेक पहिरोको दृष्टिले समेत यो वडा जोखिमपूर्ण छ । भिरालो जमीनमा चट्टानको पकड कम भएको यहाँको अधिकांश भूगोलमा पछिल्लो समयमा असमान्य तरिकाको वर्षा हुँदा पहिरो जाने र तीब्र भूक्षय हुने गर्दछ । वर्षेनी ठूलो मात्रामा मलिलो माटो माइखोलामा गएर थुप्रिन्छ । त्यसैगरी पछिल्लो वर्षहरुमा हावाहुरी र असिनाले पनि खेतीपाती नष्ट गर्ने गरेको छ । |
| १२ | साविक साङरुम्बा गाविस हालको इलाम नगरपालिका वडा नं.१२ हो । यस वडाको पूर्वमा इनपा वडा नं.९, पश्चिम र उत्तरमा देउमाइ नगरपालिका, र दक्षिणमा इनपा वडा नं.११ पर्दछन् । यस वडाको सबैभन्दा होँचो भाग वडाको दक्षिण पूर्वी पुवाखोला क्षेत्रमा ५०० मिटरको उचाइमा रहेको छ भने सबैभन्दा अग्लो भाग उत्तर पश्चिम भागमा देउमाइ नगरपालिकाको सिमानामा करीब १५०० मिटरको उचाइमा रहेको छ । यस वडाको पूर्व र दक्षिण भेगमा क्रमश : पुवाखोला र रातेखोला बहन्छन् ।<br><br>यस वडामा पहिरोको जोखिम उच्च रहेको छ । इलाम जिल्लाकै ठूलो पहिरोमा पर्ने साङ्रुम्बा पहिरो यही वडामा पर्दछ । भिरालो जमीनमा वर्षाको कारण जाने पहिरोको साथसाथै पूवा तथा रातेखोलामा बाढी आँउदा खोला बगर आसपास हुने कटानले समेत यस्ता ठूला पहिरोहरुलाई गतिशील बनाएका छन् । पहिरो सँगसँगै वडाका सबैजसो भिरालो भागमा हुने भूक्षयले गर्दा खेतबारीको मलिलो माटो बगेर जाने गरेका छन् । वर्षाको बेला आने भेलबाढी यहाँको प्रमुख समस्यामा पर्दछन् । यस वडाको अर्को मुख्य जलवायुजन्य प्रकोपमा खडेरी पर्दछ । हिँउदको समयमा लामो खडेरी लाग्ने कारण खेतीपातीमा समस्या हुने गरेको छ । उपलब्ध पानीका स्रोतहरु समेत सुक्दै गएको कारण खानेपानी समेतको समस्या हुने गरेको छ । |

## ५.७ वडाबाट सहभागितात्मक पद्दतिबाट तर्जुमा भएका वडास्तरीय जलवायु अनुकुलन कार्यक्रमहरु (वडागत रुपमा प्रस्तुत गरिएको)

| क्र.स. | कार्यक्रम | स्थान | बजेट रु. (हजारमा) | | | बजेट स्रोत | जिम्मेबारी | लाभान्वित घरधुरी |
|---|---|---|---|---|---|---|---|---|
| | | | छोटो अवधिको योजना | मध्यमकालिन योजना | जम्मा | | | |
| | | | वडा नं.१ | | | | | |
| १ | पण्डितगाँउ देवेन्द्र कूलो | पण्डितगाँउ | १०० | | १०० | वडा | वडा, उपभोक्ता | २० |
| २ | लिम्बुगाँउ जाने कूलो | जोगीगाँउ | २०० | | २०० | वडा | वडा समिति | ५० |
| ३ | देवीस्थान मुहान | मगरगाँउ | | ३५०० | ३५०० | प्रदेश | वडा, उ.स. | ५० |
| ४ | धाराघर मुहान | गुरुङगाँउ, लिम्बुगाँउ | | १२०० | १२०० | प्रदेश | वडा, उ.स. | ५० |
| ५ | लुइँटेलगाँउ मुहान | लुइँटेलगाँउ | ५०० | | ५०० | वडा, उपभोक्ता | वडा, उ.स. | १० |
| ६ | कामीधारा मुहान | कामीगाँउ | २०० | | २०० | वडा, उपभोक्ता | वडा, उ.स. | २० |
| ७ | सानोमभ्कुवा मुहान | गुरुङगाँउ, बराइलीगाँउ | २०० | | २०० | वडा, उपभोक्ता | वडा, उ.स. | १७ |
| ८ | खोलाखर्क मुहान | गुरुङगाँउ, थापागाँउ, | | १५०० | १५०० | प्रदेश | वडा, उ.स. | २० |
| ९ | नेपालटार खानेपानी मुहान | नेपालटार बजार | २००० | | २००० | प्रदेश | प्रदेश,वडा, उ.स. | १०० |
| १० | सरदारेगाँउ खानेपानी मुहान | सरदारे गाँउ | १०० | | | नपा, वडा | वडा, उ.स. | २० |
| ११ | पाइप र ड्रम वितरण | वडाभरि | ५०० | ४००० | ४५०० | नपा, वडा | वडा, उपभोक्ता | ५०० |
| १२ | वृक्षारोपण, फलफूल रोपण | सा.व. | | ४०० | ४०० | नपा, वडा, अन्य | वडा, सा.व.उ. | ५०० |
| १३ | त्रिवेणी बजार ढल निर्माण | त्रिवेणी बजार | | ५०० | ५०० | नपा, वडा | वडा, उ.स. | ३० |
| १४ | नेपालटार ढल निर्माण | नेपालटार बजार | १५०० | | १५०० | नपा, वडा | वडा, उ.स. | १०० |
| १५ | भू संरक्षण कार्यक्रम | पुवाखोला पिपुल्स हाइड्रो भन्दा तल्लो क्षेत्र पुवाखोला नदी किनारमा | १००० | ५००० | ६००० | प्रदेश, हाइड्रोपावर, वडा | वडा,उ.स. | |
| १६ | इन्डक्सन चुलो वितरण | वडाभरि | | २००० | २००० | नपा, संघ | नपा, वडा, उपभोक्ता | २०० |
| १७ | रैथाने बाली प्रवर्धन | वडाभरि | | २००० | २००० | नपा, वडा, कृ.स. | कृ.स. | ५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | कृषि औजार वितरण | वडाभरि | ८०० | ३२०० | ४००० | नपा, वडा, कृ.स. | वडा | ५०० |
| १९ | अर्ग्यानिक खेती तालिम | साखेजुङ | | २०० | २०० | नपा, वडा | कृ.स. | १०० |
| २० | चिया कारखाना, दुग्ध डेरीमा सचेतना(सरसफाई, मिसावट) | सबै चिया तथा डेरी उद्योग | २०० | | २०० | स्थानीय तह | वडा समिति | २०० |
| २१ | सार्वजनिक शौचालय निर्माण | त्रिवेणी र पुवाखोला | | ६०० | | नपा, वडा | वडा, उ.स. | |
| | | | **वडा नं.२** | | | | | |
| १ | पहिरो व्यवस्थापन | चित्रे | ५०० | | ५०० | नपा,वडा | वडा, उ.स. | |
| २ | भूक्षय नियन्त्रण | छाङ्गे–चित्रेचोक–लामीटार ,छाङ्गेखोला) | १००० | ६००० | ७००० | प्रदेश, संघ, नपा | वडा, उ.स. | |
| ३ | जोखिमयुक्त क्षेत्रका लागि जनचेतना (वन, खाद्य सुरक्षा) | इनपा २ | ५०० | | ५०० | नपा | वडा, नपा | |
| ४ | भल व्यवस्थापन (नाली) | इनपा २ | ५०० | | ५०० | नपा,वडा | वडा, उ.स. | |
| ५ | खहरे खोल्सी व्यवस्थापन | इनपा २ | | १००० | १००० | नपा,वडा | वडा, उ.स. | |
| ६ | वृक्षारोपण | सामुदायिक वन | | ४०० | ४०० | नपा, वडा, अन्य | वडा, स्थानीय | ५०० |
| ७ | मुहान संरक्षण | सुकविर पुछार भारी शिकारी घारा, भाडि खोला दिलपाली गाउँ गडतौला गाउँ, कमारै खोलसी, टिउटिउ मुद्दान, रेडकस खानेपानी लाप्चे खोला मुहान , छाङ्गे मुहान | १००० | ५००० | ६००० | प्रदेश, नपा | वडा, उ.स. | |
| | | | **वडा नं. ३** | | | | | |
| १ | प्रकोप व्यवस्थापन सचेतना | वडाका सबै समुदायमा | २०० | | २०० | नपा, वडा | वडा, स्थानीय | ५०० |
| २ | भूक्षय व्यवस्थापन कार्यक्रम | अल्छे, भोटाङ्गे, नाके, जमनी, चुलीगाँउ क्षेत्र | ५००० | १०००० | १५००० | प्रदेश, नपा, वडा | वडा, उ.स. | ५०० |
| ३ | पानीमुहान संरक्षण | भोटाङ्गे, मभुवा, चुलीगाउँ, इन्द्रे खोल्सी | २००० | २००० | ४००० | वडा, नपा | वडा, उ.स. | २२० |
| ४ | वृक्षारोपण | पुवामाइ र कालपोखरी सा ब | ५०० | ५०० | १००० | प्रदेश, नपा, वडा | वडा, सा.व.उ. | |
| ५ | भौतिक पूर्वाधार र वातावरण सम्बन्धी क्षमता विकास | वडाका सबै क्षेत्र र समुदायमा | | ५०० | ५०० | नपा, वडा | वडा, स्थानीय | ७०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | मकै, आलु खेतीपकेट विकास | वडाका सबै क्षेत्र | ७०० | ५०० | १२०० | प्रदेश, नपा | वडा, कृ.स. | ७०० |
| | | | | **वडा नं. ४** | | | | |
| १ | पहिरो नियन्त्रण | अमर मा.वि. टोल, भित्ते गिरी गाउँ, मुखिया गाउँ, अप्ठ्यारे खोल्सी, मलाते बीच गाउं, कागतेपानी क्षेत्र, दावली गाउं चुच्चेढुंगा पयुंबोटे, मेची राजमार्गको दबिएका क्षेत्र | १५०० | १३५०० | १५००० | प्रदेश, संघ, नपा | नपा, वडा, उ.स. | |
| २ | नदी कटान नियन्त्रण | पुवा खोला, नोरुब खोला, सानबिरे | १००० | ५००० | ६००० | प्रदेश, संघ, नपा | नपा, वडा, उ.स. | |
| ३ | चमेरेखोला - भित्ते सिंचाइ | वडा ४ | ८५०० | | ८५०० | नगर, प्रदेश, संघ | नपा, वडा | ६५ |
| ४ | सिद्धेश्वरी नारी विकास सिंचाइ | सिद्धेश्वरी टोल | | ५००० | ५००० | नगर, प्रदेश, संघ | नपा, वडा | ८० |
| ५ | सानविरे-ड्राइभरचोक सिंचाई | ड्राइभरचोक | | ५००० | ५००० | नगर, प्रदेश, संघ | नपा, वडा | ७० |
| ६ | सानविरे- धान्द्रेबेंशी सिंचाई | जलारी गाँउ | | ५५०० | ५५०० | नगर, प्रदेश, संघ | नपा, वडा | ६० |
| ७ | सानबिरे-कुटुन्जे वेसी सिंचाइ | जलारी गाँउ | | ५००० | ५००० | नगर, प्रदेश, संघ | नपा, वडा | ५५ |
| ८ | सिम्लेखोल्सी-डाँडाखेल सिंचाई | धनमने गाँउ | | ५००० | ५००० | नगर, प्रदेश, संघ | नपा, वडा | ३५ |
| ९ | लिफि्टिङ सिंचाइ योजना | पुवाखोला- धनमने | २००० | ८००० | १०००० | नगर, प्रदेश, संघ | नपा, वडा | |
| १० | देवीथानमुहान | बरबोटे टोल | १००० | | १००० | नगर, प्रदेश | वडा, उ.स. | २० |
| ११ | सानविरे, नरम खोला | इनपा ४ | १००० | ४००० | ५००० | नगर, प्रदेश, संघ | वडा, उ.स. | |
| | बाँदर नियन्त्रण कार्यक्रम | धनमने सा ब | ४०० | १६०० | २००० | नपा, प्रदेश | वडा, कृ.स., सा.व.उ | |
| १२ | कोल्डस्टोर निर्माण | पुवाखोला | | ८००० | ८००० | प्रदेश, संघ | वडा, कृ.स. | ७०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | रैथाने बाली संरक्षण | वडा भरि | ५०० | २००० | २५०० | नपा, वडा, कृ.स. | कृ.स., वडा | |
| १४ | जेष्ठ नागरिक तथा शारिरीक अशक्तका लागि स्वास्थ्य शिविर | वडास्तरिय | | १५०० | १५०० | नगर, प्रदेश | वडा, स्वास्थ्य संस्था | |
| १५ | देवीथान काभ्रे झरना | दावलीगाँउ | | ८०० | ८०० | नगर, वडा | वडा, क्लब | ७० |
| १६ | माइली पाथिभरा मन्दिरको धार्मिक पर्यटन विकास | धारापानी टोल | | १५०० | १५०० | नगर, प्रदेश, संघ | वडा, स्थानीय | ७०० |
| १७ | कोठीडाँडा पर्यटन विकास | जस्विरे | २००० | ८००० | १०००० | नगर, पर्यटन बोर्ड | वडा, उ.स. | ६०० |
| १८ | सानविरे अध्यारो पर्यटन (सानविरे स्मृतिपार्क) | सानविरे खोला (मेची राजमार्ग) | | १०००० | १०००० | नगर, प्रदेश, संघ (पर्यटन बोर्ड) | वडा, उ.स. | ४०० |
| १९ | सडक सौन्दर्यीकरण | वडाका सबै | | १००० | १००० | नगर, प्रदेश | वडा, उ.स. | |
| २० | पर्यापर्यटन केन्द्रको विकास | वडाको उपयुक्त स्थान | | ५००० | ५००० | नगर, प्रदेश, संघ | वडा, उ.स. | ५०० |
| २१ | कृषि पर्यटन प्रवर्द्धन | इनपा ४ | ५०० | २००० | २५०० | नपा, वडा | वडा | |
| | | | | **वडा नं.५** | | | | |
| १ | वृक्षारोपणबाट पहिरो नियन्त्रण | साबिक ३ बिब्ल्याँटे | | ५००० | ५००० | प्रदेश, वडा, नपा | वडा, स्थानीय | |
| २ | सगरमाथा/सुपरमाइ हाइड्रो क्षेत्रको भूक्षय नियन्त्रण | साबिक ६ पुछार दुधाड, कुडुले | | २०००० | २०००० | हाइड्रोपावर, प्रदेश | वडा, उ.स., हाइड्रोपावर | |
| ३ | पहिरो व्यवस्थापन | साबिक २ देवीस्थान, मेचीराजमार्ग, मेलबोटे | | २०००० | २०००० | प्रदेश, नपा, वडा | वडा, उ.स. | |
| ४ | फलफूल तथा वृक्षारोपण | कुडुँले सा वन | | २५०० | २५०० | प्रदेश, वडा, नपा | प्रदेश, सा.ब.उ. | |
| ५ | रैथाने बीउ प्रवर्द्धन | वडा भरि | २०० | ८०० | १००० | नपा, वडा, कृ.स. | वडा, कृ.स. | |
| ६ | कृषि बीमा कार्यक्रम | वडाभर | ३०० | १२०० | १५०० | नपा, वडा, कृ.स. | वडा, कृ.स. | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | कृषिउपज ब्रान्डिङ | वडाभर | ५०० | ५०० | १००० | प्रदेश, नपा, कृ.स. | वडा, कृ.स. | |
| **वडा नं. ६** | | | | | | | | |
| १ | नाली/ढल व्यवस्थापन | बालनगाँउ, घोष, भोटेखोल्सी, | | १००० | १००० | प्रदेश, संघ | वडा, उ.स. | |
| २ | सुरक्षित पूर्वाधार (गोरेटो/बाटोघाटो) | वडाभर | | ४००० | ४००० | नगर, प्रदेश | वडा, उ.स. | |
| ३ | साना सिंचाई कार्यक्रम | वडाभरि | २००० | ३००० | ५००० | प्रदेश | नपा, वडा | |
| ४ | मुहान संरक्षण | जल्पादेवी मुहान, पिपलबोटे कुँवा, पञ्चकन्या धारा, पधेरी खोल्सी, भुतभुते गैरे मुहान, बुढाथोकी खोल्सी पत्पटे मुहान, भालुढुंगा सामुदायिक वनको मुहान | २००० | | २००० | नपा, वडा | वडा, उ.स. | |
| ५ | पहिरो रोकथाम | बाह्रबस्ती, बालनगाँउ | | २००० | २००० | बाह्य सहयोग | वडा, उ.स. | |
| ६ | वृक्षारोपण | सामुदायिक वन क्षेत्र | ४०० | १६००० | २००० | नपा, वडा, सा.व.उ. | वडा, सा.व.उ. | |
| ७ | अर्गानिक खेती | वडाभरि | १०० | ४०० | ५०० | नपा, वडा, कृ.स. | वडा, कृ.स. | |
| ८ | प्रांगारिक मल प्रवर्द्धन | वडाभरि | १०० | ४०० | ५०० | नपा, वडा, कृ.स. | वडा, कृ.स. | |
| ९ | सोलारबत्ती जडान | वडा भरि | १००० | ४००० | ५००० | प्रदेश, संघ | वडा | |
| १० | जलवायु सचेतना कार्यक्रम | वडाभरि | २०० | ८०० | १००० | नगर, प्रदेश | वडा, संघसंस्था | |
| ११ | समाधि स्थल व्यवस्थापन | घाट | | १००० | १००० | नगर, प्रदेश | वडा, उपभोक्ता | |
| **वडा ७** | | | | | | | | |
| १ | व्यवस्थित नाली/फूटपाथ/सडक | वडाभर | ५०० | २००० | २५०० | नगर , प्रदेश | वडा, उ.स. | |
| २ | पानी पूर्नभरण पाखरी निर्माण | चियाबारी लगायत का क्षेत्रमा भएका खाली ठाँउ | ५०० | २५०० | ३००० | प्रदेश, नगर | वडा, स्थानीय | |
| ३ | इलाम बजारमा सुरक्षित खानेपानी | वडाभर | ५०० | ५०० | १००० | नपा, वडा | वडा, उ.स. | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | इन्डक्सन चुलो | वडा भरि | २००० | ८००० | १०००० | नपा, संघ, प्रदेश, उपभोक्ता | वडा | १३०० |
| ५ | ब्रिकेट/सोलार प्यानल | इलामबजार | | १००० | १००० | नपा, उपभोक्ता | वडा, टोल विकास | |
| ६ | चियाबगान संरक्षण बगैंचा/पार्क निर्माण | चियाबगान र खाली क्षेत्र | ३०० | १२०० | १५०० | प्रदेश, नपा, वडा | वडा, टोल विकास | |
| ७ | कौशी खेती/पुष्प प्रवर्द्धन | वडाभर | २०० | ८०० | १००० | वडा, नपा, प्रदेश | वडा | |
| ८ | आगलागी नियन्त्रणको लागि पूर्वतयारी तालिम | वडाभरि | १०० | | १०० | वडा | वडा, संघसंस्था | |
| ९ | आगलागी नियन्त्रणको लागि किचन सुरक्षा सम्बन्धि तालिमको आयोजना | वडाभरि | १०० | | १०० | वडा | वडा, संघसंस्था | |
| १० | वडाका सम्पूर्ण क्षेत्रहरुमा विद्युतको ए.वि.सि. केवल विस्तार | वडाभरि | | ५०००० | ५०००० | संघ, प्रदेश, नपा | वडा, विद्युत कार्यालय | |
| ११ | इलाम अस्पतालमा विशेषज्ञ डाक्टरहरुको व्यवस्था | जिल्ला अस्पताल | १००० | ४००० | ५००० | नपा, प्रदेश, संघ | वडा ,नपा, अ.व्य.स. | |
| **वडा नं. ८** | | | | | | | | |
| १ | भलबाढी नियन्त्रण | महभीर, मसार, तिल्केनी, सिङ्फिरिङ | १००० | ४००० | ५००० | नपा, प्रदेश | वडा, स्थानीय | |
| २ | खोल्सी व्यवस्थापन | नाराणस्थान खोल्सी, झ्याँउकिरी खोल्सी, धोबीधारा खोल्सी, सिंहबाहिनी खोल्सी, भुर खोल्सी, अँधेरी खोल्सी, खर्क पोखरी | १००० | ९००० | १०००० | नपा, प्रदेश, संघ | वडा, स्थानीय | |
| ३ | साना सिंचाई कार्यक्रम | महभिर, तिल्केनी, सिंगफ्रिङ | १००० | ३००० | ४००० | प्रदेश, नपा, वडा | वडा, कृ.स. | |
| ४ | मुहान संरक्षण | वडा भरि | ५०० | ५०० | १००० | नपा, वडा | वडा, उ.स. | |
| ५ | सुरक्षित खानेपानी आपूर्ति | तिल्केनी, मसार, महभीर, सिंगफ्रीङ | १००० | १००० | २००० | नपा, वडा | वडा, उ.स. | |
| ६ | इन्डक्सन चुल्हो वितरण | वडा भरि | १००० | ४००० | ५००० | प्रदेश, नगर, वडा | वडा, नगर | |
| ७ | वृक्षारोपण | सामुदायिकवन | | १५०० | १५०० | प्रदेश, नगर, वडा | वडा, सा.ब.उ. | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | जंगली जनावर नियन्त्रण | वडा भरि | ३०० | ९०० | १२०० | प्रदेश, नगर, वडा | वडा, स्थानीय | |
| ९ | बाली बिरुवामा रोग नियन्त्रण | वडाभरि | २०० | ८०० | १००० | वडा, नपा, कृ.स. | वडा, कृ.स. | |
| १० | जलवायु चेतना कार्यक्रम | वडाभरि | २०० | ८०० | १००० | नपा, वडा, संघसंस्था | वडा, संघसंस्था | |
| ११ | वातावरण सम्बन्धी तालिम | वडाको संवेदनशील क्षेत्रमा | | ६०० | ६०० | नपा, वडा, संघसंस्था | वडा, संघसंस्था | |
| १२ | अनुकूलन क्षमता अभिवृद्धि तथा सीपमूलक तालिम | वडाभरि | २५० | २५० | ५०० | नपा, वडा, संघसंस्था | वडा, संघसंस्था | |
| १३ | पहिरो नियन्त्रण | मेची राजमार्ग, विमानस्थल क्षेत्र, पुवाखोला क्षेत्र | | १०००० | १०००० | संघ, प्रदेश, नपा | नपा, वडा, उ.स. | |
| १४ | वृक्षारोपणको माध्यमले भूक्षय नियन्त्रण | वडाभरि | २०० | २००० | २२०० | प्रदेश, नपा, सा.व. | नपा, वडा, सा.ब.उ | |
| १५ | पुजविआ अडिट १ गोलाखर्क भञ्ज्याङ क्षेत्र सिंचाइ | खाल्डे, निगुरे, कुम्भिटार, केउरेनी | ३००० | ३००० | ६००० | संघ, प्रदेश, नपा | नपा, वडा, उ.स. | |
| १६ | ढुंगे खोल्सी सिंचाइ योजना | चम्पादेवी, नमूना टोल | ५०० | ५०० | १००० | नपा, वडा | वडा, उ.स. | |
| १७ | पुवाखोला खानेपानी लिफ्ट सिस्टम | भगवती, लालीगुँरास, पुवामाइ टोल | | १०००० | १०००० | संघ, प्रदेश, नपा | नपा, वडा, उ.स. | |
| १८ | गोलबस्ती-शेरा खानेपानी | गोलबस्ती र शेरा | | ५००० | ५००० | नगर, प्रदेश | प्रदेश, नपा, वडा | |
| १९ | सेतीदेवी खानेपानी योजना | केउरेनी, कुम्भीटार | २००० | ४००० | ६००० | नगर, प्रदेश | प्रदेश, नपा | |
| २० | खानेपानी मर्मत सुधार | पुवामाइ टोल | १००० | १००० | २००० | नगर | नगर, वडा | |
| २१ | पञ्चकन्या खानेपानी योजना | चम्पादेवी, भुल्केबेंशी | १००० | ४००० | ५००० | नगर, प्रदेश | प्रदेश, नपा, वडा | |
| २२ | खारखोला भुल्केबेंशी खापायो | नमूना, भुल्के बेंशी | ५०० | १५०० | २००० | नगर तथा वडा | नगर, वडा | |
| २३ | इन्डक्सन चुलो वितरण | वडा भरि | २००० | ८००० | १०००० | प्रदेश, नगर, वडा | नगर, वडा | १६०० |
| २४ | बायोग्यास प्रवर्धन कार्यक्रम | वडाभरि | ५०० | १५०० | २००० | प्रदेश, नगर, वडा | नगर, वडा | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५ | वनमा अग्नि रेखा निर्माण | सबै सा.व.उ.स. | २००० | ६००० | ८००० | प्रदेश, नगर, वडा | वडा, सा.व.उ. | १६०० |
| २६ | फलफुल/वृक्षारोपण कार्यक्रम | सबै सा.व.उ.स. | १००० | ३००० | ४००० | प्रदेश, नगर, वडा | वडा, सा.व.उ. | १६०० |
| २७ | बाँदर प्रकोप नियन्त्रण | वडाभरि | ५०० | ५०० | १००० | प्रदेश, नगर, वडा | वडा, सा.व.उ. | १०० |
| २८ | रैथाने बाली संरक्षण र प्रवर्द्धन | वडाभरि | २०० | ८०० | १००० | प्रदेश, नगर, वडा | वडा, कृ.स. | १५० |
| २९ | गहूँ उत्पादन कार्यक्रम | वडाभरि | ५०० | ५०० | १००० | प्रदेश, नगर, वडा | वडा, कृ.स. | २०० |
| ३० | उन्नत फलफूल खेती प्रवर्द्धन | वडाभरि | ३०० | १२०० | १५०० | प्रदेश, नगर, वडा | वडा, कृ.स. | १५० |
| ३१ | मौरी र माछा मार्फत वैकल्पिक जिविकोपार्जन | वडास्तरिय | | १५०० | १५०० | प्रदेश, नगर, वडा | वडा, कृ.स. | १५० |
| ३२ | पशुपालन (गाइ, बाखा, सुँगुर) | वडास्तरीय | १००० | ४००० | ५००० | प्रदेश, नगर, वडा | वडा, कृ.स. | ५०० |
| ३३ | उन्नत घाँस उत्पादन | वडाभरि | ३०० | १२०० | १५०० | प्रदेश, नगर, वडा | वडा, कृ.स. | ५०० |
| ३४ | स्वास्थ्य सम्बन्धी जनचेतना र स्वास्थ्य शिविर संचालन | वडाभरि | ४०० | १६०० | २००० | प्रदेश, नगर, वडा | वडा, नपा | ५०० |
| ३५ | विपन्न वर्गलाई स्वास्थ्य बीमा कार्यक्रम | वडाभरि | ४०० | १६०० | २००० | प्रदेश, नगर, वडा | वडा, नपा | ५०० |
| ३६ | जैविक विविधता सचेतना | सबै सा वन उ.स. | १०० | ४०० | ५०० | प्रदेश, नगर, वडा, संघसंस्था | वडा, संघसंस्था | २०० |
| ३७ | जलवायु परिवर्तन सचेतना | संवेदनशील क्षेत्रमा | १०० | ४०० | ५०० | नगर, वडा, संघसंस्था | वडा, संघसंस्था | ३०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३८ | सम्भावित क्षेत्रमा पर्यटन प्रवर्धन गर्ने कार्यक्रम | मन्दिर, हवाइमैदान, पार्क | २००० | ८००० | १०००० | संघ, प्रदेश, नपा | वडा, उ.स. | ५५० |
| | | | वडा नं. १० | | | | | |
| १ | तटबन्ध निर्माण (पुलदेखि टापुसम्म) | माइभगवती वृद्धाश्रम | | १५००० | १५००० | संघीय सरकार | वडा, उ स | १६५ |
| २ | जलाधार क्षेत्रमा वृक्षारोपण | पानीका मुहानहरु | | ५०० | ५०० | नपा, वडा | वडा, उपभोक्ता | |
| ३ | पहिरो/खहरे व्यवस्थापन | साविक १, शिलपुर तथा टापु | | १०००० | १०००० | संघीय सरकार | वडा, उस | १५० |
| ४ | खानेपानी मुहान संरक्षण | वडाका मुहानहरु | | ५०० | ५०० | नपा, वडा | वडा, उ.स. | |
| ५ | मूर्ति मालबाँसे खापायो | साविक ६ | | ५००० | ५००० | प्रदेश सरकार | नगर, वडा | ३५ |
| ६ | जौबारी नारायणचोक खापायो | साविक ६,९ | | १०००० | १०००० | संघीय सरकार | नगर, वडा | ८० |
| ७ | जौबारी खापायो | साविक७,९ | | ३००० | ३००० | प्रदेश सरकार | नगर, वडा | ५० |
| ८ | शिलपुर (छौंडे) खापायो | साविक १ | | २५० | २५० | प्रदेश सरकार | नगर, वडा | |
| ९ | थोपा सिंचाइकार्यक्रम | सुख्खा क्षेत्र | | १०००० | १०००० | संघीय सरकार | वडा, कृ स | ८०० |
| १० | जंगलीजनावर नियन्त्रण | वडाभरि | | ५०० | ५०० | नपा, वडा | वडा, कृषक | |
| ११ | तरकारी खेतीतालिम/कृषि उपकरण वितरण | वडाभरि | | ५००० | ५००० | संघीय सरकार | वडा, कृ स | ८०० |
| १२ | धुवा रहित आधुनिक चुलो तथा विद्युतीय चुलोहरुमा अनुदानको व्यवस्था गर्ने | वडाभरि | | १५००० | १५००० | प्रदेश, संघ, नपा | वडा, नपा | ८०० |
| १३ | विद्युतीय सडक बत्ती बिस्तार | घट्टा बजार, जौंबारी, तर्से गाउँ | | ५००० | ५००० | प्रदेश, संघ, नपा | वडा, नपा | |
| | | | वडा नं. ११ | | | | | |
| १ | निर्फुक सोलार सिंचाई योजना | निर्फुक | ६००० | | ६००० | प्रदेश, नपा | वडा, उ.स. | १२० |
| २ | बहाना सोलार सिंचाई योजना | बहाना | | ६००० | ६००० | प्रदेश, नपा | वडा, उ.स. | ६० |
| ३ | साजबोटे खापायो | साजबोटे | ५०० | | ५०० | वडा | उ.स. | ३३ |
| ४ | बाहुनधारा खा.पा.यो. | बाहुनगाँउ | ५०० | | ५०० | वडा | उ.स. | २० |
| ५ | देवीथाने खा.पा.यो. | गैह्रीगाँउ | ५०० | | ५०० | वडा | उ.स. | २५ |
| ६ | सोलार खानेपानी पम्पिंग | लुंगरुप्पा | ६००० | | ६००० | प्रदेश | वडा, उ.स. | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | वृक्षारोपण | खाल्डे | २०० | | २०० | नपा, वडा | वडा, साव | २०० |
| ८ | पहिरो रोकथाम | पहिरोग्रस्त स्थानमा | २०० | ८०० | १००० | वडा, नपा | वडा,स्थानीय | १०० |
| ९ | कज वे/तारजाली निर्माण | राते खोला सोयाक | ५०० | | ५०० | वडा, नपा | वडा, उ.स. | ५०० |
| १० | मानव स्वास्थ्य चेतनातालिम | वडाभरि | ५० | ५० | १०० | वडा, संघसंस्था | वडा, संघसंस्था | ३०० |
| ११ | मल/विषादि व्यवस्थापन | वडाभरि | १०० | | १०० | वडा | वडा, कृ स | |
| | | | | **वडा नं. १२** | | | | |
| १ | बाढी पहिरो नियन्त्रण | साविक १,२,४,६ | | २५०० | २५०० | स्थानीयतह | वडा, उ स | २०० |
| २ | राते खोल्सी सोलार सिंचाई | साविक १,२,३ | | ८००० | ८००० | संघ, प्रदेश, नपा | वडा, नपा, उ स | २०० |
| ३ | समाल खोल्सी मुहान संरक्षण | समालगाँउ (३ नम्बर) | | ५०० | ५०० | स्थानीयतह | उपभोक्ता, वडा | ४५ |
| ४ | जुकेबेंशी मुहान संरक्षण | मसार | | १०० | १०० | स्थानीय सरकार | वडा | ६० |
| ५ | कोप्चे बार्सिलिङ मुहान | अम्बरज्योति कोप्चे | १०० | | १०० | स्थानीय सरकार | वडा | ४० |
| ६ | लामागाँउ मुहान संरक्षण | नरसिङ्गगाँउ | १०० | | १०० | स्थानीय सरकार | वडा | ३० |
| ७ | पोखरी निर्माण | गल्छिडा | | २५०० | २५०० | दातृसंस्था | वडा, उ स | |
| ८ | बाँदर व्यवस्थापन | सबै कृषि भूमि | १५०० | १५०० | ३००० | नपा, वडा | वडा, कृषक | ८०० |
| ९ | कफी, एभोकाडो, बेसार खेती | वडाभरि | ५०० | २००० | २५०० | स्थानीयतह | वडा, कृ स | ५०० |
| १० | बर्खेबाली रोगकीरा नियन्त्रण | वडाभरि | १०० | ४०० | ५०० | स्थानीयतह | वडा, कृ स | ८०० |
| ११ | प्रांगारिक मल प्रवर्द्धन | वडाभरि | १०० | ४०० | ५०० | स्थानीयतह | वडा, कृ स | ८०० |
| १२ | क्षमता विकास तालिम | वडाभरि | ५० | ५० | १०० | वडा | वडा | २०० |

# परिच्छेद ६

## जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण

जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्युनिकरणका सवालहरुलाई निति, नियम, आवधिक योजनामा र वार्षिक योजना तर्जुमा मुलप्रवाहिकरण गर्न विभिन्न तहमा भएका तहगत संरचना, मन्त्रालय, स्थानीय सरकार र सरोकारवालाहरुको ठाडो र तेर्सो समन्वय हुनु जरुरी हुन्छ ।




**नियमित अनुगमन तथा पृष्ठ पोषणका चरणहरु**

स्थानीय योजना प्रक्रियामा छनौटमा परेका तर स्थानीय सरकारले लगानी गर्न नसक्ने, बहुवर्षे योजनाहरुलाई समेत प्रदेश र सघंबाट विनियोजन हुने बजेटहरुमार्फत कार्यान्वयन गर्ने गरी समावेश गर्ने साथै विभिन्न तहबाट नियमित अनुगमनबाट प्राप्त सुझाव र पृष्ठपोषणको कारण वडा स्तरमा समेत जलवायु र विपद सम्बन्धिका योजनाहरुले प्राथामिकता पाउनेछन । योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहीकरण र स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा र अनुगमन तथा मूल्यांकन प्रक्रियामा मूलप्रवाहीकरण ६.१ र ६.२ अनुसार हुनेछ ।

### ६.१ आवधिक योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहीकरण

जलवायु परिवर्तन सम्बन्धी स्थानीय सूचना, जोखिमको अवस्था, श्रोत साधनको उपलब्धता, गुणस्तर तथा त्यस माथिको पहुँच र अनुकूलन तथा जोखिम न्यूनीकरणको आवश्यकता पहिचानको आधारमा जलवायु परिवर्तनलाई इलाम नगरपालिकाको आवधिक योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहीकरण गरी जलवायु परिवर्तन व्यवस्थापनलाई संस्थागत गरिनेछ । जलवायु परिवर्तनको जोखिममा रहेका परिवार, समुदाय, वडालाई आफ्ना अनुकूलन प्राथमिकताबारे प्रष्टसँग अभिव्यक्त गर्न र प्रभावकारी कार्यान्वयनका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रका श्रोत परिचालन गरिनेछ । जलवायु परिवर्तन सम्वन्धी विश्लेषण, अनुकूलन र जोखिम न्यूनीकरणका रणनीतिहरु स्थानीय आवधिक योजना अथवा दिर्घकालिन योजनामा समावेश गरिनेछ ।

राष्ट्रिय तथा प्रादेशिक योजना आयोगहरुको आधार पत्र तथा आवधिक विकास योजनालाई प्रस्थान बिन्दु बनाएर जलवायु उत्थानशीलताका दीर्घकालीन लक्ष्य तथा सोचहरु आवधिक योजनामा समायोजन गरिनेछ । प्राविधिक रुपले जटिल तथा धेरै लगानी लाग्ने अनुकूलनका योजनाहरु बहुवर्षीय, दीर्घकालीन तथा आवधिक योजनामा

समायोजन गरेर कार्यान्वयन गरिनेछ। अन्तर स्थानीय तहसंगको तेर्सो सम्बन्ध र समन्वय साथै प्रदेश र संघसँगको ठाडो सम्बन्ध र समन्वय गरी कार्यान्वयन गर्नुपर्ने प्रकृतिका जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरु आवधिक योजनामा एकीकरण गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ । इलाम नगरपालिकाको आवधिक योजना तथा विकासका नीतिहरुको प्रभावकारी कार्यान्वयनका लागि विषयगत कार्यालय, गै स स संस्था, अन्तर्राष्ट्रिय नियोग, विकास साझेदार र निजी क्षेत्रका श्रोत परिचालन गर्न मार्गचित्र तथा खाका तयार गरिनेछ ।

## ६.२ स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा र अनुगमन तथा मूल्यांकन प्रक्रियामा मूलप्रवाहीकरण

अनुकूलन कार्ययोजनालाई विकास र विषयगत योजनामा साथै स्थानीय सेवा प्रदान गर्ने निजी तथा गैर सरकारी संस्थाहरुको योजना प्रक्रियामा समायोजन गर्नका लागि वडा एवं नगरपालिकाको जनप्रतिनिधि, राजनैतिक दलहरु, अन्य सरोकारवालाहरु र एकीकृत योजना तर्जुमा समितिसँग यस अनुकूलन कार्ययोजना तर्जुमा प्रक्रिया देखि नै छलफल र समन्वय गरिएको छ । यसरी नै पालिका स्तरमा अनुकूलन कार्ययोजनाका र प्रक्रियाको सम्बन्धमा प्रस्तुतिकरण गरी पालिकाका सेवा प्रदायक निकायहरुसंग छलफल गरिएको छ। इलाम नगरपालिकाको सम्पूर्ण वडा स्तरका राजनीतिक दल, सामाजिक संस्थाहरु, सामुदायिक वन लगायत समुदायका स्रोत उपभोक्ता समूहहरुसंग विस्तृत छलफल मार्फत अनुकूलन कार्ययोजना तयार गरिएको छ र नगरपालिकाको नगरसभाबाट अनुमोदन भए पश्चात यो लागु हुनेछ । यसरी नै नगरपालिकाको वार्षिक योजनामा समावेश नभएका योजनाहरुलाई नियमित योजना तर्जुमा प्रक्रिया मार्फत जिल्ला समन्वय समिति तथा सम्बद्ध विषयगत कार्यालयहरु तथा अन्य सरोकारवाला निकायमा पनि पेश गरी मूलप्रबाहिकरणको लागि पहल गरिनेछ । भविष्यमा नगरपालिकाले तयार गर्ने आवधिक तथा वार्षिक योजना तथा रणनीतिहरुमा यस अनुकूलन कार्ययोजनालाई प्राथमिकताका साथमा समायोजन गरिनेछ । यस कार्ययोजनाका प्राथमिकताहरुलाई केन्द्रिय स्तरमा वन तथा वातावरण मन्त्रालय मार्फत राष्ट्रिय योजना आयोगबाट तयार गरिने रातो किताब मार्फत राष्ट्रिय विकास योजनामा समायोजन गर्न समेत आवश्यक पहल गरिनेछ । योजना समायोजनका लागि निम्नानुसार कार्यहरु समेत पहिचान गरिएका छन् ।

### १) तत्काल गर्नूपर्ने

- ✓ कार्ययोजनाका बारेमा चेतना अभिवृद्धि गर्ने र अपनत्व विकास गर्ने ।
- ✓ कार्ययोजना दस्तावेज र सो अन्तर्गत प्राथमिकतामा परेका क्रियाकलापहरु आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित विषयगत तथा अन्य सरोकारवालाहरु समक्ष पेश गरी कार्यान्वयन पहल र पैरवी गर्ने ।

### २) योजना तर्जुमा प्रक्रियाको समयमा समायोजन गर्नुपर्ने

| योजना तर्जुमाको स्तर | आवश्यक तयारी | जिम्मेवारी |
|---|---|---|
| टोल स्तरीय | यस कार्ययोजना बमोजिम आ-आफ्नो टोलमा प्राथमिकतामा परेका योजनाहरु निर्धारित ढाँचामा पेश गर्ने । | सम्बन्धित टोलको पालिका प्रतिनिधि, पालिका सभा सदस्य वा प्रभावित समुदाय वा सम्बन्धित बिषयगत क्षेत्रको व्यक्ति । |
| वडा स्तर | वडा स्तरमा गनुपर्ने कार्यहरु योजनामा राख्ने। बिभिन्न वडासँग सम्बन्धित कार्यक्रम भए सबैसँग समन्वय गर्नुपर्ने । | वडा अध्यक्ष, सचिब वा तोकिएको व्यक्ति, वडा समितिका सदस्यहरु । |
| नगरपालिका स्तरमा | नगर सभामा अनुमोदन गराउन पहल गर्ने । | नगर कार्यपालिका सदस्यहरु, वन, वातावरण तथा विपद व्यवस्थापन समितिका सदस्यहरु राजनितिक दलका प्रतिनिधि । |

| | | |
|---|---|---|
| बिषयगत क्षेत्रका योजनाहरु | वन, जलस्रोत, कृषि आदिसंग सम्बन्धित योजनाहरु समूहको साधारणसभा पूर्व नै कार्यसमितिमा पेश गर्ने ।<br>माथिल्लो स्तरमा लैजानु पर्ने योजना भए सम्बन्धित निकायको तल्लो तहको सिफारिस सहित सेक्टर स्तरको योजना तर्जुमा प्रक्रियामा पेश गर्ने । | सम्बन्धित विषयगत क्षेत्रसँग सम्बन्धित प्रतिनिधि । |
| विभिन्न परियोजनाहरु | परियोजनाका तल्लो तहका योजना तर्जुमा प्रक्रियामा वा सोभै परियोजनाको सम्पर्क कार्यालयमा निर्धारित ढाँचामा कार्यक्रम पेश गर्ने । | परियोजनाका स्थानीय सामाजिक परिचालक तथा कर्मचारी र प्रतिनिधि । |

३) इलाम नगरपालिकाको आवधिक विकास योजनामा समेत स्थानिय अनुकूलनका कार्ययोजनालाई मुल प्रवाहिकरण गर्दै कार्यान्वयन गर्नुपर्ने हुन्छ । कार्ययोजनाको सम्भाव्य अनुकूलनका कार्यक्रमहरुलाई आवधिक विकास योजनामा निम्नानुसारको तालिका अनुसार समाहित गर्दै नगरपालिकाको विकास लक्ष्य प्राप्ति साथै अनुकूलन क्षमतामा वृद्धि गर्नुपर्ने हुन्छ ।

## नमुना योजना तालिका

| उपलब्धि | स्थानिय अनूकुलन कार्ययोजनाका कियाकलापहरु | सूचक | इकाई | आधार वर्षको अवस्था | प्रगति (सम्मको अवस्था) | | | | | पुस्ट्याईको आधार |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | |
| विषयगत क्षेत्र: कृषि तथा खाद्य सुरक्षा | | | | | | | | | | |
| १. इलाम नगरपालिका क्षेत्रभित्र कृषि उत्पादन १० प्रतिशतले वृद्धी भई स्थानिय अर्थतन्त्रमा उल्लेख्ययोगदान, जिविकोपार्जन सुनिश्चितता, खाद्य सुरक्षामा सुधार, खाद्य परनिर्भरतामा वृद्धी भएको हुनेछ । | • जलवायु मैत्री कृषि प्रविधि विकास र प्रसार<br>• अर्गानिक कृषि तालिम<br>• बालीमा रोगकिराको व्यवस्थापन अभियान<br>• प्रांगारिक मल प्रवर्द्धन<br>• सिंचाई व्यवस्थापन<br>• उत्पादन बजाकिरण<br>• कृषक र वन्यजन्तु द्वन्द्व व्यवस्थापन | जलवायु मैत्री कृषि प्रविधि विकास | संख्या | ० | २ | ४ | ५ | ७ | १० | न पा को प्रतिवेदन, कार्यक्रम अनुगमन मुल्यांकन, नगर प्रोफाइल अवलोकन |
| | | प्रविधि प्रसार | कृषक संख्या | १००० | १५०० | २००० | ३००० | ५००० | | |
| | | अर्गानिक कृषि तालिम | कृषक संख्या | ० | ७५ | ३०० | ८०० | १५०० | | |
| | | बाली उपचार शिविर | संख्या | ३ | १२ | २० | | | | |
| | | सिंचाइ व्यवस्थापन | रोपनी | १००० | ३००० | ४५०० | ६००० | | | |
| | | प्रांगारिक मल उत्पादन र वितरण | मे ट | ० | ३०० | ८०० | १०० | | | |
| | | कृषि आउटलेट संचालन | संख्या | ० | १ | १ | १ | | | |
| | | | | | | | | | | |

## परिच्छेद ७

# अनूगमन तथा मुल्याङ्कन योजना

इलाम नगरपलिका अर्न्तगत अनुकूलन योजनामा समेटिएका सबै घरधुरी तथा सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता तथा नगरपालिकाको विद्यमान वन वातावरण तथा विपद् व्यवस्थापन समन्वय समिति, कार्यपालिका सदस्यहरु र खासगरी पालिका स्तरिय अनुगमन मूल्यांकन समितिको अगुवाईमा अनुकूलन कार्ययोजना कार्यान्वयनको अनुगमन आवधिक रुपमा गरिनेछ । अभिलेखिकरणमा उल्लेखित आवश्यक सूचनाहरुलाई ध्यान दिई अनुगमन गर्नुपूर्व अनुगमनको खाका तयार गरी सोही अनुसार अनुगमन र प्रतिवेदन तयार गरिनेछ । अनुगमनको लागि समितिका पदाधिकारीहरु अनुगमन सम्बन्धि अभिमुखीकरणमा सहभागि भएर मात्र अनुगमन कार्यमा संलग्न हुनेछन् जसबाट गरिएका प्रभावकारिताको लेखाजोखा गर्न सहज हुनेछ । त्यसैगरी वार्षिक रुपमा मूल्याङ्कन गरिनेछ भने योजनाको अन्तमा अन्तिम मूल्याङ्कन गरी पुनःआगामी दिनको मुल्याङ्कन योजना तयार गरिनेछ। यसरी नै अनुकूलन कार्ययोजनालाई सघाउन अनुगमन तथा मूल्याङ्कनले सिकाइ, चिन्तन-मनन र पृष्ठपोषणका लागि अवसर प्रदान गर्दछ।

कार्यक्रम सञ्चालनको क्रममा कार्यक्रम गुणस्तरीय तथा उद्देश्य मुलक बनाउन सम्बन्धित लाभान्वित वर्ग तथा सम्बन्धित सरोकारवाला संस्थाहरुको सुझावलाई सम्बोधन गरिने छ। साथै नगरपालिका तथा सम्बन्धित समूहले स्व अनुगमन मुल्याङ्कन गरिनुका साथै सहयोगी निकायहरुसंग संयुक्त रुपमा समेत कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरिनेछ। कार्यक्रम सम्पादन पश्चात सम्बन्धित क्रियाकलापको सार्वजनिक लेखा परिक्षण गरिने छ।

| अनुगमनका तहहरु | उद्देश्य | जिम्मेवारी | समय | प्रक्रिया/वीधि |
|---|---|---|---|---|
| वडा तहको अनुगमन (क्रियाकलाप तहमा) | • पारदर्शीता र अपनत्व कायम गर्न<br>• अनुकूलन कार्यहरुको प्रभावकारी कार्यान्वयन | • वडा समिति<br>• वडा स्तरिय अनुगमन समिति | कार्यक्रम सञ्चालन पूर्व, सञ्चालनको क्रममा र सम्पन्न भएको १ महिनाभित्र (हरेक कार्यक्रममा) | सार्वजनिक लेखा परिक्षण, स्वः अनुगमन तथा मूल्याङ्कन, होडिंग वोर्ड अवलोकन |
| नगरपालिका तहको अनुगमन (प्रक्रिया र प्रगतिहरु तहमा) | • कार्यक्रमको गुणस्तर कायम गर्न ।<br>• योजना र प्रगतिको लेखाजोखा गर्न ।<br>• कार्यक्रमको प्रभावकारीता वृद्धि गर्दै समयमा कार्य सम्पन्न गर्न । | • कार्यपालिका सदस्य<br>• पालिकास्तरिय अनुगमन समिति<br>• वन, वातावरण तथा विपद् व्यवस्थापन समिति<br>• स्थानीय पत्रकार<br>• न पा कर्मचारी तथा सहयोगी निकायहरु | अर्धवार्षिक रुपमा (पौष र असारमा) | समिक्षा तथा योजना तर्जुमा वैठक तथा गोष्ठी |
| | | | त्रैमासिक | फिल्ड अनुगमन भ्रमण |
| | | | त्रैमासिक | संकटासन्न वर्गहरुसँग अन्तरक्रिया |
| | | | नियमित | फोटो तथा घटना अध्ययनको संकलन |
| | | | वार्षिक | वार्षिक प्रगति प्रतिवेदन |
| जिल्ला तहको अनुगमन | • अन्तरपालिका समन्वय तथा राम्रा अभ्यासहरुको सिकाई आदान प्रदान गर्न<br>• पारदर्शिता र प्रभावकारिता अभिवृद्धि गर्न | समन्वयन समितिका पदाधिकारीहरु | अर्धवार्षिक वा बार्षिक | फिल्ड अनुगमन भ्रमण |
| प्रदेश तथा संघिय मन्त्रालय | • पारदर्शिता र प्रभावकारिता अभिवृद्धि गर्न<br>• कार्यक्रम संचालनको औचित्यता र आवश्यकता औल्याउन | प्रदेश :- सामाजिक विकास, उधोग पर्यटन वन वातावरण र सम्बन्धित मन्त्रालय<br>सघं :- वन तथा वातावरण र सम्बन्धित मन्त्रालय | वार्षिक | फिल्ड अनुगमन भ्रमण |

कार्यक्रम संचालनको क्रममा कार्यक्रम गुणस्तरीय तथा उद्देश्यमुलक बनाउन सम्बन्धित लाभान्वित वर्ग तथा सम्बन्धित सरोकारवाला संस्थाहरुको सुझावलाई सम्बोधन गरिनेछ । साथै वडा, नगरपालिका तथा सम्बन्धित समूहबाट स्व-अनुगमन मूल्याङ्कन गरिनुका साथै सहयोगी निकायहरुसंग संयुक्त रुपमा समेत कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरिने छ । कार्यक्रम सम्पादन पश्चात सम्बन्धित क्रियाकलापको सार्वजनिक लेखा परीक्षण गरिने छ ।

## अनुकूलन तथा विपद् जोखिम व्यवस्थापनका कार्यहरुको तर्जुमा र कार्यान्वयन

जलवायु अनुकूलन योजनाको तर्जुमा तथा कार्यान्वयनको नेतृत्व इलाम नगरपालिकाले गर्नेछ । नगरपालिकाले योजना तर्जुमा र कार्यान्वयन बाहेक स्थानीय स्तरमा समुदाय र परियोजनाहरुले स्थानीय अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य, समुदायमा आधारित अनुकूलन कार्यक्रम, पारिस्थितिक प्रणाली, विषयगत क्षेत्रसँग सम्वन्धित र समूहको योजनामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यहरु समायोजन गर्नेछ । जोखिम तथा संकटासन्नता र यसका अन्तरनिहित कारणहरु व्यक्ति, घरधुरी, समुदाय र वडास्तरमा फरक फरक भएका कारण स्थानीय योजना तर्जुमा प्रकृयामा जलवायु परिवर्तनबाट बढी प्रभावित संकटासन्न समुहको विशिष्ट समस्यालाई समाधान गर्ने अनुकूलनका कार्यक्रमहरू समावेश गरिनेछ । अनुकूलन र जोखिम न्यूनीकरणका योजनाहरु घरधुरी, स्थानीय समुदाय, उपभोक्ता समूह, संघ-संस्था र परियोजनास्तरमा निर्माण र कार्यान्वयन गर्नलाई प्रोत्साहन र सहजिकरण गरिनेछ । जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरु व्यक्ति, घरधुरी, स्थानीय समुदाय र उपभोक्ता समूहको जीविकोपार्जन, पारिस्थितिक प्रणाली र विकास कार्यसंग जोडिएको हुन सक्नेछ ।

यस कार्ययोजनाको सफल तर्जुमा तथा कार्यान्वयन र समन्वयात्मक भुमिकाका लागि वडा समिति तथा कार्यपालिका समिति क्रियाशिल रहनेछ । पालिकाले प्रदेश, संघिय सरकार, गै.स.स को सहयोग तथा समन्वयनमा कियाकलापहरुको कार्यान्वयन गर्नेछ । जलवायु वित्तका लागि पनि स्थानीय अनुकूलन कार्ययोजना महत्वपुर्ण दस्तावेज हुनेछ । अनुकूलन योजनामा उल्लेखित कार्यहरुलाई नगरपालिका, विषयगत शाखा, समुदायमा आधारित विद्यमान समुह, गैर सरकारी संस्था, क्लब तथा उपभोक्ता समिति, पेशागत संस्था साथै नाफाक्षेत्रहरु मार्फत कार्यान्वयन गरिनेछ । भौतिक पूर्वाधार सम्बन्धि कार्यक्रमहरुको कार्यान्वयनमा आवश्यकता अनुरुप प्राविधिक तथा विषय विज्ञहरुबाट विस्तृत डिजाइन र लागत अनुमान गराउनुका साथै कार्यान्वयनमा समेत सहयोग लिईनेछ । अनुकूलन कार्ययोजना कार्यान्वयनको सहजिकरण वन, वातावरण तथा विपद् व्यवस्थापन समितिले गर्नेछ । जलवायु परिवर्तन, विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउने, स्थानीय अनुकूलन कार्ययोजना कार्यन्वयनलाई थप प्रभावकारी बनाउन आवश्यक पृष्ठपोषण गर्ने काम वन, वातावरण तथा विपद् व्यवस्थापन समिति मार्फत गरिनेछ । वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा जलवायु परिवर्तन, विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धि कार्यक्रमहरुलाई मुलप्रवाहिकरण गर्न आवश्यक सहजिकरण गर्ने तथा बजेट विनियोजनका लागि कार्यपालिकामा पैरवि समेत यस समिति मार्फत गरिनेछ ।

यस कार्ययोजनामा अन्य सरोकारवाला निकायहरुको सहयोग पनि आवश्यक पर्ने हुनाले सो कार्यक्रमहरुका लागि सरोकारवाला निकायको वार्षिक योजनामा समावेश गर्नका लागि वडा र नगरपालिकाले पहल गर्नेछ । प्राथमिकतामा परेका हरेक क्रियाकलापहरुको विस्तृत कार्यान्वयन योजना र जिम्मेवारी तय गरी सम्बन्धित व्यक्ति, संस्था निकायहरुसँगको समन्वय र सहकार्यमा स्रोत तथा सेवा जुटाई कार्यक्रम कार्यान्वयन गरिनेछ । कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि व्यक्तिगत बानी व्यवहार देखि नै परिवर्तनको खाँचो अपरिहार्य भएकोले सबै नागरिक आ-आफ्नो जिम्मेवारी र भुमिकाको लागि प्रतिवद्ध हुनु जरुरी छ । त्यसैगरी यस कार्ययोजनाको कार्यान्वयनमा नीजि क्षेत्रको भूमिका अहम् हुन सक्छ । यसका लागि वडा तथा नगरपालिकाले सम्बन्धित नीजि क्षेत्र, व्यवसायिक क्षेत्र एवं स्थानीय उद्योग वाणिज्य संघ मार्फत समेत पहल गर्नेछ ।

## अनुसूची १ :  सहभागितात्मक प्रकोप तथा जोखिम नसांकन



## अनुसूची २ : प्रकोप पात्रो

| प्रकोप | | बैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मङ्सिर | पौष | माघ | फाल्गुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **बाढी** | **पहिले** | | + | + | + | + | + | | | | | | |
| | अहिले | | + | + | + | + | + | + | | | | | |
| **चटयाङ** | **पहिले** | | | | | | | | | | | + | + |
| | अहिले | + | + | + | | | | | | | | + | + |
| **आगलागि** | **पहिले** | + | | | | | | | | | | + | + |
| | अहिले | + | | | | | | | | | | + | + |
| **असिना** | **पहिले** | | | | | | | | | | | + | + |
| | अहिले | + | | | | | | | | | | + | + |
| **पहिरो** | **पहिले** | | + | + | + | + | + | | | | | | |
| | अहिले | | + | + | + | + | + | + | | | | | |
| **पशुमा लाग्ने रोग** | **पहिले** | + | + | + | + | + | + | + | + | + | + | + | + |
| | अहिले | + | + | + | + | + | + | + | + | + | + | + | + |
| **वाली रोग** | **पहिले** | | | + | + | | | | | | | | |
| | अहिले | | | | + | + | + | + | + | + | + | + | + |
| **हावाहुरी** | **पहिले** | + | + | | | | | | | | | + | + |
| | अहिले | + | + | | | | | | | | | + | + |
| **महामारी** | **पहिले** | | | | | | | | | | | + | + |
| | अहिले | | + | + | + | + | + | + | | | | | |
| **खडेरी** | **पहिले** | + | + | | | | | | | | | | + |
| | अहिले | + | + | | | | + | + | + | + | + | + | + |

**नोट : भुकम्प जलवायु जन्य प्रकोप नभएता पनि भुकम्पले यस इलाम नगरपालिकामा पुराएको क्षेति बढी छ।**

## अनुसूची ३ : मौसम पात्रो

